




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



बिहीबार, माघ ४ २०७४ | Thursday, January 18, 2018 | www.newsofnepal.com | नेसं ११३८ हिलाथ्व १ | वर्ष २४, अंक ८ | पृष्ठ १२ | मूल्य रू. १०/–


# प्रदेश प्रमुख र अस्थायी राजधानी तोकियो

सुनील महर्जन, काठमाडौं

सरकारले वाम गठबन्धनको सहमतिबिना नै सातवटै प्रदेशको प्रमुखका नियुक्ति गरेको छ।

बुधबार दिउँसो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश प्रमुख नियुक्ति गरेको हो। लामो समयको रस्साकस्सीपछि सरकारले प्रदेश प्रमुख नियुक्ति गरेको हो। प्रत्येक प्रदेशमा सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहनेछन्।

प्रदेश-१ मा गोविन्द सुब्बा, २ मा रत्नेश्वरलाल कायस्थ, ३ मा अनुराधा कोइराला, ४ मा बाबुराम कुँवर, ५ मा उमाकान्त झा, ६ मा दुर्गाकेशर खनाल र ७ मा मोहनराज मल्ललाई प्रदेश प्रमुख नियुक्त गरिएको छ।

वाम गठबन्धनमा रहेका नेकपा एमाले र माओवादी केन्द्रसँग प्रदेश नियुक्तिको विषयमा सहमतिका लागि पटक-पटक प्रयास गरे पनि सफल हुन सकेन। त्यसपछि सरकारले वाम गठबन्धमा सम्मिलित सबैभन्दा ठूलो दल नेकपा एमाले र तेस्रो दल माओवादी केन्द्रलाई बाहिर राखेर प्रदेश प्रमुख नियुक्ति गरेको थियो।

प्रदेश प्रमुख नियुक्तिमा मधेसवादी दलको मात्र सहमति लिइएको छ। प्रदेश नं २ र ५ मा संघीय समाजवादी फोरम तथा राष्ट्रिय जनता पार्टीको सिफारिसमा र ५ जना कांग्रेसको सिफारिसमा प्रदेश प्रमुख नियुक्ति गरिएको हो। २ नम्बर प्रदेशबाहेक वाम गठबन्धनकै नेतृत्वमा प्रादेशिक सरकार बन्ने अवस्था रहेको छ। यस तथ्यलाई बेवास्ता गरेको वाम गठबन्धनको आरोप रहेको छ।

त्यसै गरी सातवटै प्रदेशको अस्थायी मुकाम पनि तोकिएको छ। बैठकले प्रदेश-१ को विराटनगर, २ को जनकपुर, ३ को हेटौंडा, ४ को पोखरा, ५ को रूपन्देही, ६ को सुर्खेत र ७ को कैलालीलाई अस्थायी मुकाम तोकेको छ।

अहिले सरकारले तोकेका प्रदेश राजधानीहरू अस्थायी हुन्। प्रदेशसभाले दुई तिहाइ बहुमतका

- ठाउँ-ठाउँमा विरोध प्रदर्शन
- सत्तारूढ दलभित्रै तीव्र विवाद
- हाम्रो सहमति छैन : वाम गठबन्धन

आधारमा प्रदेश राजधानी रहने स्थान फेर्न सक्नेछ। यसअघि प्रदेश प्रमुख नियुक्ति गर्न भनी बसेको बैठक पटक-पटक स्थगित गरिएको थियो। बुधबार बिहान १० बजे बसेको बैठकमा अस्थायी मुकाम तोक्नेबारे मन्त्रीहरूबीच कुरा नमिलेपछि सरकारले बैठक स्थगित गरी ३ बजेका लागि सारेको थियो। विशेषत: प्रदेश नं ५ को राजधानी दाङ राख्ने वा बुटवलमा राख्ने विषयमा मन्त्रीहरूबीच विवाद भएको थियो। अन्तत: सरकारले बुटवललाई अस्थायी राजधानी बनाउने निर्णय गरेको छ।

(क्रमश: पृष्ठ ९ मा)

## यी हुन् प्रदेश प्रमुख



काठमाडौं, (नेस)

लामो समयको कसरतपछि सरकारले बुधबार सातवटै प्रदेश प्रमुखको नियुक्त गरेको छ। प्रदेश-१ का प्रमुख गोविन्द सुब्बा प्राध्यापक हुनुहुन्छ। २०४९ मा धरानबाट मेयर पदमा कांग्रेसका तर्फबाट प्रत्यासी हुनुहुन्थ्यो। उहाँ पूर्वाञ्चल विश्वविद्यालका सहायक डीनसमेत भइसक्नुभएको छ।

प्रदेश-२ का प्रमुख रत्नेश्वर कायस्थ सरकारका पूर्वसचिव हुनुहुन्छ। उहाँ पहिलो संविधानसभामा समानुपातिक सभासद्समेत हुनुहुन्थ्यो।

प्रदेश-३ अनुराधा कोइराला भारतलगायत अन्य देशका कोठीमा बेचिन बाध्य नेपाली चेलीबेटीको उद्धार तथा पुन:स्थापनामा क्रियाशील संस्था माइती नेपालको संस्थापक अध्यक्ष हुनुहुन्छ।

प्रदेश-४ का बाबुराम कुँवर पूर्वमहान्यायाधिवक्ता हुनुहुन्छ। कांग्रेसनिकट कानुन व्यवसायीको संगठन डेमोक्रेटिक लयर्स एसोसियसनका पूर्वअध्यक्षसमेत रहनुभएका कुँवरलाई २०७० फागुन ५ मा तत्कालीन सुशील कोइराला सरकारले महान्यायाधिवक्ता नियुक्त गरेको थियो।

प्रदेश-५ का उमाकान्त झा खिलराज रेग्मी सरकारमा ऊर्जा, सिँचाइ र विज्ञानमन्त्री हुनुहुन्थ्यो। उहाँले सिँचाइ र उद्योग मन्त्रालयका सचिवबाट अवकाश पाउनुभएको थियो।

प्रदेश-६ का दुर्गाकेशर खनाललाई २०४८ सालमा कांग्रेसले राष्ट्रिय सभामा मनोनित गरेको थियो। प्रदेश-७ का मोहनराज मल्ल राप्रपाका पुराना नेता हुनुहुन्छ। बहुदलपछि पहिलो संविधानसभाको चुनावसम्म उहाँ राप्रपाबाटै चुनाव लडे पनि पछि उहाँ कांग्रेसमा प्रवेश गर्नुभएको थियो।

स्थानीय जनताको एउटै आवाज

# अरू कुरा थाहा छैन रानीपोखरी जोगाउनुस्

काठमाडौं, (नेस)

स्थानीय जनताले रानीपोखरीको अस्तित्व जोगाउन आग्रह गरेका छन्। रानीपोखरी पुनर्निर्माण अध्ययन विशेषज्ञ समितिद्वारा बुधबार आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उनीहरूले यस्तो आग्रह गरेका हुन्। रानीपोखरीलाई प्रताप मल्लको पालाको जस्तै बनाइनुपर्ने उनीहरूको माग छ।

रानीपोखरी बचाउ अभियानका अभियन्ता शैलेश शाक्यले काठमाडौं महानगरपालिकाद्वारा पुनर्निर्माणका लागि ठेक्का दिइँदा त्यहाँको बालुवा र इँटा हराएको र कंक्रिटको मात्रै पर्खाल लगाइएकाले यसको खोजी गर्न माग गर्नुभयो। कामनपाको गल्तीले गर्दा रानीपोखरीको अस्तित्व खतरामा परेको बताउँदै उहाँले भन्नुभयो- 'भूकम्प जाँदा मन्दिर मात्र भत्किएको थियो। अहिले पानीबिनाको रानीपोखरी देखिएको छ। कंक्रिटको वाल लगाउन अनुमति दिने कामनपाका पदाधिकारीलाई समेत कारबाही गर्नुपर्छ।'

अभियन्ताद्वय नरेन्द्रवीर शाक्य र स्थानीय विश्वनाथ श्रेष्ठसहित कार्यक्रममा बोल्ने एक दर्जनभन्दा बढी अभियन्ताले पुरानै संरचनाको रानीपोखरी बनाइनुपर्ने र हराएको पुरातत्त्विक वस्तुको खोजी गरिनुपर्नेमा जोड दिनुभयो।

स्मरणीय छ, रानीपोखरी पुनर्निर्माणमा देखिएको विवाद समाधान गर्न गठित विज्ञको समितिले पनि प्रताप मल्लको पालाको जस्तै रानीपोखरी बनाउन सिफारिस गरेको छ।

यसैबीच सार्वजनिक सुनुवाइमा देखिएका विषयवस्तु समेटेर आगामी आइतबार कामनपालाई प्रतिवेदन बुझाउने तयारी गरेको उक्त समितिका संयोजक एवं पुरातत्त्व विभागका पूर्वमहानिर्देशक विष्णुराज कार्कीले जानकारी दिनुभयो। यसअघि सो समितिले रानीपोखरीको सामग्री उत्खनन गर्नुका साथै हालसम्मको नक्सा सार्वजनिक गरेको थियो।

संयोजक कार्कीले भने पुरानै शैलीमा मन्दिर निर्माण गर्नका लागि हाल राखिएका कंक्रिट हटाउन सिफारिस गरिएको जानकारी दिनुभयो।

समितिको पहिलो सिफारिसमा रानीपोखरीलाई शिखर शैलीमा पुनर्निर्माण गरिनुपर्ने, पुरातात्त्विक विषयको थप अध्ययन गर्न विशेषज्ञ समिति गठन गरिनुपर्ने, पोखरीको पानीको स्थायित्वका लागि पानीविज्ञको समिति गठन गरिनुपर्ने जस्ता विषय समेटिएका छन्।

संयोजक कार्कीका अनुसार सिफारिसमा पोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिरको फाउन्डेसनको अध्ययन गर्न बाँकी रहेकाले त्यसको अध्ययन गरिनुपर्ने र मन्दिर प्रवेश गर्दा बनाइएको पुल भत्काएर पुरानै शैलीमा निर्माण गरिनुपर्ने जस्ता विषय पनि समेटिएका छन्।

तीन चरणमा दिइएको उक्त समितिको सुझाव मल्लकालीन अवस्थामा सोह्रहाते गणेशलगायतका अन्य मन्दिर रानीपोखरी परिसरभित्र परेकाले सबै संरचना पोखरीको परिसरभित्रै पारिनुपर्ने, वरिपरि निर्माण भएका संरचना तत्काल भत्काइनुपर्ने, पोखरीमा पानी जम्मा गर्न विभिन्न स्थानमा निर्माण गरिएका पुराना धाराहरूको उत्खनन गरिर्नुपर्नेलगायत छन्।

काठमाडौं कामपाको स्वामित्वमा रहेको रानीपोखरी ०७२ वैशाख १२ गते गएको भूकम्पका कारण क्षतिग्रस्त भएको थियो।

(क्रमश: पृष्ठ ९ मा)

# 'ग्लोबल वार्मिङ'को असर एथ्लेटिक्समा

काठमाडौं, (एजेन्सी)

विश्वव्यापी तापमानमा आएको नकारात्मक असरको प्रभावबाट खेल क्षेत्र पनि अछुतो रहेको छैन।

ग्लोबल वार्मिङको प्रत्यक्ष असर समाजसँगै खेलकुदमा पनि परेको वैज्ञानिकहरूको लामो अध्ययनले पुष्टि गरेको छ। ग्लोबल वार्मिङका कारण म्याराथनमा छोटो वा लामो दूरीमा अब कुनै नयाँ विश्व कीर्तिमान बन्न नसक्ने वैज्ञानिकहरूले दाबी गरेका छन्। वैज्ञानिकका अनुसार नयाँ कीर्तिमान बन्ने सम्भावना कम हुनुमा ग्लोबल वार्मिङ नै हो।

पृथ्वीको तापमान वृद्धिसँगै खेलाडीको क्षमतामा कमी आउन थालेकाले विश्व रेकर्ड तोड्न नसक्ने पनि वैज्ञानिकहरूले बताएका छन्। सबैभन्दा राम्रो प्रदर्शन गर्ने क्षमता ग्लोबल वार्मिङले गर्दा उच्च बिन्दुमा पुगिसकेको छ। अहिले जति पनि म्याराथन र दौडमा कीर्तिमान राखेका छन्, त्यसलाई शारीरिक क्षमताले तोड्न नसक्ने पनि वैज्ञानिकहरूको एक अनुसन्धानले देखाएको छ। डोपिङ या अन्य प्रविधिको सहयोग भएमा मात्र नयाँ-नयाँ कीर्तिमान बन्दै जाने वैज्ञानिकहरूले निष्कर्ष निकालेका छन्।

वैज्ञानिक र विशेषज्ञहरूले २० वर्षको दौरानमा न्युयोर्क, लन्डन, सिकागो, बोस्टन, बर्लिनमा भएको विश्व एथ्लेटिक्स र ओलम्पिकमा भएको ९ सयभन्दा बढी म्याराथन प्रतियोगिताको समापनका समयमा मापन गरेको समयलाई विश्लेषण गरिएको हो।

(क्रमश: पृष्ठ ९ मा)

# मनाङेबारे फैसला भएको छैन : सर्वोच्च

प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतले मंगलबार राजीव गुरुङ (दीपक मनाङे) को विषयमा कुनै फैसला नभएको बताएको छ। सर्वोच्चको इजलासले मनाङेको विषयमा कुनै निर्णय नगरेको अदालतको वेबसाइटमा उल्लेख छ।

वादी प्रतिवादीका नाममा मनाङेको नाम उल्लेख नभए पनि कतिपय मिडियाले मनाङेलाई सर्वोच्चले ५ वर्ष जेल सजायको फैसला सुनाएको समाचार सम्प्रेषण गरेका थिए। अदालतका सञ्चारविज्ञ किशोर पौडेलले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'मनाङेको विषय सर्वोच्चसँग जोडिए पनि मनाङेलाई नै अदालतले ५ वर्ष जेल सजायको फैसला सुनाएको छैन। तत्कालीन पुनरावेदन अदालतले जेल सजाय सुनाएकाले त्यसैलाई नै स्वीकार्नुपर्ने हुन्छ।'

(क्रमश: पृष्ठ ९ मा)







# महानगर

युरोप यात्रा १४





लक्जम्बर्गको जर्मनी र फ्रान्सको सीमानजिक लेखक ।



श्रीमती राजेश्वरी श्रेष्ठ र पेरिसमा बसोबास गरिरहेकी काकी जगदम्बा अमात्यसँग लक्जम्बर्ग घुम्दै लेखक। काकी अमात्य हालसालै आफ्नो भीमरथारोहणका लागि काठमाडौं आउनुभएको छ।



लक्जम्बर्ग एनआएनको भेलामा सहभागी बेल्जियम एनआरएनका संस्थापक अध्यक्ष रवीन्द्रमान श्रेष्ठ, एनआएनका पूर्वअध्यक्ष जिवा लामिछाने र कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष कैलाश सिरोहियासँग लेखक।

# लक्जम्बर्ग

## संसारको दोस्रो धनी देश

धर्मनिरपेक्ष लक्जम्बर्ग संयुक्त राष्ट्रसंघ, नेटो र ईयूको पनि संस्थापक देश हो। संवैधानिक राजतन्त्रात्मक यो मुलुकका प्रधानमन्त्री जेभियर बेटेलले पुरूषसँगै विवाह गरेको सुन्दा हामीलाई आश्चर्य लाग्न सक्छ। तर, यस देशका प्रधानमन्त्री बेटेल पुरूषसँगै विवाह गर्ने युरोपकै पहिलो नेता हुन्। जम्माजम्मी ८ सय मात्र सैनिक भएकाले पनि यो मुलुक कति शान्त रहेछ भनी अनुमान लगाउन सकिन्छ।

पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com

नेपालजस्तै भूपरिवेष्ठित मध्ययुरोपको लक्जमबर्ग संसारकै दोस्रो धनी देश रहेको कुरा त्यहीं पुगेपछि थाहा पाइयो। नेपालभन्दा ५० गुणा सानो जर्मनी, फ्रान्स र बेल्जियमले घेरिएको यो मुलुकको क्षेत्रफल जम्मा २ हजार ५ सय ८६ वर्गकिलोमिटर रहेछ। यस देशका जनताको सम्पन्नता चकित हुने खालकै छ। साधारण काम गर्ने मानिसहरूले समेत यहाँ मासिक सरदर ६ लाख रुपियाँ नेपालीबराबर कमाउँदा रहेछन्। यहाँका मानिसहरूको सरदर आम्दानी १ लाख ७ हजार ७ सय ३६ अमेरिकी डलर भएको सुन्दा त मुर्छा नै पर्लाजस्तो भएको थियो। कतारपछि यो संसारकै दोस्रो धनी मुलुक रहेछ।

यति सानो मुलुक यसरी समृद्ध हुनुको सबैभन्दा पहिलो कारण त शान्ति नै रहेछ। युरोपकै अति शान्त र सुरक्षित भएका कारण अहिले संसारकै सबैभन्दा धनी मान्छे जेफ बेजोसको कम्पनी एमाजोन डटकम कम्पनीको मुख्यालय नै लक्जम्बर्गमा राखिएको रहेछ। त्यसै गरी सुरक्षित रहेकै कारण संसारका प्राय: सबै धनाढ्यका पैसा पनि लक्जम्बर्गका बैंकमा ल्याएर जम्मा गर्ने रहेछन्। त्यही कारण यति सानो मुलुक भएर पनि यहाँ १ सय ५० वटाभन्दा बढी बैंक रहेछन्। काठमाडौंमा हिँड्दा जताततै सहकारीहरू देखेजस्तै यहाँ पनि जता हेर्‍यो उत्तै बैंक देखिन्छन्।

यो देश सम्पन्न हुनुको अर्को कारण यसले जर्मनी, फ्रान्स र बेल्जियमजस्ता आफ्ना ३ वटै धनी छिमेकी मुलुक पाउनु पनि हो। यो मुलुकलाई धनी बनाउन आधाभन्दा बढी त यी छिमेकी मुलुकका मानिसले नै यहाँ आएर काम गरिदिँदा रहेछन्। जम्मा ६ लाख जनसंख्या भएको लक्जमबर्गमा हरेक दिन फ्रान्सबाट ७८ हजार ५ सय, बेल्जियमबाट ३९ हजार ४ सय र जर्मनीबाट ३९ हजार १ सय मानिसले काम गर्न आउने कुरा थाहा पाउँदा तीनछक परियो। राजनीतिक स्थिरता, मुलुकमा शान्ति र असल छिमेकी पाइयो भने मुलुक कहाँबाट कहाँ पुग्दो रहेछ। यी कुराको सन्तुलन गर्न सकिएको हुनाले नै लक्जमबर्ग संसारकै एउटा उदाहरणीय देश बनेको छ। अहिले युरोप र अमेरिकाभन्दा तीव्र गतिमा आर्थिक सफलता हासिल गरिरहेको चीन र भारतको छिमेकी हुने सौभाग्य प्राप्त नेपालमा पनि राजनीतिक स्थिरतासहित शान्ति कायम हुने हो भने दुई छिमेकी मुलुकहरूबाट उछिट्टिएर आएको विकासले मात्र पनि नेपाल लक्जम्बर्गजस्तो धनी मुलुक नहोला भन्न सकिँदैन।

नेपालको भूभाग ८३ प्रतिशत पहाडले समेटिएको भनेजस्तै लक्जम्बर्गको भूभाग पनि ४ भागमा ३ भाग त जंगलले नै ढाकेको छ। तैपनि यहाँका फराकिला सडक, हरियाली, सुन्दर बगैंचाहरू, विशाल भवन, पुराना चर्चहरू, दरबार, यातायातको सुविधा र सरसफाई आदि हेर्दा कुनै पनि ठूला युरोपेली मुलुकभन्दा लक्जम्बर्ग कम देखिँदैन। सायद सानो मुलुक भएर होला, यहाँ अन्य युरोपेली मुलुकमा जस्तो ट्राम चलेको देखिनँ। तर, यहाँका मानिसहरू अर्को वर्ष सन् २०१९ सम्म ट्राम पनि चल्ने कुरा गर्छन्। सबै जनता धनी भएर त होइन होला, सायद ट्रामको सुविधा नभएका कारण यहाँ हजार जना व्यक्तिमा ६ सय ८० जना आफ्नै निजी गाडीमा सफर गर्छन्। बुलेट ट्रेन चढेर यहाँबाट सीधै पेरिस पनि जान सकिन्छ।

धर्मनिरपेक्ष लक्जम्बर्ग संयुक्त राष्ट्र संघ, नेटो र ईयुको पनि संस्थापक देश हो। संवैधानिक राजतन्त्रात्मक यो मुलुकका प्रधानमन्त्री जेभियर बेटेलले पुरुषसँगै विवाह गरेको सुन्दा हामीलाई आश्चर्य लाग्न सक्छ। तर यस देशका प्रधानमन्त्री बेटेल पुरुषसँगै विवाह गर्ने युरोपकै पहिलो नेता हुन्। जम्माजम्मी ८ सय मात्र सैनिक भएकाले पनि यो मुलुक कति शान्त रहेछ भनी अनुमान लगाउन सकिन्छ।

दुई दिनभित्र घुम्न सकिने धेरै सानो र युरोपको मध्यभागमा रहेकाले युरोपको जुनसुकै देशबाट सहजरूपमा पुग्न सकिने हुँदा एकचोटि यहाँ पुग्दा हुन्छ भन्ने यस लेखकको सुझाव छ। संसारकै सबैभन्दा बढी वाइन खपत हुने लक्जम्बर्ग सन् १९६० सम्म स्टिल उत्पादनमा युरोपकै पहिलो श्रेणीमा आउँथ्यो। स्टिल व्यापारमा अरू देशहरूसँग प्रतिस्पर्धा बढेपछि भने लक्जम्बर्गले आफ्नो व्यवसायलाई केमिकल र फलाम उत्पादनमा प्राथमिकता दिन थालेको छ। बैंकिङ र फाइनान्समा त लक्जम्बर्ग सानो मुलुक भएर पनि स्वीजरल्यान्डसँग टक्कर लिन सक्ने हैसियतमा पुगिसकेको रहेछ। खोई किन हो लक्जम्बर्गमा खेलकुदलाई भने त्यति महत्त्व दिइएको रहेनछ। त्यसैले लक्जम्बर्गको कुनै राष्ट्रिय खेल नै छैन।

इन्टरनेट व्यवसाय गर्नेहरूका लागि यो देशमा धेरै सुविधा भएकाले गर्दा यहाँ एमेजोन मात्र हैन स्काइपसहित नाम चलेका संसारका थुप्रै इन्टरनेट कम्पनी आएर काम गरिरहेका छन्। हुन त सानो देश भएकोले एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थल भए पनि सडकमार्गको सुविधा भएकाले गर्दा यहाँ पनि थुप्रै पर्यटक ओइरिने गरेका छन्। लक्जम्बर्गमा विश्वविद्यालय पनि एउटा मात्र रहेछ। भियानदेन क्यासल, ग्रान्ड डकाल प्यालेस, नोत्रे डेम क्याथाड्रल, गेले फ्राजस्ता ऐतिहासिक, सांस्कृतिक र कलात्मक संरचनाहरू यहाँ पुगेपछि हेर्न छुटाउनै नहुने ठाउँहरू हुन्। दोस्रो विश्वयुद्धपछि तहसनहस भएको युरोपको आर्थिक स्थिति सुधार गर्न लक्जम्बर्गले बेल्जियम र नेदरल्यान्डसँग मिलेर बनाएको संगठन बेनेलक्सको सम्झौता गरेको ठाउँ पनि ऐतिहासिक भन्दै धेरै पर्यटक पुग्ने गरेका रहेछन्। लक्जम्बर्ग घुम्नका लागि अप्रिल र अगस्ट मौसमको हिसाबले सबैभन्दा उपयुक्त समय हो।

दोस्रो विश्वयुद्धले ध्वस्त भएको युरोपको अर्थतन्त्रबाट चिन्तित भएर बेल्जियम र नेदरल्यान्डसँग मिलेर बनाएको बेनेलक्सले पनि लक्जम्बर्गलाई आर्थिकरूपमा माथि उठाउन धेरै काम गरेको देखिन्छ। बेलायतको राजधानी लन्डनमा सेप्टेम्बर १९४४ मा ३ देशका प्रमुख नेता बसेर बनाएको यो संगठनले ३ देशबीच हुने व्यापारमा भन्सार सहुलियत दिने, आयात-निर्यातमा सीमा नतोक्ने र व्यापारमा सहजीकरण गर्ने मुख्य उद्देश्यले त्यस बेला बनाएको बेनेलक्सको अवधारणाबाटै अहिलेको युरोपियन युनियन बनेको हो भन्दा केही फरक पर्दैन। यसैलाई हेरेर जर्मनी, इटाली, फ्रान्सजस्ता युरोपेली मुलुकहरू मिलेर बनेको युरोपियन इकोनोमिक कम्युनिटी नै पछि गएर युरोपियन युनियन बनेको हो।

अंग्रेजी भाषामा बेनेलक्स भनिने यो संस्थाको नाम बेल्जियम देशको अगाडिको दुई अक्षर बे नेदरल्यान्डको अगाडिको २ अक्षर ने र लक्जम्बर्ग देशको अगाडिको ३ अक्षर लक्स झिकेर राखिएको हो। सन् २०४८ बाट औपचारिकरूपमा काम शुरू गरिएको बेनेलक्सले सन् १९५५ मा आफ्नो छुट्टै संसद् बनाएको थियो। यो संसद्मा बेल्जियम संसद्बाट २१, नेदरल्यान्ड संसद्बाट २१ र लक्जम्बर्ग संसद्बाट ७ जना सांसदले प्रतिनिधित्व गर्छन्। यसको मुख्यालय बेल्जियमको राजधानी ब्रसेल्समा राखिएको छ।

लक्जम्बर्ग सानो भएर पनि कति शक्तिशाली मुलुक रहेछ भन्ने कुरा यहाँको पासपोर्ट भिरेपछि १ सय ७९ भन्दा बढी देशमा सजिलैसँग अध्यागमन पुग्नेबित्तिकै भिसा पाउन सकिने कुराबाट पनि थाहा पाउन सकिन्छ। तुलनात्मकरूपमा युरोपका अन्य मुलुकमा भन्दा यहाँ खानेकुराहरू त्यति महँगो पनि लागेन। बस्नलाई भने निकै गाह्रो रहेछ। शुरूमै होटलहरू बुक गरेर गइएन भने होटल पाउनै मुस्किल हुने। नेपालीहरूले पनि धेरै ठाउँमा रेस्टुरेन्ट खोलिसकेकाले लक्जम्बर्ग पुगेर पनि मज्जाले नेपाली स्वादको दाल, भात, तरकारी खान पाइन्छ।

'जहाँ न पहुँचे कवि वहाँ पहुँचे रवि' भनेजस्तै यति सानो मुलुकमा पनि ४ हजार नेपाली पुगिसकेका रहेछन्। यसपटकको युरोप यात्रामा लक्जम्बर्गलाई समावेश गरिए तापनि प्राथमिकतामा भने राखेको थिइनँ। तर बेल्जियमका गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष रवीन्द्रमान श्रेष्ठले २५ जुन २०१७ मा लक्जम्बर्गको गैरआवासीय नेपाली संघको चौथो राष्ट्रिय समन्वय परिषद् हुँदै छ भन्दै ब्रसेल्सबाट उहाँकै गाडीमा लिएर गएपछि हामी त झन् लक्जम्बर्गमा सजिलैसँग पुग्यौं। यही सम्मेलनमा पुगेपछि यहाँ भेला भएका नेपालीहरूबाटै लक्जम्बर्गमा ४ हजार नेपाली बस्छन् भन्ने कुरा थाहा पाइएको हो। यो सम्मेलनमा एनआरएनका पूर्वअध्यक्ष जीबा लामिछाने प्रमुख अतिथि बनेर आउनुभएकाले एकछिन उहाँसँग पनि रमाइलो भेटघाट गर्न पाइएको थियो भने सम्मेलनमा सहयोगी कान्तिपुर प्रकाशनका अध्यक्ष तथा नेपाल मिडिया सोसाइटीका निवर्तमान अध्यक्ष कैलाश सिरोहियासँग भएको आश्चर्यजनक भेटघाट लक्जमबर्ग भ्रमणको अर्को रमाइलो क्षण बन्न पुगेको थियो।




# सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४

## मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधा: सर्वोत्कृष्ट चलचित्र**

छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधा: सर्वोत्कृष्ट निर्देशक**

सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

**विधा: सर्वोत्कृष्ट अभिनेता**

दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

**विधा: सर्वोत्कृष्ट अभिनेत्री**

प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

**विधा: सर्वोत्कृष्ट खलपात्र**

ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

**विधा: सर्वोत्कृष्ट हास्य कलाकार**

केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधा: सर्वोत्कृष्ट संगीतकार**

ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधा: सर्वोत्कृष्ट पार्श्व गायक**

ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधा: सर्वोत्कृष्ट पार्श्व गायिका**

जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधा: लक्स पपुलर च्वाइस अवार्ड**

वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# GAJABKO.COM

## 'MAGHI' OFFERS FOR YOU



BIKE / CAR WASHER
50 - 75 FEET PIPE
Rs. 999



BALTRA FAN HEATER
Rs. 1,650



PIGEON MIXER GRINDER
3 JARS 550 WATTS
Rs. 3,000



BALTRA ELECTRIC AIRPOT 5 Ltr
Rs. 4,500



STEEL SPIN MOP
Rs. 1,999



BALTRA QUARTZ HEATER
Rs. 1,175



BALTRA FAN HEATER
Rs. 1,850



KN95 MASK
Rs. 1100



BLACK & DECKER HUMIDIFIER
Rs. 6,690



12 HOURS HOT
BALTRA COLA BOTTLE (1LTR)
Rs. 1,300

www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
9840171355

gajabko.com
soon to be Nepal's largest online store.

# विचार

लेखकहरू हो ! आफ्नो शक्तिअनुरुप विषयको छनोट गर, तिम्रो काँधले बोक्न सक्ने र नसक्ने विचारहरूमाथि गम्भीरतापूर्वक विचार गर।

–होटेस

प्रविधिपूर्ण कला जुन मनोरञ्जक हुनुको साथै मानव मात्रको हितको सोचको अनुभूतिस्वरुप शब्दमा व्यक्तिएर आएको हुन्छ – साहित्य।

–माधवलाल कर्माचार्य

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# उपभोक्ता ठगी गर्नेलाई कारबाही गर

चौधरी ग्रुपको लगानी रहेको अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले महँगो शुल्कमा सवारीसाधन बिक्री गरेर उपभोक्ता ठगी गरेको प्रमाणसहित उजुरी गर्दा पनि प्रहरीले सञ्चालकलाई पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको छैन । प्रहरी प्रशासन मात्र हैन, उच्चस्तरीय राजनीतिक पहुँच भएको यो ग्रुप ठूलो व्यापारीको रुपमा परिचित छ । अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले ग्राहकलाई सम्पूर्ण करसहित ९ लाख ९६ हजार रुपियाँमा आउने गाडीलाई विभिन्न शीर्षकमा गैरकानुनी कर जोडेर १५ लाख ३२ हजार रुपियाँमा बिक्री गरेको प्रमाणसहित आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले दुई साताअघि नै महानगरीय प्रहरी परिसर, ललितपुरलाई उपभोक्ता ठगेको प्रमाणसहित कारबाही गर्न पत्राचार गरेको थियो ।

सुजुकी कम्पनीको नेपालका लागि आधिकारिक विक्रेता अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले १ हजार ३ सय वटा गाडी बिक्री गर्दा ४३ करोड रुपियाँभन्दा बढी रकम उपभोक्ताबाट ठगेको भन्दै आपूर्ति विभागले प्रहरीलाई प्रमाण पेस गरेको छ । अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले प्रतिगाडी विज्ञापन खर्चबापत ९६ हजार र कर्मचारीलाई तलबलगायत प्रशासनिक खर्चबापत ३६ हजार रुपियाँ उपभोक्तालाई नै तिर्न लगाएर ठगी गरेको पनि पाइएको छ । यो कम्पनीले बैंकको ब्याज भन्दै उपभोक्तालाई प्रतिगाडी २७ हजार ५ सय रुपियाँ तिर्न लगाएको छ । साथै गाडी बिक्री हुनुअघि सोरुममा पार्किङ गरेको शुल्क भन्दै २० हजार रुपियाँ उपभोक्तासँग लिएको देखिएको छ ।

कानुनमा कालोबजारी तथा अन्य अपराध तथा सजायँ ऐन २०३२ अनुसार अतिरिक्त २० प्रतिशतसम्म रकम जोडेर वस्तु बिक्री गर्दा कालोबजारी गरेको ठहरिनेछ । ऐनअन्तर्गत मालवस्तुको उत्पादक, आयातकर्ता वा वितरकले निर्धारित मोलभन्दा बढी मोल लिई कसैले कुनै माल वस्तु बिक्री गर्न पाइँदैन । यस्तो कार्य गरेमा मालसामान लिएको मोल फिर्ता गराई सो माल वस्तु जफतसहित यस्तो काम गर्नेलाई १० वर्षसम्म कैद हुने व्यवस्था छ । प्रहरी, प्रशासन र राजनीतिक पहुँचको आधारमा ठूला व्यापारिक समूह तथा कम्पनीले बारम्बार उपभोक्ताबाट करोडौं रुपियाँ ठगी गरेको प्रमाणसहित कारबाही प्रक्रिया अघि बढाउन आग्रह गर्दा पनि ढिलासुस्ती हुनुले प्रहरी प्रशासनमाथि पनि प्रश्न उब्जिएको छ । उपभोक्ता ठगी गर्ने जोसुकैलाई पनि यथाशीघ्र कानुनी कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकायको ध्यान जाओस् ।

# एकताको जग : जनताको बहुदलीय जनवाद



चिरञ्जीवी मास्के

जनताको बहुदलीय जनवाद के हो ? विचार हो कि, कार्यक्रम हो कि, कार्यदिशा हो ? यसको स्पष्टीकरण एमालेका नेताहरूले दिन सक्छन्। किनभने नेकपा एमालेको मार्गनिर्देशक सिद्धान्त जनताको बहुदलीय जनवाद हो। जसको जगमा एमालेले अहिलेको सफलता प्राप्त गर्न सकेको छ। तर विडम्बना, जति बेला जनताको बहुदलीय जनवाद कार्यान्वयनको दिशामा अगाडि बढ्दै थियो एमाले नेताहरूबाटै यसमाथि प्रहार शुरू भएको छ।

जनताको बहुदलीय जनवाद २१ औं शताब्दीको नयाँ कम्युनिस्ट विचार हो। माओ, लेनिन या अरू कम्युनिस्ट विचारकको फुर्को नझुन्ड्याई कम्युनिस्ट विचार बन्न सक्दैन भन्ने भ्रम रहेको बेलामा उदाएको जनताको बहुदलीय जनवादले नेपालमा प्रजातान्त्रिक कम्युनिस्ट पार्टीको उदय मात्र गराएन नेपाली कांग्रेसको विकल्पमा एउटा सशक्त राजनीतिक शक्ति देखा पर्‍यो। र, यो विचारले गैर कम्युनिस्टहरूलाई पनि कम्युनिस्ट बन्न प्रेरित गर्‍यो। किनभने जनताको बहुदलीय जनवादले राज्यसत्ता बन्दुकको नाल (बुलेट)बाट मात्र सम्भव छ भन्ने परम्परावादी कम्युनिस्ट सोचलाई पूर्णत: गलत साबित गर्दै ब्यालेटबाट पनि राज्यसत्ता कब्जा गर्न सकिन्छ भन्ने मान्यता स्थापित मात्र गरेन त्यसलाई प्रमाणितसमेत गर्‍यो २०५१ सालमा बहुमत प्राप्त गरी सरकार चलाएर। अनि कम्युनिस्ट पार्टी भनेको निरंकुश हुन्छ, यसले प्रतिस्प्रर्धामा विश्वास गर्दैन, प्रजातन्त्रमा विश्वास गर्दैन भन्ने भ्रमलाई समेत चिर्दै नेतृत्व चयनमा आफूलाई अब्बल प्रजातन्त्रवादी ठान्ने नेपाली कांग्रेसमा भन्दा बढी प्रजातान्त्रिक परिपाटी शुरू गरेर एमाले र एमालेको मार्गनिर्देशक सिद्धान्त जनताको बहुदलीय जनवादले जनमानसमा सकारात्मक छाप छोड्न सक्यो।

> एमाले र माओवादी केन्द्रबीच पार्टी एकता हुँदै छ। यो अहिलेको आवश्यकता र जनताको चाहना हो। तर एकताको नाममा आफ्नो पृष्ठभूमि र संकल्पलाई परित्याग गर्न मिल्दैन। पार्टी एकताको जग जनताको बहुदलीय जनवाद बन्नुपर्छ, जसले नेताहरूको व्यवस्थापन र नेतृत्वको समस्यालाई समेत सहज ढंगले समाधान गर्नेछ।

यसरी समयानुकूल परिवर्तन हुनुपर्छ भन्ने मूल मान्यता बोकेको जनताको बहुदलीय जनवादलाई अहिलेको परिवेशमा असान्दर्भिक ठान्ने एमालेका बौद्धिक नेताहरूलाई यो सन्दर्भमा कसरी प्रस्तुत गर्ने भन्ने कुरा बहसको विषय बनाउनुपर्ने देखिन्छ। जनताको बहुदलीय जनवादको मूल भावना भनेको मार्क्सवादको विज्ञानवादी (परिवर्तनकारी) सिद्धान्तको आधारमा प्रजातान्त्रिक तवरले जनताको मतद्वारा निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा मुलुकको विकास र समृद्धि अगाडि बढाउने र त्यसैको आधारमा जनतालाई सम्पन्न बनाउने नै हो। एमालेले जनताको बहुदलीय जनवादको सिद्धान्तकै आधारमा आफुलाई देशको पहिलो पार्टीको रुपमा स्थापित गर्न सकेको छ। बन्दुकको नालबाट मात्र सत्ताकब्जा र परिवर्तन सम्भव छ भन्ने माओवादी सिद्धान्त बोकेको माओवादी केन्द्रलाई कम्युनिस्ट प्रजातन्त्र (नेपाली कांग्रेसले आफूलाई अब्बल प्रजातन्त्रवादी भने पनि त्यसले पुँजीवादीहरूको मात्र संरक्षण र पक्षपोषण गरेको र सर्वसाधारण जनताको पक्षमा प्रजातन्त्र पुर्‍याउने काम कम्युनिस्ट पार्टीले मात्र गर्ने भएकोले यहाँ कम्युनिस्ट प्रजातन्त्र भनिएको हो) को धारमा ल्याएर वाम गठबन्धन निर्माण गर्दै झन्डै दुई तिहाइ मतसहितको जीत हात पार्न सकेको छ। अब यो जीतसँगै सत्ताको माध्यमबाट मुलुकको विकास र समृद्धि अनि जनतालाई सम्पन्न बनाउने कार्यक्रम ल्याउने बेलामा चाहिँ अर्को मार्गनिर्देशक सिद्धान्त अवलम्बन गर्न खोज्नु भनेको 'फसल लगाउने किसान, त्यसको उपभोग गर्ने पुँजीपतिहरू' भनेजस्तै हो। र, अहिलेको सन्दर्भमा जनताको बहुदलीय जनवादलाई प्रतिस्थापन गर्दै नयाँ विचारलाई स्थापित गर्न खोज्ने जो-कोही बौद्धिक दरिद्रहरू पुँजीपतिको संरक्षकभन्दा बढी केही हुन सक्दैनन्।

जनताको बहुदलीय जनवादको जगमा एमालेले अहिलेको सफलता प्राप्त गर्न सक्यो, माओवादी केन्द्रसँग पनि जनताको बहुदलीय जनवादको जगमै चुनावी गठबन्धन बन्न सक्यो र जनताको बहुदलीय जनवादकै जगमा माओवादी केन्द्रसँग एकता सम्भव हुन्छ र एकतापछि विकास र समृद्धिको अभियान पनि जनताको बहुदलीय जनवादकै जगमा अगाडि बढ्न सक्छ। त्यसैले माओवादी केन्द्रसँगको एकता, सरकार सञ्चालन तथा विकास र समृद्धिको लागि अब अर्को नयाँ विचार खोजिरहनु जरुरी छैन।

तत्कालीन नेकपा मालेले मार्क्सवादको विज्ञान र लेनिनवादको संगठन परिचालनको तौरतरिका सिक्दै नेकपा मार्क्सवादीसँग एकता गरी जनताको बहुदलीय जनवादको सिद्धान्तलाई मार्गनिर्देशक सिद्धान्तको रुपमा अङ्गीकार गरी अगाडि बढ्यो। अहिलेको सामाजिक तथा भौतिक परिवेश र आर्थिक परिस्थितिलाई हेर्दा कम्युनिस्ट पार्टीहरू न त माओत्सेतुङ विचार धारामा फर्कन सक्ने अवस्था छ, न जनताको बहुदलीय जनवादभन्दा अगाडि बढेर पुँजीवादी सिद्धान्तलाई अङ्गीकार गर्ने अवस्था नै छ। त्यसैले अहिलेको अवस्थामा माओवादी केन्द्रको माओवाद र एमालेको जनताको बहुदलीय जनवाद छोडेर अर्को विचारलाई अवलम्बन गर्ने कुनै ठाँउ र सम्भावना छैन। यो कुरा कमसे कम एमालेका सैद्धान्तिक नेताहरूले बुझ्नुपर्छ।

जहाँसम्म माओवादी केन्द्रले अङ्गीकार गरेको माओवादको प्रश्न छ, त्यसलाई माओवादी केन्द्रले २०६४ सालबाटै छोडिसकेको छ। किनभने माओवादीले पनि २०६४ सालमा राज्यसत्ता बन्दुकको नाल (बुलेट)बाट हैन ब्यालेटबाट पनि सम्भव छ भनेर निर्वाचनमा भाग लिएको हो र त्यसलाई प्रमाणित गर्दै पहिलो पार्टी बनेको सर्वविदितै छ। त्यसैले माओवादी केन्द्रसँग एमालेको पार्टी एकताको आधार भनेकै जनताको बहुदलीय जनवाद हो। माओवादी केन्द्रले २०६४ सालमा ब्यालेटबाट राज्यसत्ता कब्जा गर्न सकिने कुरालाई झन्डै-झन्डै प्रमाणित गर्ने अवस्थामा पुगेर २०७० सालमा फेरि आफ्नो विचारलाई द्वैधढङ्गले व्याख्या र विश्लेषण गरेकै कारण हार व्यहोरेको कुरालाई आत्मसात् गरेको छ जस्तो लाग्छ। र, २०७४ सालसम्म आइपुग्दा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहालले जनताको बहुदलीय जनवादलाई स्वीकार गरेरै वाम गठबन्धन बनाएका हुन भन्ने यथार्थतालाई पनि एमालेका बौद्धिक नेताहरूले भुल्नुहुँदैन।

एमाले र माओवादी केन्द्रबीच पार्टी एकता हुने बेलामा विभिन्न बहस र विवाद हुन्छ, त्यो स्वाभाविक पनि हो। तर दुवै पार्टीका बौद्धिक नेताहरूले जनताको बहुदलीय जनवादभन्दा उत्कृष्ट र अहिलेको सन्दर्भमा उपयुक्त कुनै अर्को विचार दिन सक्छन् भन्ने कुरामा एमालेका आमकार्यकर्ताले विश्वास गर्न सक्दैनन्। र, जनताको बहुदलीय जनवादभन्दा अर्को विचारको बारेमा सोच्न पनि सक्दैनन्। बरु जनताको बहुदलीय जनवादलाई एमाले र माओवादी केन्द्रको एकतापछिको एकीकृत पार्टीले मार्गनिर्देशक सिद्धान्तको रुपमा आत्मसात् गर्दै कार्यनीतिक हिसाबले विकासवादी सिद्धान्तलाई अवलम्बन गरेर मुलुकलाई विकास र समृद्धिको पथमा अगाडि बढाउन सकिन्छ, अगाडि बढाउनुपर्छ। जसले भारत र चीनसँग रेलमार्ग जोड्ने कार्ययोजनालाई कार्यान्वयन गर्नुपर्छ, चीनसँग भएको बन्दरगाह प्रयोगको सम्झौतालाई कार्यान्वयन गर्दै व्यवसायलाई मुलुकभरि विस्तार गर्नुपर्छ। देशको जलस्रोतको विकास र प्रयोग तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विद्युत् बिक्रीको अवस्था निर्माण गर्नुपर्छ। पर्यटन विकासको मार्गचित्र तयार गर्दै देशका पर्यटकीय क्षेत्रको पहिचान, विकास र सुरक्षामा ध्यान दिनुपर्छ। कृषिक्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै अन्य मुलुकमा कृषि उत्पादन निर्यात गर्ने प्रयत्न हुनुपर्छ र कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउनुपर्छ।

छिमेकी मुलुक चीनले पनि आफ्नो मार्गनिर्देशक सिद्धान्त परिवर्तन गर्दै सी जिन पिङको नीतिलाई अवलम्बन गरेको दृष्टान्त हामीमाझ ताजै छ। भारतले माओको विचारलाई मान्यता नदिएको र प्रजातान्त्रिक विचारधारालाई सहयोग गरेको कुरा पनि जगजाहेर नै छ। त्यसैले छिमेकी सम्बन्ध र अन्तर्राष्ट्रिय परिवेशको आँकलन गर्दा पनि अहिलेको सन्दर्भमा जनताको बहुदलीय जनवाद नै सबैभन्दा उत्कृष्ट विचार हुनसक्छ भन्नेमा एमाले र माओवादी केन्द्रका नेताहरूले भ्रम पालिराख्नुपर्ने जरुरी देखिँदैन। किनभने तत्काललाई मुलुकको विकास र समृद्धिको लागि नेपाल र नेपालीको श्रम, शक्ति र सम्पत्ति पर्याप्त छैन। चाहे अनुदान सहयोगको रुपमा होस्, चाहे ऋण सहयोगको रुपमा होस् वा अन्तर्राष्ट्रिय लगानीलाई आकर्षित गरेर उद्योगधन्दा सञ्चालन गर्ने कुरा नै किन नहोस्, हामीलाई छिमेकी मुलुक चीन र भारतको सहयोग आवश्यक हुन्छ। जसको लागि सरकारको अन्तर्राष्ट्रिय नीतिसँगै सरकार सञ्चालक राजनीतिक दलको मार्गनिर्देशक सिद्धान्तले पनि अहं भूमिका खेल्छ।

अन्त्यमा, नेपालमा वामपन्थीले सरकार सञ्चालन गर्ने अवस्था बनेको र एमाले मुलुकको पहिलो राजनीतिक पार्टी भएको परिवेश जनताको बहुदलीय जनवादको सिद्धान्तले नै निर्माण गरिदिएको हो। एमालेको अहिलेको संकल्प मुलुकको विकास र समृद्धिलाई पनि जनताको बहुदलीय जनवादले नै पार लगाउन सक्छ भन्ने सत्यलाई सबैले आत्मसात् गर्नुपर्छ। एमाले र माओवादी केन्द्रबीच पार्टी एकता हुँदै छ। यो अहिलेको आवश्यकता र जनताको चाहना हो। तर एकताको नाममा आफ्नो पृष्ठभूमि र संकल्पलाई परित्याग गर्न मिल्दैन। पार्टी एकताको जग जनताको बहुदलीय जनवाद बन्नुपर्छ, जसले नेताहरूको व्यवस्थापन र नेतृत्वको समस्यालाई समेत सहज ढंगले समाधान गर्नेछ। एकीकरणको सन्दर्भमा नेताहरूको व्यवस्थापन र नेतृत्वको सवाललाई प्रमुखता दिने तर नीतिको विषयमा बहस नगर्ने हो भने त्यसले नेता, नेतृत्व र नेसनल (राष्ट्र) को समुचित विकासलाई समेत गम्भीर तथा दीर्घकालीन असर गर्नेछ। विचार गरियोस्।

## पाठक पत्र

### कृषिप्रधान देशमा वैज्ञानिक खेती आवश्यक

नेपाल कृषिप्रधान मुलुक हो। नेपालमा ६५ प्रतिशतभन्दा धेरै जनसंख्या कृषिमा आश्रित छ। परम्परागत कृषि प्रणालीका कारण नेपालको कृषि क्षेत्र सोचेजस्तो प्रगतिको बाटोमा लम्किन सकिरहेको छैन। तराई क्षेत्रका यदाकदा स्थानमा खनजोतका लागि ट्याक्टर र सिँचाइका लागि जेनेरेटरको प्रयोग गर्न शुरू गरे पनि व्यावसायिकरुपमा कृषिमा लाग्नेको संख्या अहिले पनि नगन्य मात्रामा छ। कृषिप्रधान देशको रुपमा चिनिदै आएको नेपालमा कृषकहरूले अहिले पनि चाहिए जति प्रविधिको अनुभव गर्न पाएका छैनन्।

अन्नभण्डारको रुपमा चिनिने तराईले नेपाललाई पाल्न सकिरहेको अवस्था छैन। तराईमा उब्जिएका सीमित खाद्यान्नले नेपालीहरूलाई पाल्न नसक्नुमा अहिलेको परम्परागत खेतीसँगै उब्जाउ जमिन मासिनु र खण्डहर बन्दै जानु पनि कारण बनेको छ। हावापानी र प्रकृतिले काखी च्यापेको नेपाल र नेपालीहरू आयातीत खाद्यान्नबाट नै पेट भर्न बाध्य भइरहेका छन्। बारी र खेतका गरामा नङ्ग्रा खियाउनुभन्दा त्यही खेत बेचेर खाडीमा पसिना बगाउनुलाई भाग्य सम्झिने नेपाली युवालाई नेपाल सरकारले व्यावसायिकरुपमा स्वरोजगार बनाउन सकेमा नेपालले समृद्धिको खाका कोर्नेछ। नेपालमा कृषिलाई व्यवसाय नै नमानिने प्रवृत्तिले नेपाली युवालाई कृषि क्षेत्रले आकर्षित गर्न सकेको छैन। कृषिबाट आम्दानी हुने कुरा कसैले पत्याउँदैन। कृषिमा लगानी गर्नुलाई पैसा खेर गएको ठानिन्छ। कृषि व्यवसायमा लागेको मानिसलाई बेरोजगारसरह ठानिन्छ। यो सबै व्यावसायिकरुपमा कृषि क्षेत्रमा लाग्न नसक्नु पनि एउटा कारक बन्न सक्छ तर सरकारले नीतिगतरुपमै कृषिलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ।

नेपाल सरकारले नै कृषिमा त्यति महत्व नदिएको कृषि मन्त्रालयका अधिकारीहरू नै स्वीकार्छन्। आर्थिक समृद्धिका नारा जतातते गुञ्जिदा अधिकांश जनता कृषमा आश्रित रहेको अवस्थामा कृषिको व्यवसायीकरण र कृषकको सीप विकासका काममा खासै ध्यान नदिएको अवस्था छ। सरकारले बजेटमै कृषकलाई हेला गरेको छ। समूहगतरुपमा भाडामा जग्गा लिएर पनि माटो अनूकुलका फलफूल तरकारी तथा अन्नपातहरू उब्जाइरहेका युवालाई सरकारले प्रोत्साहनका कार्यक्रम ल्याउन जरुरी छ। विदेशबाट कृषिसम्बन्धी बटुलेको अनुभव संगालेर केही युवाहरू अहिले नेपालमा नै कृषि फार्म खोलेर सबै सामु लाखौं कमाएर उदाहरणीय पात्र बनेका छन्। सरकारले नेपालमै आवश्यक सीप र तालिमको व्यवस्था गर्न सकेमा आफैं रोजगारी सिर्जना गर्ने युवाको जमात सिर्जना हुनेमा दुई मत रहँदैन।

सीटीईभीटीअन्तर्गत कृषिलाई पनि एउटा विषयको रुपमा नेपालमा अध्यापन शुरू हुन थालेको छ। विभिन्न जिल्लामा कृषि विद्यालय तथा क्याम्पसको स्थापना हुन थालेको अवस्था छ। निर्वाहमुखी कृषि पद्धतिले हाम्रो देशको कृषि नाफामूलक बन्न नसकेको अवस्थामा सरकारी क्षेत्रबाटै प्रोत्साहनका कार्यक्रम आउन जरुरी छ। गुजारामुखी कृषि प्रणालीमा परिवर्तन गरी किसानलाई कृषि उद्यमी बनाउन सकेमा नेपालको अर्थतन्त्र सुधार हुने र नेपाल आत्मनिर्भर हुने अवस्था सिर्जना हुनसक्छ। कृषि पेसालाई नाफा कमाउने उद्देश्यले सञ्चालन गरेमा मात्रै कृषकको स्तर परिवर्तन हुन्छ र कृषिमा परिवर्तन हुन्छ। आर्थिक समृद्धिको अभियानमा इँटा थप्ने काम हुन्छ। परम्परागत कृषि प्रसार र अनुसन्धान कार्यक्रमलाई परिवर्तन गरेर कृषि उद्यमीका लागि बजार र प्रविधि ग्यारेन्टी गर्ने खालको कार्यक्रम सरकारीस्तरबाटै सञ्चालन हुनुपर्छ। कृषि क्षेत्रलाई राष्ट्रको अर्थतन्त्रको मेरुदण्डको रुपमा अंगिकार गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरण गरी खाद्य तथा पोषण सुरक्षामा सरकारले ध्यान दिनु जरुरी छ। रोजगारी र गरिबी न्यूनीकरण तथा व्यापार सन्तुलनमा कृषि क्षेत्रको योगदान बढाउन सरकारले कृषि तथा पशुपक्षीजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्तरमा सुधार गर्न जरुरी देखिन्छ।

नेपाली अर्थतन्त्रको फराकिलो आधार भनेकै कृषि क्षेत्र हो। कृषिजन्य उत्पादन एवं व्यापारमा प्रतिस्पर्धा, व्यवसायीकरण र विविधीकरणमा जोड दिनुपर्ने देखिन्छ। नेपालको संविधानले खाद्य सम्प्रभुताको अधिकार स्वीकारेको छ भने सबै राजनीतिक पार्टीका चुनावी घोषणापत्रमा कृषिको चौतर्फी विकास गर्ने, कृषि क्रान्ति गर्ने, वैज्ञानिक भूमिसुधार लागू गर्ने, विदेशमा पलायन भएका युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्नेजस्ता थुप्रै राम्रा-राम्रा शब्दहरू राखिएको छ। तेस्रो पञ्चवर्षीय योजना (२०२२-२७) देखि नै कृषिलाई कागजमा निकै प्राथमिकता दिएको पाइन्छ।

विगत १० वर्षलाई तुलना गर्ने हो भने राष्ट्रिय बजेटको सरदर २.४ प्रतिशतदेखि ४ प्रतिशतभन्दा बढी कृषिले बजेट पाउन सकेको छैन। दशौं पञ्चवर्षीय योजनाले कृषि क्षेत्रको आर्थिक वृद्धिदर ४.११ पुर्‍याउने लक्ष्य राखेकोमा २.३७ प्रतिशत मात्रै हासिल गर्न सफल भएको थियो। साथै दीर्घकालीन योजनाले निर्दिष्ट गरेअनुसारको गरिबी २०१६/१७ मा १० प्रतिशतमा झार्ने भन्ने लक्ष्य पनि किताबका पानामा मात्र रहेको देखिन्छ। अब कृषि क्षेत्रको सफलता, विस्तार र व्यवसायीकरणको लागि विशेष मुद्दाहरूमा सरकार, सहकारी र निजी क्षेत्रले विशेष ध्यान दिनु जरुरी छ। कृषि नीति, व्यवसाय प्रवर्द्धन नीति, सिंचाइ नीति, मल नीति, चिया तथा कफी विकास नीतिलगायतका नीतिहरूमा समयमानुसार परिवर्तनको खाँचो छ।

कृषि सेवा केन्द्र र उपकेन्द्र संख्या थोरै छ। कृषिको व्यवसायीकरण तथा विश्वबजारसँग समन्वय, सम्बन्ध, प्रतिस्पर्धा गर्नको लागि पुरानो शैलीमा निर्माण भएको सेवा केन्द्रदेखि केन्द्रसम्मको संगठनात्मक स्वरुपमा परिवर्तनको खाँचो रहेको छ। नेपालमा करिब २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिन भएको अनुमान छ। त्यसमध्ये करिब १७ लाख ६६ हजार हेक्टर मात्र हाल सिंचाइ सुविधा पुर्‍याउन सकिने अवस्था रहेको सरकारी तथ्यांक छ। जलस्रोत रणनीति २०१२ तथा राष्ट्रिय जल योजना २००५ को अवधारणाअनुसार सन् २०२७ सम्ममा देशको सिंचाइयोग्य जमिनमध्ये ९७ प्रतिशत जमिनमा सिंचाइ सुविधा पुर्‍याउने र सोमध्ये ६७ प्रतिशतमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने परिकल्पना गरिएको छ। यसलाई यथार्थमा उतार्न यो पाराको कामले पुग्दैन।

नेपालमा उत्पादित निर्यातयोग्य कृषिउपजहरूको अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुर्‍याउन विश्व व्यापार संगठनको मापदण्डअनुरुपका गुणस्तरीय उत्पादनको सुनिश्चितामा जोड दिनु जरुरी देखिएको छ। कृषि पेसालाई बढी मर्यादित बनाउनेतर्फ समय सापेक्षित पहल हुनु पनि जरुरी छ। सरकारी तथा निजी क्षेत्रबाट कृषिमा लगानी पर्याप्त भएको पाइँदैन। कृषिलाई निरन्तरता दिने हिसाबकिताबले मात्र सरकारी बजेट विनियोजित गरेको पाइन्छ। कृषिमा छुट्याइने बजेट सार्क मुलुकमा मात्रै हेर्दा पनि निकै कम छ। बंगलादेशमा राष्ट्रिय बजेटको करिब ६ प्रतिशत कृषि बजेट रहेको पाइन्छ। नेपालजस्तो कृषिप्रधान मुलुकमा कृषिको बजेट कनिका छर्केजस्तो छर्कंदा उपलब्धि नदेखिएको स्पस्ट छ।

नेपाल संघीयतामा गइसकेको सन्दर्भमा स्थानीय निकायले कृषिलाई महत्व दिने खालका कार्यक्रम ल्याउनुपर्ने देखिन्छ। कृषि उद्योगलाई प्रोत्साहन दिने खालका कार्यक्रम ल्याउन जरुरी छ। स्थानीय स्तरमा खपत हुने या बाहिर निर्यात गर्ने सामग्री गाउँमा उत्पादन गर्न सकिन्छ भन्ने उदाहरण तल्लो तहदेखिका स्थानीय निकायले उदाहरण दिन सक्नुपर्छ। कृषिलाई औद्योगिकीकरण गरेमा मात्रै कृषि क्षेत्रमा लाग्नेको थप प्रोत्साहन हुनेछ। घाटाको खेती गरेर के फाइदा ? यसबारेमा सरकारले सोच्नै पर्छ।

***– सुरेन्द्रप्रसाद खनाल, भरतपुर, चितवन***

## सामाजिक सञ्जाल



समानुपातिक सांसद पद बेच्नेहरूले राष्ट्रिय सभा सदस्य पद पनि बेच्न र नातागोतालाई दिन लागेका छन्। खबरदारी गरौं।

**Manita Ghimire**
**@Manita_Ghimire**



ज्ञानेन्द्रलाई राजगद्दी छोड्न त्यति गाह्रो भएको थिएन जति गाह्रो देउवालाई भएको छ, प्रधानमन्त्रीको कुर्सी छोड्न !

**Ajit Baral**
**@AjitBaral**



सबैभन्दा महामूर्ख त त्यो हो जो एउटै ढुंगामा दुईपटक ठोकिन्छ र एउटै चिप्लेटीमा दुईचोटि चिप्लिन्छ।

**बिनी चाम्स**
**@biyanpal5**

केन्द्रले वरिष्ट मुटुरोग विशेषज्ञ डा. यादवदेव भ को नेतृत्वमा मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरसहित ११ जनाको टोलीले पहिलोपटक सूर्यविनायक नगरपालिका-४ दधिकोटकी ५० वर्षकी विमला न्यौपानेको मुटुको एनजिओग्राफी सफलतापूर्वक गरेको छ।

# मुटुको क्याथ ल्याब सेवा शुरू

## दुई बिरामीको नि:शुल्क एनजिओग्राफी

पुष्कर बुढाथोकी, भक्तपुर



मानव अंग प्रत्यारोपण केन्द्रले आजबाट मुटुको क्याथ ल्याब सेवा शुरू गरेको छ। केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले मानवका विभिन्न अंग प्रत्यारोपण गर्ने उद्देश्यले स्थापना भएको मानव अंग प्रत्यारोपण केन्द्रले मिर्गौला प्रत्यारोपणसँगै कलेजो प्रत्यारोपण गर्दै सरकारको ८ करोडको लागतमा ल्याएको अत्याधुनिक प्रविधि युक्त मेसिनले क्याथल्याब सेवा शुरू गरेको बताउनुभयो।

केन्द्रमै मुटुको सेवा सञ्चालन गर्नु भक्तपुरका बासिन्दाका लागि खुसीको कुरा भएको बताउँदै मिर्गौला र कलेजो मात्रै होइन, भविष्यमा मुटु र फोक्सोसमेत प्रत्यारोपण गर्ने योजना रहेको जानकारी उहाँले दिनुभयो।

'मुटुको एनजिओग्राफी, एनजिओ प्लास्टरदेखि मुटुको ओपन हार्ट सर्जरीसमेत नभई मुटु प्रत्यारोपण गर्न सकिँदैन, यसका लागि हामी प्रयासरत छौं' -उहाँले भन्नुभयो। केही महिनाअघिबाट मुटु परीक्षण सेवा सञ्चालन गरेको केन्द्रले मुटुको परीक्षणसँगै, एनजिओग्राफी बन्द मुटुको नशामा खुलाउने, एनजिओप्लास्टी एवं मुटुमा जाली हाल्नेलगायतका मुटुसँग सम्बन्धित सेवाहरू शुरू गरेको हो।

केन्द्रले वरिष्ट मुटुरोग विशेषज्ञ डा. यादवदेव भट्टको नेतृत्वमा मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरसहित ११ जनाको टोलीले पहिलोपटक सूर्यविनायक नगरपालिका-४ दधिकोटकी ५० वर्षकी विमला न्यौपानेको मुटुको एनजिओग्राफी सफलतापूर्वक सम्पन्न गरेको छ। त्यसै गरी मध्यपुर थिमिका ३७ वर्षका अष्टलाल डंगोलको पनि मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरसहित ११ जनाको टोलीले एनजिओग्राफी सफलतापूर्वक सम्पन्न गरेको छ। पहिलो सेवा भएकाले केन्द्रले नि:शुल्करूपमा न्यौपाने र डंगोलको एनजिओग्राफी गरेको हो। केन्द्रका निर्देशक डा. श्रेष्ठले मानवका विभिन्न अंगहरू प्रत्यारोपण गर्ने उद्देश्यले स्थापना भएको मानव अंग प्रत्यारोपण केन्द्रले मिर्गौला प्रत्यारोपणसँगै कलेजो प्रत्यारोपण गर्दै सरकारको रु. ८ करोड लागतमा ल्याएको अत्याधुनिक प्रविधियुक्त मेसिनले क्याथल्याब सेवा शुरू गरेको बताउनुभयो। केही महिनाअघिबाट मुटु परीक्षण सेवा सञ्चालन गरेको केन्द्रले मुटुको परीक्षणसँगै, एनजिओग्राफी बन्द मुटुको नशामा खुलाउने, एनजिओप्लास्टी एवं मुटुमा जाली हाल्नेलगायतका मुटुसँग सम्बन्धित सेवा शुरू गरेको हो।

केन्द्रले वरिष्ट मुटुरोग विशेषज्ञ डा. यादवदेव भट्टको नेतृत्वमा मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरसहित ११ जनाको टोलीले पहिलोपटक सूर्यविनायक नगरपालिका-४ दधिकोटकी ५० वर्षकी विमला न्यौपानेको मुटुको एनजिओग्राफी सफलतापूर्वक गरेको छ। त्यसै गरि मध्यपुर थिमिका ३७ वर्षका अष्टलाल डंगोलको पनि आजै मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरसहित ११ जनाको टोलीले एनजिओग्राफी सफलतापूर्वक सम्पन्न गरेको छ। पहिलो सेवा भएकाले आज केन्द्रले नि:शुल्करूपमा न्यौपाने र डंगोलको एनजिओग्राफी गरेको हो।

एनजिओग्राफी सम्पन्न गरेसँगै सञ्चारकर्मीलाई यसबारे जानकारी दिँदै वरिष्ठ मुटुरोग विशेषज्ञ डा. यादवदेव भट्टले भक्तपुरमा सफलतापूर्वक एनजिओग्राफी गरेको बताउँदै उहाँले मुटुरोगीको संख्या बढ्दै गएकाले यस्ता सेवा अन्य जिल्लामा पनि विस्तार गर्दै लैजानुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो- 'नेपालमा दैनिकरूपमा मुटुरोगीको संख्या बढ्दै गएको छ, त्यसको अनुपातमा मुटुको उपचारको सेवा विस्तार हुन सकेको छैन, यस्ता सेवालाई अन्य प्रदेशमा पनि सञ्चालन गर्न जरुरी छ।' केन्द्रमा कार्यरत मुटुरोग विशेषज्ञ डा. कार्तिकेशकुमार ठाकुरले अब भक्तपुर र पूर्वका बिरामीले मुटुको उपचारका लागि अन्यत्र जानु नपर्ने बताउनुभयो। उहाँले मुटुको परीक्षणसँगै एनजिओग्राम, मुटुको नशामा बन्द भए बेलुनबाट फुटाउने एवं मुटुमा जाली हाल्नेलगायतका मुटुसँगसम्बन्धी सेवा लिन अब अन्यत्र जानु नपर्ने बताउनुभयो। डा. ठाकुरले भन्नुभयो- 'यहींबाट मुटु रोगसम्बन्धी अधिकांश सेवा दिन सकिने भएको छ, यस मेसिनबाट एनजिओग्राफी, मुटुको नशा ब्लक भएको छ कि छैन हेर्ने, नशा ब्लक छ भने स्टेन्डअर्थात् जाली हाल्ने, पेस मेकर गर्ने, भल्वको समस्या छ भने त्यसलाई बेलुनबाट खुलाउने अर्थात् पीटीएमसी जस्ता सेवाहरू दिन सकिन्छ, जनशक्ति उपलब्ध भए मुटुको भल्वसमेत फेर्न सकिन्छ।'

यसका साथै न्युरोको एनजिओग्राफी, रेनल एनजिओग्राफीलगायतका अन्य सेवा पनि सञ्चालन गर्न सकिने बताउँदै उहाँले आवश्यक जनशक्ति उपलब्ध भएमा यस मेसिनले नेपालमा उपलब्ध हुँदै आएको मुटुसम्बन्धी सबै सेवा सञ्चालन गर्न सकिने बताउनुभयो। मुटु रोगको अतिरिक्त केन्द्रमा उपलब्ध हुँदै आएको सर्मुला एनजिओग्रामीलगायतको सेवा पनि दिन सक्ने भएको छ। शहीद गंगालाल हृदयरोग केन्द्र, मनमोहन कार्डियोथेरासिस एन्ड भास्कुलर ट्रान्सप्लान्ट सेन्टरले दिँदै आएको सेवामा बिरामीको चाप बढेकाले त्यहाँ पालो कुरेर बस्नुपर्ने बिरामीलाई केन्द्रले सेवा दिन सक्ने भएको छ।

उहाँले भन्नुभयो- 'गंगालाल र मनमोहनमा ओभर फ्लो भएका, त्यहाँ पालो कुर्नुपर्ने बिरामीलाई सरकारी शुल्कमै यहाँ सेवा दिन सकिन्छ, सस्तो सेवा भएकाले भक्तपुरका जनतालाई मात्रै नभई नेपालमा मुटुका बिरामीलाई यसले निकै राहत दिन्छ।' कम्तीमा थप ५ जना चिकित्सक र नर्स एवं प्राविधिक जनशक्ति थप गर्न सके नियमितरूपमा सेवा दिन सकिने उहाँको भनाइ थियो। आवश्यक जनशक्ति र शैय्या थप गर्न सके आकस्मिक उपचारसमेत शुरू गर्न सकिने उहाँले बताउनुभयो।

# प्रधानसेनापति क्षत्री श्रीलंका प्रस्थान



काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षत्री श्रीलङ्काका सेना प्रमुखको औपचारिक निमन्त्रणामा बुधबार श्रीलङ्कातर्फ प्रस्थान गर्नुभएको छ। प्रधानसेनापति क्षत्रीलाई बलाधिकृत रथी पूर्णचन्द्र थापाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्नुभएको थियो। यसअघि, प्रधानसेनापति क्षत्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो। उक्त अवसरमा नेपाली सेनाका रथीवृन्द, नेपालस्थित श्रीलङ्काका राजदूतलगायत विभिन्न देशका आवासीय सैनिक सहचारीको उपस्थिति रहेको थियो।

भ्रमणको दौरान उहाँले श्रीलङ्काका राष्ट्रपति, प्रधानमन्त्री, रक्षा राज्यमन्त्रीलगायत स्थल, जल तथा हवाई सेना प्रमुखसँग भेटघाट गर्नुहुने कार्यक्रम रहेको छ। सोही क्रममा उहाँले महत्त्वपूर्ण कमान्ड हेडक्वार्टरहरूको समेत निरीक्षण भ्रमण गर्नुहुने कार्यक्रम रहेको छ।

भ्रमण अवधिभर प्रधानसेनापतिको अनुपस्थितिमा बलाधिकृत रथी पूर्णचन्द्र थापाले कायममुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्नुहुनेछ। भ्रमण सम्पन्न गरी प्रधानसेनापति क्षत्री माघ ११ गते स्वदेश फिर्ता हुनुहुने कार्यक्रम रहेको छ।


**जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.२१, जुम्ला ।**

**सूचना**

यस डिभिजन कार्यालयको मिति २०७४।०९।०३ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा आव्हान भएको TRTW-01-074/075 र KRTW-01-074/075 को वोलपत्र आव्हान सम्वन्धि सूचना अनुसार पर्न आएको E-biddig हरुको Hard Copy यस कार्यालयमा मिति २०७४।१०।१० भित्र पेश गर्न सूचित गरिन्छ ।

डिभिजन प्रमुख

**Vacancy Announcement**

Department of Industry, a department under Ministry of Industry, Government of Nepal is looking for motivated individuals who are self-driven and result-oriented with excellent interpersonal, client service, English & Nepali language and communication skills for the positions listed below:

**Software Engineer (Required No: 1)**

The Software Engineer shall have at least a Bachelor's degree in Computer Engineering/ Electronics and Communication Engineering/ Information Technology or Equivalent. S/he shall have a minimum 1 year of experience in software development of web based enterprise level application using JAVA and MS SQL or ORACLE. S/he shall be responsible to:

- Work closely with other team members and to carry out studies, analysis and designs for specific types of problems encountered in the project.
- Recommend suitable designs for various situations.
- Synthesize the inputs provided by different experts in the team and in ensuring timely delivery of all outputs and preparation of reports.
- Other relevant services as instructed/prescribed by concerned Officers of the Department.

**Software Support Staff (Required No: 2)**

The Software Support Staff shall have at least an Intermediate degree with Computer Science or Information Technology as major subject. S/he shall be responsible to:

- Data entry, scanning of documents as instructed, supporting clients on online service as required.
- Other relevant services as instructed by the Software Engineer and concerned Officers of the Department.

Applications are requested from Nepalese citizens accompanied by CV with a recent passport size photograph and copies of relevant certificates by or before Feb 1, 2018.

**Write to: The Director General, Department of Industry, Tripureshwor, Kathmandu, Phone No: 4261203**

**सान्जेन जलविद्युत कम्पनी लिमिटेड**

**केन्द्रीय कार्यालय, महाराजगंज, काठमाडौं ।**

**करार सेवामा जनशक्ति आवश्यकता सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७४/१०/०४

सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा रिक्त रहेका देहायका पदमा खुला अन्तरवार्ताको प्रक्रियाबाट करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक निवेदन आब्हान गरिएको छ । माग भए बमोजिमका विवरण तथा आवश्यक कागजातको प्रतिलिपि सहित प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिन भित्र यस कम्पनीको केन्द्रीय कार्यालय, महाराजगंज, काठमाडौंमा रितपूर्वकको आवेदन गर्न सूचित गरिन्छ । रित नपूगी, म्याद नाघि वा दरखास्त साथ संलग्न हुनुपर्ने कागजात संलग्न नभई पेश हुन आएको आवेदन उपर कुनै कार्यबाही हुने छैन । सम्बन्धित पदहरुको परीक्षाको किसिम र छनौट प्रकृया तथा गर्नुपर्ने कार्यका सम्बन्धमा थप जानकारीका लागि कम्पनीको वेबसाइट www.sjcl.com.np वा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्न सक्नु हुनेछ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | न्यूनतम योग्यतार अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७४/०७५प्रा.०२ | मेकानिकल ईन्जिनियर | ७ | प्राविधिक | मेकानिकल | २ | मेकानिकल ईन्जिनियरिङ विषयमा स्नातक तह उत्तिर्ण । | सम्बन्धित विषय/क्षेत्रका अनुभवीलाई विशेष ग्राह्यता दिइने छ । |
| २०७४/०७५प्रा.०३ | सिभिल ईन्जिनियर | ७ | प्राविधिक | सिभिल | १ | सिभिल ईन्जिनियरिङ विषयमा स्नातक तह उत्तिर्ण । | |

**संलग्न गर्नुपर्ने कागजातहरुः** निवेदकको बायोडाटा, नेपाली नागरीकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुखको अनुभूति, गरेका काम सफल, स्वास्थ्य लाभ।
**वृष** : राजनीतिमा सफलता, पुरस्कृत-सम्मानितको अवसर, सुखानुभूति।
**मिथुन** : स्वास्थ्य खराबी, धनको क्षति, पढाइ-लेखाइमा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूर्णता।
**सिंह** : पैसा प्राप्ति, मुद्दामामिला, परीक्षा, खेलकुद आदिमा जित, सम्मान।
**कन्या** : आँटेका कार्य सफल, आर्थिक लाभ, बौद्धिक क्षमतामा वृद्धि।
**तुला** : पाचन समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था, चिन्ता।
**वृश्चिक** : द्रव्यलाभ, मान वृद्धि, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : आर्थिक लाभ, सुख, मानसिक सन्तुष्टि, पेसा-व्यवसायबाट लाभ।
**मकर** : धनलाभ, पुरस्कार-सम्मान प्राप्ति, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, साथीभाइबाट प्राप्तिको सम्भावना।

# नेपाल

दृष्टिविहीन र विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ। ग्लोबल आइएमई बैंक कुश्माले शाखाले विद्यालयका ३४ जना बालबालिकालाई बुधबार न्यानो कपडा वितरण गरेको हो।

## जलजलामा अवैध ढुंगाखानी सञ्चालन

दुर्गाप्रसाद शर्मा, पर्वत

उत्तरी पर्वतको जलजला गाउँपालिकाका विभिन्न स्थानमा अवैध ढुंगाखानी सञ्चालन भएका छन्।

साविक माझफाँट, लेखफाँट र बाँसखर्क गाविसमा एक दर्जनभन्दा बढी अवैध ढुंगाखानी सञ्चालनमा आएका हुन्। बाँसखर्क गाविसको वडा नं १ र ८ नम्बर वडा तथा माझफाँट गाविसको वडा नं ९ मा निजी जमिन र सार्वजनिक चौर तथा वन क्षेत्रमा समेत अवैध ढुंगाखानी सञ्चालनमा आएको गाउँपालिकाले जनाएको छ। अनुमति नलिइकन सञ्चालनमा रहेका यस्ता ढुंगाखानीका कारण भू-क्षय र पहिरोको जोखिमसमेत बढ्दै गएको छ।

निजी जमिन र सार्वजनिक क्षेत्रमा सञ्चालित यस्ता खानीले कुनै पनि निकायबाट अनुमति नलिएको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले जानकारी दिनुभयो। खानी सञ्चालन गर्नका लागि खानी तथा भूगर्भ विभाग, वन कार्यालय, भूसंरक्षण कार्यालयबाट अनुमित लिनुपर्छ। अहिलेसम्म सञ्चालित कुनै पनि खानीले अनुमति लिने र जिल्ला समन्वय समितिमा कर बुझाउने काम नगरेको मल्लले बताउनुभयो।

अनुमति नलिइकन चलेका खानी बन्द गर्न पटक-पटक ताकेता गर्दासमेत कुनै सुनुवाइ नगरी सञ्चालन भइरहेका थिए। 'कानुनी प्रक्रिया पूरा गर्ने र राजस्व बुझाउने गरी सञ्चालन गर्न धेरै पटक भनेका थियौं', जिल्ला समन्वय समितिका सूचना अधिकृत तुलसीराम शर्माले भन्नुभयो- 'उल्टै अनुमति नलिइकन पर्यावरणीय जोखिम बढाएर खानी सञ्चालन भइरहेका छन्।'

ढुंगा उत्खनन गर्न अनुमति नलिएका यस्ता खानी सञ्चालकले ढुंगा कटिङ गर्नका लागि घरेलु तथा साना उद्योग विकास समितिबाट समेत अनुमति लिएका छैनन्। बाँसखर्कमा धेरै खानी सार्वजनिक क्षेत्र र सामुदायिक वन क्षेत्रमा सञ्चालित रहेको स्थानीयवासीले बताए। माझफाँटमा भने



निजी जमिनमा खानी सञ्चालक धेरै छन्। दुई वर्षदेखि माझफाँटमा खानी सञ्चालन गर्दै आएका तेजबहादुर खत्रीले निजी जमिनमा खानी सञ्चालन गर्न पाउनुपर्ने बताउनुभयो। 'आफ्नो जमिनमा पनि अनुमति लिनुपर्छ भन्ने नै थाहा छैन', उहाँले भन्नुभयो- 'अनुमति लिने प्रक्रियाका बारेमा जानकारी भएमा अनुमति लिएरै सञ्चालन गर्नेछौं।'

भिरालो र पुरानो पहिरोमा खानी उत्खनन गरिएकाले त्यसले केही समयपछि पहिरोको रूप लिने र त्यसबाट प्रसिद्ध धार्मिकस्थल गलेश्वर र म्याग्दीको सदरमुकाम बेनीबजारसम्म असर पार्ने देखिएको छ। बाँसखर्क लेखफाँट र माझफाँटमा निकालिएको ढुंगाको पोखरामा माग बढेपछि तीन वर्षयता खानी सञ्चालन गर्ने क्रम बढेको छ। पोखरामा घर सजाउन यस्ता ढुंगाको माग बढेपछि धमाधम नयाँ खानी सञ्चालन भइरहेका छन्।

यसैबीच जलजला गाउँपालिकाले अवैध ढुंगाखानीहरूको अध्ययन अनुगमनका लागि समिति गठन गरेको छ।

जलजला गाउँपालिकाको केही दिन पहिले बसेको बैठकले वडा नं. ३ का वडाअध्यक्ष देवेन्द्र भण्डारी (रवी)को संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरेको हो। गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल (रामकृष्ण)को अध्यक्षतामा बसेको बैठकले गाउँपालिकाका सबै वडामा रहेका ढुंगाखानीको अध्ययन अनुगमन गरी प्रतिवेदन पेस गर्ने समितिलाई अधिकार दिएको छ।

दर्ता नगरी, वातावरणलाई असर पार्ने गरी अव्यवस्थितरूपमा ढुंगाखानी उत्खनन् भएको पाइएपछि त्यसलाई नियमन र व्यवस्थित गर्न गाउँपालिकाले पहल थालेको हो।

## पूर्वराजाद्वारा देउती बज्यै मन्दिरमा पूजाअर्चना

प्रकाश पन्त, वीरेन्द्रनगर



पूर्वराजा ज्ञानेन्द्र शाहले सुर्खेतको देउती बज्यै मन्दिरमा पूजाअर्चना गर्नुभएको छ। पूर्वराजा शाहले मध्यपश्चिम क्षेत्रकै प्रसिद्ध मन्दिर देउती बज्यै मन्दिरमा झण्डे २० मिनेट पूजाअर्चना गर्नुभएको हो।

नेपालगन्जबाट सुर्खेत आउनुभएका शाहले शुरुमै देउती बज्यै मन्दिरमा पूजाअर्चना गर्नुभएको थियो। पूर्वराजा शाह देउती बज्यै मन्दिर जाने मूल गेट पिपिराचोकबाट हिँडेर मन्दिर पुग्नुभएको थियो।

मन्दिर जानो सडकको दायाँबायाँ रहेका सर्वसाधारण नागरिकले फूलमाला दिएर पूर्वराजालाई स्वागत गरेको थिए। उहाँ सर्वसाधारणको फूलमाला ग्रहण गर्दै पिपिराचोकबाटै मन्दिर जानुभएको थियो।

फूलमाला ग्रहण गर्दा पूर्वराजा शाहले सबैलाई धन्यवाद दिनुभएको वीरेन्द्रनगर नगरपालिकाका पूर्वमेयर मुकुन्दश्याम गिरीले जानकारी दिनुभयो। तर कसैसँग पनि संवाद नगरेको बताएको छ। लाइनमा बसेका सर्वसाधारणले 'राजा आउ देश बचाउ' जस्ता नारा लगाएका थिए। स्वागतका लागि लाइनमा बसेका कतिपय सर्वसाधारणले आफूहरूले पूर्वराजासँग गुनासा राख्न नपाएको बताएका छन्।

सुर्खेतमा पूर्वराजा शाहको स्वागतका लागि प्राध्यापक बलभद्र भारतीको संयोजकत्वमा ६ सय ५१ सदस्यीय स्वागत समिति पनि गठन गरिएको छ।

## राप्रपा (राष्ट्रवादी)ले निर्वाचन खर्च विवरण बुझाएन

नेपाल समाचारपत्र

बैतडी

गत मंसिरमा सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनमा बैतडीबाट सहभागी भएको राष्ट्रिय प्रजातन्त्र पाटी(राष्ट्रवादी)ले आफ्नो निर्वाचन खर्च विवरण पेस गरेको छैन।

निर्वाचन परिणाम प्रकाशित भएको ३५ दिनभित्र निर्वाचन खर्च पेस गर्नुपर्ने भए पनि बैतडीवाट प्रतिनिधिसभा सदस्यका लागि प्रकाशचन्द्र लोहनी नेतृत्वको एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) का तर्फबाट उम्मेदवार बनेका त्रिलोकबहादुर चन्दले अझै पनि नबुझाएको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ।

जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद फुयाँलका अनुसार गत मंसिर १० मा सम्पन्न पहिलो चरणको प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेका १२ जना उम्मेदवारमध्ये एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)का तर्फबाट उम्मेदवार बनेका चन्दको मात्रै खर्च विवरण पेस गर्न बाँकी रहेको छ।

खर्च विवरण पेस गर्ने उम्मेदवारहरूमा प्रतिनिधिसभाका लागि नेपाली कांग्रेसबाट उम्मेदवार बनेका नरबहादुर चन्द (२४ लाख ३६ हजार ३ सय),नेकपा एमालेका दामोदर भण्डारी (१७ लाख ४० हजार), विवेकशील साझाका नारायणदत्त अवस्थी (१ लाख ४५ हजार) र राष्ट्रिय जनमोर्चाबाट वीरेन्द्रसिंह भण्डारी(१ लाख ४५ हजार २ सय ) रहेका छन्।

यस्तै प्रदेशसभा 'क' बाट नेपाली कांग्रेसका हरिमोहन भण्डारी (१४ लाख ८८ हजार), माओवादी केन्द्रका प्रेमप्रकाश भट्ट (१४ लाख ५१ हजार ५ सय), राष्ट्रिय जनसमाजवादी पार्टीका भगीरथसिंह कुँवर (५ लाख ५३ हजार), राष्ट्रिय जनमोर्चाका अर्जुनसिंह मडै (४८ हजार), राष्ट्रिय मुक्ति आन्दोलन नेपालका दिलिपराज पाण्डेले (७ लाख ११ हजार ५ सय ) आफ्नो निर्वाचन खर्च बुझाएका छन्। यसैबीच प्रदेशसभा 'ख' मा राप्रपाका तर्फबाट उम्मेदवार बनेका गणेश चन्द (१४ लाख ८८ हजार) र एमालेबाट उम्मेदवार बनेका लीलाधर भट्टले (१४ लाख ५१ हजार ५ सय) आफ्नो निर्वाचन खर्च पेस गरेका छन्।

निर्वाचन खर्च पेस गर्ने सबै उम्मेदवारले निर्वाचन आयोगको सीमाभन्दा कम खर्च भएको विवरण पेस गरेका छन्। प्रतिनिधिसभा सदस्यका उम्मेदवारले २५ लाख तथा प्रदेशसभा सदस्यका उम्मेदवार १५ लाखसम्म खर्च गर्नसक्ने निर्वाचन आयोगले सीमा तोकेको थियो।

## दृष्टिविहीनलाई न्यानो कपडा

पर्वत, (नेस)

पर्वत सदरमुकाम कुश्माको शिवालय माविमा पढ्ने दृष्टिविहीन र विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ। ग्लोबल आइएमई बैंक कुश्मा शाखाले विद्यालयका ३४ जना बालबालिकालाई बुधबार न्यानो कपडा वितरण गरेको हो।

बैंकले विद्यालयमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीसहित अन्य शारीरिक अपांगता भएका तथा विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गरेको हो। बैंक स्थापनाको ११औं वार्षिकोत्सवका अवसर पारेर सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको बैंकले जनाएको छ।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

**नेपाल समाचारपत्र** NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२११७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

निःशुल्क औषधिको चरम अभाव पूर्वी इलामको सूर्योदय नगरपालिकास्थित फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रमा पनि रहेको छ। बिरामीको चाप धेरै रहेकाले त्यहाँ निःशुल्क औषधिको समस्या रहेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख जीवन मल्लको भनाइ छ।

# नेपाल

### विद्यालयसँगै गौशाला

# दिनहुँ गाई मर्दै, विद्यालय दुर्गन्धित

**हेमन्त पौडेल, कैलाली**

विद्यालयको पर्खालसँगै जोडेर गौशाला निर्माण गरेपछि घोडाघोडी नगरपालिका-१ घोडाघोडीमा रहेको विराट सनातन धर्म संस्कृति विद्यापीठ मावि दुर्गन्धित बनेको छ। विद्यालयको पर्खालसँगै जोडेर यस क्षेत्रमा रहेका छाडा चौपायाहरूलाई थुनेर राख्न भन्दै घोडाघोडी नगरपालिकाले गौशाला निर्माण गरेपछि विद्यालय दुर्गन्धित बनेको हो।

घोडाघोडी नगरपालिका क्षेत्रमा रहेका छाडा चौपायाहरूलाई हुलेर राख्नका लागि एकातर्फ विद्यालयको पर्खाललाई बार बनाइएको छ भने तीनतर्फ काँडेतार लगाएर गौशाला निर्माण गरिएको छ। गौशालामा रहेका गाईगोरुको दिसापिसाबको दुर्गन्धतले विद्यालयको कक्षा कोठामा बसेर पढ्न विद्यार्थीलाई निकै नै समस्या हुने गरेको विद्यार्थीले बताएका छन्। यसको साथै गौशालामा रहेका गाईगोरु दैनिक मर्ने गरेकोले त्यसको दुर्गन्धसमेत विद्यालयमा फैलिने गरेको विराट सनातन धर्म संस्कृति विद्यापीठ माविमा कक्षा ११ मा अध्ययनरत विद्यार्थी प्रेमप्रसाद उपाध्यायले बताउनुभयो। दैनिकजस्तो २/४ वटा गाई तथा गोरु गौशालाभित्रै पर्ने र धेरै दिनसम्म नउठाउने गरेकाले पनि दुर्गन्धले विद्यालयको कक्षा कोठामा बसेर पढ्न समस्या हुने गरेको उहाँले बताउनुभयो।

करिब छ महिनाअगाडि विद्यालयको भवनसँगै जोडिएको करिब पाँच कठ्ठा क्षेत्रफलमा घोडाघोडी नगरपालिकाले एकतर्फ विद्यालयको पर्खाल र अर्को तीनतिर काँडेतार लगाएर गौशाला निर्माण गरेको थियो। दैनिकजस्तो गौशालामा ल्याएर करिब सय डेढसय गाईगोरु थुन्ने गरिएको तर उनीहरूलाई आहार तथा पानीको समेत कुनै व्यवस्था नगरिएकोले मर्ने गरेको स्थानीयले बताएका छन्। गौशालामा गाईगोरु मरेको महिनौं बित्दासमेत नगरपालिकाले उठाउनतर्फ ध्यान नदिने गरेकोले गाउँ नै दुगन्धित हुने गरेको स्थानीय रीता उपाध्यायले बताउनुभयो। गाईगोरु मरेर गौशालामै सड्ने गरेको र त्यसको दुगन्धले गाउँ पूरै प्रभावित हुने गरेको उहाँले बताउनुभयो। स्थानीयले नगरपालिकालाई



यो ठाउँमा गौशाला नराख्न पटक-पटक आग्रह गर्दासमेत घोडाघोडी नगरपालिकाका मेयर ममताप्रसाद चौधरी र वडा नं १ का अध्यक्ष मनराज शाहीले जबरजस्तीरूपमा गौशाला निर्माण गरेको स्थानीयको आरोप रहेको छ। स्थानीयलाई बेवास्ता गर्दै मेयर चौधरी र वडाअध्यक्ष शाहीले एकलौटीरूपमा गौशाला निर्माण गरेर गाउँ तथा विद्यालयलाई नै दुर्गन्धले प्रभावित बनाएको भन्दै स्थानीय आक्रोशितसमेत भएका छन्।

तत्काल गौशाला नहटाए आफूहरू मेयर चौधरी र वडाअध्यक्ष शाहीविरुद्ध सशक्त आन्दोलन गर्ने उनीहरूले चेतावनीसमेत दिएका छन्। यस्तै पटक-पटक विद्यायसँगै जोडेर बनाएको गौशाला हटाइदिन विद्यालयले विभिन्न निकायसँग आग्रह गर्दासमेत कसैले सुनुवाइ नै नगरेको विराट सनातन धर्म संस्कृति विद्यापीठका प्रधानाध्यापक ज्ञानचन्द्र उपाध्यायले बताउनुभयो। गौशाला हटाइदिन भन्दै आफूले घोडाघोडी नगरपालिकाको कार्यालय, घोडाघोडी नगरपालिका वडा नं. १ को कार्यालय, घोडाघोडी नगरपालिकामै रहेको शिक्षा शाखा र इलाका प्रशासन कार्यालय सुखडमा लिखित निवेदन दिँदासमेत कसैले ध्यान नदिएको उहाँले बताउनुभयो। विद्यालय नै दुर्गन्धित भएका कारण आफूहरूले पढ्न नपाएको भन्दै विद्यार्थीले नगरपालिकामा ताला लगाउनेलगायत आन्दोलन गर्ने बताउँदै आएको भए तापनि आफूले त्यसो गर्न नदिएको उहाँले बताउनुभयो।

घोडाघोडी नगरपालिका वडा नं १ का अध्यक्ष मनराज शाहीले आफूले नभएर मेयर ममताप्रसाद चौधरीले सोही विद्यालयको हातामै गौशाला निर्माण गर्न लगाएको बताउनुभयो। सबै निर्णय मेयर चौधरीले गर्ने गरेकोले उहाँले भन्नेबित्तिकै गौशाला हटाउन कुनै समस्या नरहेको उहाँको भनाइ रहेको छ। यता घोडाघोडी नगरपालिकाका मेयर ममताप्रसाद चौधरीले गौशाला निर्माणको जिम्मा वडाअध्यक्ष शाहीलाई दिएको र उहाँले नै विद्यालयको भवनसँगै जोडेर गौशाला निर्माण गरेको बताउनुभयो। उक्त गौशालाले विद्यालय र त्यो क्षेत्रको वस्ती दुर्गन्धका कारण प्रभावित भएको कुरा आफूकहाँ समेत आएको बताउँदै उक्त गौशाला वडा नम्बर १ का अध्यक्ष मनराज शाहीले नै हटाउनुपर्ने मयेर चौधरीले बताउनुभयो। वडा नं. १ मा वस्ती तथा विद्यालय नभएका क्षेत्रमा प्रशस्त खाली ठाउँ हुँदाहुँदै वडाअध्यक्ष शाहीले विद्यालयसँग जोडेर गौशाला निर्माण गर्नु गलत रहेको र उक्त गलत उहाँ आफैंले सुधार्नुपर्ने मेयर चौधरीको भनाइ रहेको छ।

# बोटे तथा दलितलाई सिरक डसना



**नेपाल समाचारपत्र**

हेटौंडा

नेपाली कांग्रेसका पुराना नेता ईश्वरचन्द्र अग्रवालले बुधबार मनहरी-७ को लामा टोलमा रहेका बोटे तथा दलित परिवारलाई न्यानो कपडा (सिरक/डसना) वितरण गर्नुभएको छ। अग्रवालले जाडोमा कठ्यांग्रिएर रात बिताउन बाध्य लामा टोलका १४ घरपरिवारलाई करिब ४० हजार रकमबराबरको सिरक/डसना वितरण गर्नुभएको हो।

नेपाली कांग्रेस ४ नम्बर क्षेत्रीय सभापति लोक मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस हेटौंडाका नगर सभापति आनन्दराम पराजुली, उद्योग वाणिज्य संघ पश्चिम क्षेत्रका अध्यक्ष गोविन्द रिजाल, मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव न्यौपाने, कोषाध्यक्ष अनिल अग्रवाल, सहकोषाध्यक्ष राधिका सामरी पाण्डे, नेपाल प्रेस युनियन मकवानपुर सहसचिव एवम् नेपाली कांग्रेस मकवानपुरका सूचना तथा सञ्चार प्रमुख सुजन बिडारीलगायतले सहयोग हस्तान्तरण गर्नुभएको थियो।

समाजसेवी अग्रवालले यसअघि पनि समय-समयमा गरिब, विपन्न तथा असहायलाई सहयोग गर्दै आउनुभएको छ।

# 'बालविवाहमुक्त' गाउँपालिका बनाइने

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङको एक गाउँपालिकाले गाउँपालिकालाई बालविवाहमुक्त क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। उत्तरी क्षेत्रमा रहेको मर्स्याङ्दी गाउँपालिकाले एक कार्यक्रमको आयोजना गरी सो घोषणासहित प्रतिबद्धता व्यक्त गरेको हो। 'छोरीका निम्ति स्वर्णिम भविष्य नेपाल महाअभियान, बालविवाहविरुद्ध संकल्प यात्रा' अभियानकर्मीद्वय नायिका रेखा थापा र नरबहादुर कार्कीको अगुवाइमा सो अभियान थालिएको हो।

प्रदेशसभाका सांसद धनञ्जय दवाडीले अभियानको उद्घाटन गर्दै भोलिको देशको नेतृत्व गर्ने किशोरीको भविष्य उज्वल बनाउन यो घोषणा सार्थक रहेको र यो कार्य जिल्लाका अन्य स्थानीय तहले पनि गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले गाउँपालिका समृद्ध बन्न यहाँको सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रको विकास आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा पूर्वसांसद जमिन्द्रमान घलेले गाउँपालिकालाई समृद्ध बनाउनका लागि सबै पक्षको हरेक क्षेत्रमा सहयोग आवश्यक रहेको औंल्याउनुभयो।

उक्त कार्यक्रममा सहभागी सरोकारवाला सबैले त्यस्तो प्रतिबद्धता व्यक्त गरेका छन्। गाउँपालिकाद्वारा आयोजना गरिएको विशेष समारोहमा सो प्रतिबद्धता व्यक्त गरिएको हो। उक्त कार्यक्रममा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधि, बुद्धिजीवी, उद्योगी ब्यवसायी, आमा समूह सामुदायिक तथा निजी विद्यालयका प्रधानाध्यापक, विद्यार्थी तथा अन्य सरोकारवालाको दुईदिने भेला गरी बालविवाहविरुद्ध सचेनता कार्यक्रमका साथ सो अभियानको थालनी गरिएको हो। अभियानको आयोजक गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले भन्नुभयो- 'हामी समृद्ध गाउँपालिकाको अभियानमा छौं, यो अभियानलाई सफल बनाउने दौरानमा गाउँपालिकालाई बालविवाहमुक्त बनाउने प्रतिबद्धतासहित यो घोषणा गर्छौं।' उहाँले भन्नुभया- 'छोरीका निम्ति स्वर्णिम भविष्य नेपाल महाअभियान, बालविवाहविरुद्ध संकल्प यात्रा' को शुरुआत गर्दै गाउँपालिकालाई बालविवाहमुक्त बनाउन चाहन्छौं।'

प्रशिक्षक नरबहादुर कार्कीले शून्य लगानीमा शुरु गरेको यो अभियानलाई सफल बनाउन रेखा थापा आफ्नै लगानीमा अभियानमा सहभागी हुनुभएको हो।

अभियानमा लाग्नुभएकी नायिका थापाले सहभागी बालिकाहरूलाई हिम्मत नहार्न उत्प्रेरित गर्नुभयो। उहाँले भन्नुभयो- 'छोरीहरू छोराभन्दा कम छैनन्, छोराहरूले जति काम गर्न सक्छन्, छोरीहरूले पनि उति नै काम गर्न सक्छन, अब सबै छोरीले हिम्मत गर्नुपर्छ, कमजोर हुनुहुँदैन।'

सो अभियानका जन्मदाता नरबहादुर कार्कीले देशबाटै बालविवाह र महिला हिंसा अन्त्य गर्ने भन्दै नेपाललाई छोरीहरूको स्वर्णिम देश बनाउने अठोट व्यक्त गर्नुभयो। कार्कीले बालविवाह मौन महामारी भएको टिप्पणी गर्दै उहाँले स्वरुप परिवर्तन गरिरहेको बालविवाहलाई हटाउन नागरिक तहबाटै शून्य लगानीमा महाअभियान शुरु गरिएको बताउँदै प्रशिक्षण दिनुभएको थियो।

# मद्यपान र धूमपानमा फस्दै बोटको राजा

**हिक्मत नेपाली, दैलेख**

'आफूलाई बोटको राजा र अरुलाई कोटको राजा' भन्न मन पराउने राउटे समुदायका एक युवा केही दिनअगाडि दैलेख सदरमुकाममा भेटिए। झट्ट हेर्दा निकै हतारमा देखिएका ती युवा सदरमुकामको एक होटलमा पसे। आफ्नै पहिरनमा हतारिँदै होटलमा पसेका ती राउटे युवाले होटल सञ्चालकसँग केही कुरा गर्न खोज्दै थिए। होटल सञ्चालकसँगको छोटो कुराकानी गरेका ती युवा एउटा टेबलमा गएर बसे। होटल सञ्चालकले एउटा सिसाको गिलासमा मदिरा थमाए। मदिरा पिएर हतार-हतार ती राउटे समुदायका युवा हाटेलबाट बाहिरिए।

उनी राउटे समुदायमा बस्दै आएको स्थानबाट केही दिनअगाडि दैलेख सदरमुकाम आएका थिए। शहरी क्षेत्रमा पसेका ती युवालाई समुदायका अन्य युवा खोजीका लागि दैलेख सदरमुकामसम्म पनि आएका थिए। यो दैलेख सदरमुकाममा आउने राउटे युवाको एक प्रतिनिधिमुलक घटना मात्रै हो। ती युवाजस्तै समुदायका अन्य पुरुष बसोबास गर्दै आएको स्थानको वरिपरि मध्यपान तथा धूमपान गर्ने गरेको स्थानीयवासी बताउँछन्।

नेपालको लोपोन्मुख जातिको नाममा सूचीकृत यो समुदायका युवाहरू पछिल्लो समय मध्यपान र धूमपानको लतमा फस्दै गएका छन्। समुदायका प्राय: युवा मध्यपान र धूमपानको कूलतमा फसिरहेका छन्। आफ्नै समुदायमा घरेलु मदिरा बनाएर खाने गरेका राउटे समुदायका युवा अहिले बजारमा पाइने मदिरा प्रयोग गर्ने गरेका छन्। समुदायमा जाने जो कोही व्यक्तिसँग पनि केही रकम माग्ने र उक्त रकमले मदिरा र सुर्तीजन्य वस्तु किनेर खाने बानी परेका छन्।

एउटै ठाउँमा बसोबास गर्नाले फोहोर भई बिरामी हुने तथा राउटे समुदायको परम्परामा कोही मान्छे मर्नेबित्तिकै ठाउँ छाड्ने गरेका राउटे समुदाय अहिले दैलेख जिल्लाको महावुगाउँपालिका वडा नं ३ वासीको इनेदुला (छामघाट खोलाको किनारमा बस्दै आएका छन्।

जंगलमा पाइने कुकाठबाट कोसी, मधुस, आरी र खाट बनाएर जीविकोपार्जन गर्दै आएका राउटे समुदाय अहिले त्यस्ता सामग्रीसँग मदिरा साट्नसमेत तयार हुने गरेको दैलेखवासीका झलक भण्डारीले बताए। स्थायी बसोबास, खेतीपाती, लेखपढलाई महाशत्रु ठान्ने राउटे समुदाय विभिन्न सरकारी तथा गैरसरकारी निकायले प्रदान गरेका सामग्रीसमेत बेचेर मदिराजन्य पदार्थ सेवन गर्ने गरेको भण्डारीले बताए।

अहिले पनि खेतीपाती लेखपढ स्थायी बसोबास गर्नाले धेरै दु:ख हुने त्यो समुदायको बुझाइ छ। स्वास्थ्य संस्थामा नगएर जडीबुटीले नै चोटपटक बिरामी परेकालाई निको पार्दै आएका राउटे समुदाय पछिल्लो समय अस्पतालको औषधि गर्नसम्म पाएका छन् तर कूलतमा भने फस्दै आएको पाइएको छ। जंगलमै कन्दमुल खाएर जीवन निर्वाह गर्ने जाति जडीबुटीमा अधिक विश्वास राख्ने राउटे समुदाय अहिले सामाजिक संघसंस्था र सरकारकै मुख ताक्ने गरेका छन्।

गत शनिबार खाद्यान्न र कम्बल वितरणका लागि राउटे बस्तीमा पुगेका दैलेखका प्रमुख जिल्ला अधिकारी र भैरवी गाउँपालिका दैलेखका अध्यक्षसहितको टोलीले राउटे मुखियाहरूसँग परिवर्तन हुन आग्रह गरेका थिए।

दैलेख जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले राउटे मुखियाहरूसँग समुदायका बालबालिकालाई विद्यालय पठाउन आग्रह गर्दा राउटे मुखिया सूर्यनारायण शाहीले समय लाग्छ भन्ने जवाफ फर्काए। त्यहाँ पुगेका भैरवी गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर बुढाले मदिरा प्रयोग धेरै भयो, कम गर्नुस् भन्दा राउटे समुदायका मुखिया सूर्यनारायणले भने- 'कम्पनीले खानकै लागि बनाएको हो, हामी खान्छौं।'

# इलाम अस्पतालमै निःशुल्क औषधिको अभाव

## बजेट अभाव मुख्य समस्या

**गणेश घिमिरे, इलाम**

बजेट अभावकै कारण इलाम जिल्लाकै एक मात्र ठूलो सरकारी अस्पताल इलाम अस्पतालमा निःशुल्क औषधिको अभाव हुन थालेको छ। इलाम अस्पतालमै निःशुल्क औषधिको अभाव हुँदा जिल्लाका ग्रामीण भेगका स्वास्थ्य संस्थामा पनि निःशुल्क औषधिको अभाव बढ्दै गएको छ। बिरामीको चाप बढी रहने इलाम अस्पतालमा नै निःशुल्क औषधि नभएपछि बिरामी समस्यामा पर्न थालेका छन्।

यो वर्ष औषधि खरिदका लागि पर्याप्त बजेट नभएका कारण इलाम अस्पतालमा मुस्किलले १० प्रतिशत जति मात्र निःशुल्क वितरण गरिने औषधि रहेको अस्पतालले जनाएको छ। अहिले ओपीडीमा दैनिक १ सय जनाको हराहारीमा बिरामी आउने इलाम अस्पतालको आकस्मिक कक्षमा ४० जना जति आउँदा ८/९ जना बिरामी भर्ना भएर उपचार गराउने गरेका छन्। अधिकांशले निःशुल्क पाइने औषधि खोजी गरे पनि अस्पतालसँग औषधि छैन। बचेका केही औषधि पनि कम मात्र प्रयोग हुने भएकाले खासै प्रयोगमा नआउने गरेको अस्पतालले जनाएको छ। सरकारी नियमअनुसारका औषधि जसरी भए पनि १२ महिना नै दिने व्यवस्था गरिनुपर्नेमा अस्पताल विकास समितिका अध्यक्ष केदार थापा बताउँछन्। उनले भने- 'नियम बन्ने तर सेवा सञ्चालन नहुने गरेकाले सर्वसाधारणमा राम्रो सन्देश जाने गरेको छैन।'

इलाम अस्पताल पन्ध्र शैय्याबाट स्तर वृद्धि भएर ५० शैय्याको भए पनि आवश्यक चिकित्सक र कर्मचारी नहुँदा सामान्यरूपमै अस्पताल सञ्चालनल भएकाले निःशुल्क औषधिको अभाव भएको हो। निःशुल्क औषधिको चरम अभाव पूर्वी इलामको सूर्योदय नगरपालिकास्थित फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रमा पनि रहेको छ। बिरामीको चाप धेरै रहेकाले त्यहाँ निःशुल्क औषधिको समस्या रहेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख जीवन मल्लको भनाइ छ। यसअघि जिल्लाभरका स्वास्थ्य संस्थामा निःशुल्क औषधिका लागि ६१ लाख रुपियाँ बजेट आए पनि यो वर्ष भने कार्यालयलाई ५ लाख ४० हजार रुपियाँमात्र विनियोजन गरिएको छ।

सरकारले स्थानीय तहमा नै बजेट दिएकाले बजेट कम आएको र निःशुल्क औषधिको अभाव बढेको प्रमुख मल्लको भनाइ छ। 'अस्पतालमा बढी खपत हुने औषधिको अभाव छ, तर कम खपत हुने औषधि बढी छ', मल्लले भने- 'पुरानो मौज्दात र केही स्वास्थ्य संस्थामा औषधि खरिद भएको छ।' जिल्लाका दश स्थानीय तहमा २ लाखदेखि ८ लाख रुपियाँसम्म औषधि खरिदका लागि विनियोजन भए पनि यो पर्याप्त नहुने सम्बन्धित पक्षको भनाइ छ।

जिल्लामा इलाम अस्पतालसहित ४ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ४४ स्वास्थ्य चौकी, ५ वटा सामुदायिक स्वास्थ्य एकाइ, ४ वटा शहरी स्वास्थ्य केन्द्र सञ्चालित छन्। आफैं खरिद गर्नेबाहेक केन्द्रीय र क्षेत्रीय मेडिकल स्टोर्सबाट पनि औषधि प्राप्त हुन्छ। तर त्यहाँबाट प्राप्त औषधिको प्रयोग कम हुने गरेको छ।

जिल्लाभरका स्वास्थ्य केन्द्रमा बढी प्रयोग हुने मेट्रोनिन्डाजल, एन्टि एलर्जीमा प्रयोग हुने सिर्टिजन, ब्रुफिन, सिप्रोफोक्सिासिनजस्ता औषधिको माग धेरै छ। इलाम अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर प्रभु शाहले यसअघि प्राप्त २७ लाख रुपियाँबराबरको औषधि करिब सकिइसकेको बताए। इलाम नगरपालिकामार्फत् ७ लाख रुपियाँ बजेट विनियोजन भए पनि त्यो नगरपालिकाभित्रका सबै स्वास्थ्य केन्द्रका लागि भएकाले नगण्य मात्र हुने गरेको छ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

## शुद्धीकरण



चीनको सियानमा निर्माण गरिएको विश्वकै सबैभन्दा अग्लो ३ सय २८ फिट अग्लो वायु शुद्धीकरण टावर। चीनले गत वर्षको तुलनामा वायु प्रदर्शनको स्तर ४ दशमलव ५ प्रतिशतले तल झारेको छ।

## फाइल तस्वीर




न्युयोर्कमा सन् १९३० मा एक बेरोजगारले रोजगारीका लागि बाटोमा विज्ञापन गर्दै।

2018, JAN
Thursday
18

विश्व २ मिनेट

### बेल्जियम

## स्मार्टफोनको फाइदा

ब्रसेल्स, (एजेन्सी)

अपहरणमा परेकी बेल्जियमकी एक १९ वर्षीया किशोरीलाई उनले बोकेको स्मार्टफोनले उद्धार गरिनका लागि मद्दत पुर्‍याएको छ। उनले स्मार्ट फोनमा अज्ञात व्यक्तिद्वारा आफूलाई बन्दी बनाइएको स्थान पहिचान गरी मद्दतका लागि आफ्नो दाजुको ठेगानामा सेयर गरेकी थिइन्। ती विद्यालयमा अध्ययनरत किशोरीले आफूलाई राजधानी ब्रसेल्सको एउटा रात्रि क्लबसामु आफूलाई ५ जना पुरुषले अपहरण गरेको बताएकी छिन्। उनलाई नजिकैको चार्लेरोइ शहरको एउटा फ्ल्याटमा तीन दिनसम्म बन्धक बनाएर राखिएको थियो। दुईजना व्यक्तिलाई अपहरण र बलात्कारको आरोपमा पक्राउ गरिएको छ।

### म्यान्मार

## सात प्रदर्शनकारी मारिए

याँगुन, (एजेन्सी)

म्यान्मारको समस्याग्रस्त रखाइन राज्यमा प्रहरीले बौद्धमार्गी प्रदर्शनकारीमाथि गोली चलाउँदा कम्तीमा सात जनाको ज्यान गएको स्थानीय सञ्चारमाध्यमले बुधबार जनाएको छ। प्राचीन आराकान अधिराज्य पतन भएको स्मरणमा मनाइने वार्षिक कार्यक्रममा प्रतिबन्ध लगाइएपछि त्यसको विरोध गर्न अघिल्लो दिन मारुक युमा चार हजारभन्दा बढी रखाइन बौद्ध समुदायका व्यक्ति जम्मा भएपछि हिंसा शुरू भएको थियो। सोही घटनामा घाइते भएका अन्य थुप्रै व्यक्तिलाई अस्पताल पुर्‍याइएका छन्। विभिन्न जातीय समूह रहेको रखाइनका केही समूहले सरकारविरुद्ध नै हतियार उठाएका छन्।

### बेलायत

## हाछ्युँ रोक्नु हानिकारक

लन्डन, (एजेन्सी)

हाछ्युँ रोक्नका लागि नाक र मुख बन्द गर्नु स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन सक्ने डाक्टरहरुले चेतावनी दिएका छन्। यसले शरीरको संवेदनशील अंगमा चोट लाग्न सक्ने उनीहरुले बताए। हाछ्युँ रोक्ने प्रयासले घाँटी र कानमा नोक्सान पुग्न सक्ने र मस्तिष्कको नसासमेत फुट्न सक्ने चिकित्सकहरुले बताएका छन्। विशेषज्ञहरुले हाछ्युँले रोग फैलिने डर हुन्छ तर कुनै प्रकारको क्षतिबाट बच्न त्यसलाई बाहिर आउन दिनु नै राम्रो हुने सुझाव दिएका छन्। हाछ्युँ वा खोक्ने बेलामा बच्चा वा ठूला सबैले रुमाल वा लुगाले मुख छोप्नु राम्रो हुने पब्लिक हेल्थ इंग्ल्यान्डले जनाएको छ।

### भारत

## हज सहुलियत खारेज

नयाँदिल्ली, (एजेन्सी)

भारतका अल्पसंख्यक मामिलाका केन्द्रीय मन्त्री मुख्तार अब्बास नकवीले हज यात्रामा दिँदै आइरहेको सहुलियत अन्त्य गर्ने सरकारले फैसला गरेको पुष्टि गरेका छन्। हिन्दू राष्ट्रवादी भाजपाका प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको उक्त फैसलालाई लिएर एआईएमआईएम सांसद असदुद्दिन ओवैसीले त्यसको आलोचना गरेका छन्। उनले सरकारलाई अन्य स्थानमा धर्मका नाममा बाँध्ने गरेको पैसा पनि रोक्न चुनौती दिएका छन्। सर्वोच्च अदालतले उक्त सहुलियत सन् २०२२ सम्ममा रोक्नुपर्ने आदेश दिएको थियो। यो वर्षको बजेटमा हज सहुलियतका लागि २ अर्ब रुपियाँ छुट्याइएको र यो बजेटको अत्यन्तै सानो अंश भएको उनले बताए।

# पोर्न स्टार र ट्रम्पबीचको यौन विवाद पुनः चर्चामा

वासिङ्टन, (एजेन्सी)

अमेरिकाको राष्ट्रपतीय चुनावका बेला रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पसँग कुनै जमानामा यौन सम्पर्क राखेको कुरा लुकाउन १ लाख ३० हजार अमेरिकी डलर लिएकी एक जना पोर्न स्टारले ट्रम्पसँगको सम्बन्धबारे मंगलबार मुख खोलेकी छिन्। वयस्कहरुका लागि बन्ने चलचित्रका अभिनेत्री स्टेफानी क्लिफोर्ड उर्फ स्टोर्मी ड्यानियल्सले एक दशकअघि ट्रम्पसँग आफ्नो झन्डै एकवर्ष प्रेम प्रसंग चलेको अनलाइन म्यागजिन स्लेटलाई बताएकी छिन्।

उक्त म्यागजिनका प्रधान सम्पादक ज्याकोव वेइसवर्गका अनुसार स्टेफानीले ट्रम्पलाई सन् २००६ मा नेवाडामा आयोजित प्रतिष्ठित व्यक्तित्वको गल्फ प्रतियोगितामा भेटेकी थिइन्। त्यसपछि तिनीहरुबीच थुप्रैचोटि यौन सम्पर्क भएको थियो।

त्यतिबेला ट्रम्पको मेलानियासँग विवाह भएको दुई वर्ष मात्र भएको थियो। यसैबीच शुक्रबार दि वाल स्ट्रिट जर्नलले ट्रम्प संगठनका लामो समयदेखि वकिल रहँदै आएका वकिल माइकल कोहेनले उनलाई १ लाख ३० हजार डलर दिएर चुप पारेका थिए।

उनले ट्रम्पसँगको यौन प्रकरणलाई एबीसीको 'गुड मर्निङ अमेरिका'मार्फत सार्वजनिक गर्ने योजना बनाएकी थिइन्। तर अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउस र कोहेनले उनको पछिल्लो भनाइ अस्वीकार गरेका छन्।

दि टाइम्सलाई यस सम्बन्धमा स्पष्टीकरण दिँदै कोहेनले भनेका छन्- 'सन् २०११ देखि यस्तो हल्ला पटकपटक चल्ने गरेको छ। ट्रम्पले एक पटक फेरि कडा शब्दमा ड्यानियल्ससँगको यस्तो सम्बन्ध रहेको हल्लाको प्रतिवाद गरेका छन्।'

साथै कोहेनले ड्यानियल्सले धेरै वर्षअघि आफ्नो ट्रम्पसँग कुनै रोमान्टिक र यौन सम्बन्ध नरहेको भनी उनकै हस्ताक्षरसहित लेखिएको पत्र पनि सार्वजनिक गरेको बताएका छन्। सो पत्रमा लेखिएको छ- 'मैले डोनाल्ड ट्रम्पबाट मुख बन्द राख्ने सर्तमा पैसा लिए भन्ने हल्ला सरासर गलत छ।'





# छुद्रग्रहका कारण भूकम्पको धक्का

मिचिगन, (एजेन्सी)

दक्षिणपूर्वी मिचिगनका बासिन्दाले मंलगबार राती आकाशमा चम्किलो प्रकाश देखेलगत्तै हल्का भूकम्पको धक्का महसुस गरे। कसैले यसलाई बाहृय ग्रहको यान 'फ्लाइङ ससर', कसैले 'उल्का' भने। त्यसको केही समयपछि नै नेसनल वेडर सर्विसले उक्त रहस्यको समाधान दिए। उसले ट्विटमा अमेरिकी भूगर्भ सर्वेक्षणले राति स्थानीय समय ८ बजेर १० मिनेट जाँदा एउटा छुद्रग्रह खसेका कारण २ म्याग्निच्युडको भूकम्प आएको पुष्टि गरेको जानकारी दिए।

अमेरिकी भूगर्भ सर्वेक्षणले मिचिगनको न्युहेवनबाट ५ माइल दक्षिणपश्चिममा भूकम्पको केन्द्रविन्दु रहेको जनाएको छ। उक्त घटनाका प्रत्यक्षदर्शी स्थानीय बासिन्दाले कुतूहलतापूर्वक सामाजिक सञ्जालमा उक्त चम्किलो प्रकाशको भिडियो फुटेजलाई सेयर गरेका थिए। शुरूमा मौसम विभाग आफै शुरूमा उक्त घटनाबाट अनविज्ञ भएको जनाइएको छ।

उक्त घटनाको डाटालाई कयौंपटक अवलोकनपछि मौसम विभागले उक्त प्रकाश र आवाज चट्याङ वा मेघगर्जन नभएको पुष्टि गरेका थिए। खगोलीय एजेन्सीहरुले दिएका डाटाको गहन अध्ययनपछि अधिकारीहरुले त्यो एउटा छुद्र ग्रह भएको पुष्टि गरे। अमेरिकन मेटेओर सोसाइटीले उक्त छुद्रग्रह ६ वटा राज्य र क्यानाडाबाट देखिएको नक्सा दिएको छ।



# साइकल चलाउँदा क्यान्सरको सम्भावना न्यून !



लन्डन, (एजेन्सी)

हालै गरिएको स्वास्थसम्बन्धी एक अनुसन्धानले साइकल चलाउँदा पुरुषको यौन स्वास्थ वा मूत्र प्रणालीको सञ्चालनमा कुनै नकारात्मक प्रभाव नपर्ने तथ्य पत्ता लगाएको छ। अनुसन्धानकर्ताहरुले साइकल चालउनेहरुलाई धावक र पौडीवाजहरुसँग तुलना गर्दा तिनीहरुमा तुलनात्मक रूपमा कुनै पनि कमी नभेटेको बुझिएको छ।

विगतका अध्ययनहरुले साइकल चलाउँदा पुरुषको यौन कार्यमा नकारात्मक प्रभाव पर्ने मान्यता अघि सार्ने गरेका थिए। बरु पछिल्लो अध्ययनले साइकल चलाउने पुरुषहरुमा क्यान्सर हुने सम्भावना ५० प्रतिशतले कम हुने खुसीको कुरा पत्ता लगाएको छ।

यौन स्वास्थ्य र मूत्र प्रणालीको कार्यसम्बन्धी थुप्रै प्रश्नावलीसहित संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, क्यानाडा, अस्ट्रेलिया र न्युजिल्यान्डका करिब २ हजार ७ सय ७४ जना साइकल चालक र ५ सय ३९ जना पौडीवाज तथा ७ सय ८९ जना धावकमाथि सर्वेक्षण गरिएको थियो। केही साइकल चालकमा भने मूत्रनली साँघुरिने समस्या देखापर्ने बढी खतरा रहेको पाइएको छ।

## ट्रम्पको स्वास्थ्य परीक्षण

# कुनै असामान्य लक्षण देखिएको छैन : *चिकित्सक*

वासिङ्टन, (एजेन्सी)





ह्वाइट हाउसका चिकित्सकले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्पूर्ण स्वास्थ्य जाँच भएको, उनको स्वास्थ्य ठीक रहेको र उनमा कुनै असामान्य लक्षण नदेखिएको बताएका छन्। मंगलबार डाक्टर रोनी ज्याक्सन भने- 'मलाई उनको देख्ने, सुन्ने र सोच्ने शक्ति अर्थात् उनको मानसिक स्वास्थ्यलाई लिएर कुनै चिन्ता छैन।'

गत हप्ता ७१ वर्षीय ट्रम्पको तीन घण्टा लामो मेडिकल चेकअप भएको थियो। राष्ट्रपति बनेपछि उनको यो पहिलो पटक स्वास्थ्य जाँच भएको हो। यसअघि अमेरिकामा एक किताब सार्वजनिक भएको थियो, जसमा ट्रम्पको मानसिक स्थितिलाई लिएर प्रश्न उठाइएको थियो। ह्वाइट हाउसमा पत्रकारसँगको कुराकानीमा डाक्टर ज्याक्सनले ट्रम्पको स्वास्थ्य दुरुस्त रहेको बताए। उनले स्वास्थ्य परीक्षणबाट प्राप्त नतिजाले राष्ट्रपति कार्यकालका क्रममा राष्ट्रपतिको स्वास्थ्य ठीक हुने बताए। उनको मुटु र स्वास्थ्य मदिरा र धूमपान नगर्ने व्यक्तिको जतिकै स्वस्थ रहेको डाक्टर ज्याक्सनले बताए।

फ्राइड चिकन र डाइट कोकमा निर्भर रहेका र व्यायाम पटक्कै नगर्ने व्यक्ति कसरी स्वस्थ हुनसक्छ भन्ने एक प्रश्नको जवाफमा डाक्टर ज्याक्सनले भने- 'यसलाई भन्छ वंशाणुगुण। यो उनको वंशाणु गुणको कमाल हो।' यद्यपि डाक्टर ज्याक्सनले ट्रम्पलाई कम तेल भएको खाना र धेरै व्यायाम गर्नुले फाइदा हुने बताए। गत शुक्रबार सेनाका डाक्टरले मेरिल्यान्डको बेसेज्दास्थित वाल्टर रीड मेडिकल सेन्टरमा राष्ट्रपतिको सम्पूर्ण स्वास्थ्य जाँच भएको थियो। परीक्षणपछि उनले जाँच राम्रो तरिकाले भएको जानकारी दिए।

स्वास्थ्य परीक्षणमा डाक्टर ज्याक्सन पनि संलग्न थिए। उनी राष्ट्रपति ट्रम्पका आधिकारिक डाक्टर हुन्। ज्याक्सन अमेरिकी नौसेनामा रियर एडमिरल थिए। उनी बाराक ओबामाका पनि आधिकारिक डाक्टर थिए। ट्रम्पको जाँचका लागि अमेरिकाका पूर्वसैनिक मामिलाका विभागले 'मन्ट्रियल कग्निटिव एसेसमेन्ट' न्युरोसाइकोलोजिकल टेस्टको प्रयोग गरेको हो। उक्त परीक्षणको माध्यमबाट कुनै पनि व्यक्तिले कुनै काममा ध्यान दिने, उसको स्मरण शक्ति, भाषा, सोच्ने क्षमता, हिसाब गर्ने क्षमता र अन्य स्वास्थ्यसम्बन्धी क्षमताको परीक्षण गरिन्छ।

लेखक माइकल वुल्फको प्रकाशित किताब 'फायर एन्ड फ्युरी : इन्साइड द ट्रम्प ह्वाइट हाउस'मा ह्वाइट हाउसका कर्मचारीले ट्रम्पलाई 'बच्चा'का रूपमा हेर्ने र उनलाई 'तत्काल शान्त गर्न' आवश्यक भएको उल्लेख गरेको छ। ट्रम्पले वुल्फको आरोपलाई अस्वीकार गरेका थिए। उनको किताबलाई 'झुठको थुप्रो' भएको बताएका थिए। अमेरिकाका विदेश मन्त्री रेक्स टिलरसनले पनि राष्ट्रपतिको मानसिक स्वास्थ्यसम्बन्धी आरोपलाई पूर्णरूपमा अस्वीकार गरेका थिए।

सन् २०१५ मा ट्रम्पका निजी डाक्टर हेराल्ड बर्नस्टिनले चुनावअगाडि भएको जाँचपछि राष्ट्रपति बन्न लागेका ट्रम्प अहिलेसम्मका सबैभन्दा स्वस्थ राष्ट्रपति हुने बताएका थिए।

बुधबार सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयमा बसेको कार्यदलको बैठकले सदस्यको संख्यामा सहमति जुटाएर अन्तिम टुंगो लगाउनका लागि एकता संयोजन समितिमा पठाउने निर्णय गरेको छ।

समाचार संक्षेप

## पराजुलीद्वारा पदभार ग्रहण

काठमाडौं, (नेस)

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले सञ्चारग्रामस्थित समितिको केन्द्रीय कार्यालयमा बुधबार पद बहाली गर्नुभयो।

मन्त्रिपरिषद्को गत पुस २८ गतेको बैठकले पराजुलीलाई समितिको अध्यक्षमा दुई वर्षका लागि नियुक्त गरेको हो। कार्यक्रममा सूचना विभागका महानिर्देशक वीरबहादुर राईले समितिको काम कारबाही प्रभावकारी बनाउन नेतृत्वले सरोकारवाला संस्थाहरूसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिनुभयो।

## भक्तपुरमा व्यवसायीको हत्या

भक्तपुर, (नेस)

भक्तपुरमा माटो व्यावसायमा संलग्न एक व्यावसायीको हत्या भएको छ। चाँगुनारायण नगरपालिका-९ ताथलीका सीताराम सैंजुको हत्या भएको प्रहरीले जनाएको छ। सैंजुको शव बिहान भक्तपुर नगरपालिका-९ ब्रम्हायणी मन्दिर परिसरमा घोप्टो परेको अवस्थामा भेटिएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रवक्ता डीएसपी कृष्ण प्रसाईंले बताउनुभयो।

प्रहरीले हत्यामा संलग्न रहेको आशंकामा तीनजनालाई नियन्त्रणमा लिएको प्रसाईंले बताउनुभयो। मृतकको टाउकोको गहिरो चोट भएको प्रहरीले जनाएको छ। मृतकको शव पोस्टमार्टमका लागि शिक्षण अस्पताल महाराजगन्ज पठाएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा ढुंगाले हानेर हत्या गरेको खुलेको छ। मदिरा खाएपछि भएको विवादको कारण हत्या गरिएको हुन सक्ने प्रहरीको भनाइ छ।

## ड्रोन उडाउने भारतीय पक्राउ

काठमाडौं, (नेस)

बुढानीलकण्ठ नगरपालिका-३ डेरा गरी बस्दै आएका भारत सिक्किमका टोप्तेन लामालाई घरको छतबाट ड्रोन उडाइरहेको अवस्थामा ड्रोन र रिमोटसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

उक्त घरमा बस्ने २१ जना भारतीय नागरिक मध्येका लामाले उडाएको उक्त ड्रोन दरबारमार्गस्थित राइजिङ मलबाट मनोरञ्जनका लागि भन्दै गत मंसिर ८ गते ल्याएको खुल्न आएको छ।

## विभिन्न ठाउँमा चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१६ नयाँबजार फलफूल चोकस्थित सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाका नविन प्रकाशको मोबाइल एन्ड रिपेरिङ हाउसबाट ल्यापटप १ थान, मोबाइल २० थान, घडी १५ थान र नगद ४ सय रूपियाँसमेत गरी करीब २ लाख १० हजार ४ सय रूपियाँबराबरको धनमाल बुधबार चोरी भएको छ। यसै गरी काठमाडौं महानगरपालिका-१९ इनाटोल डेरा गरी बस्ने नुवाकोटका बिष्णु थापा मगरको कोठाबाट साढे २ तोला सुनका गहना मंगलबार चोरी भएको छ। त्यसैगरी महालक्ष्मी नगरपालिका-८ स्थित श्याम ताम्राकारको घरबाट कोही नभएको अवस्थामा सुन र नगदसहित करिब १ लाख १८ हजार रूपियाँबराबरको धनमाल मंगलबार चोरी भएको छ।

## मोटरसाइकल दुर्घटनामा परेर मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३१ शंखमुलस्थित सडकमा अछा पब्लिकेसन एन्ड जी मिडिया प्रालिमा काम गर्ने बाराको निजगढका दिपेशकुमार ठाकुरले चलाएको मोटरसाइकल गएराति अनियन्त्रित भई दुर्घटना हुँदा गम्भीर घाइते भएका सोही मोटरसाइकलमा सवार काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने झापाको महामाराका मोहन रायमाझीको सिभिल अस्पताल मीनभवनमा उपचारको क्रममा मृत्यु भएको छ।

# सिलवाललाई खोज्न प्रहरीको सर्कुलर



विषय : खोजतलास गरी उपस्थित गराईदिने सम्बन्धमा।

श्री प्रदेश प्रहरी कार्यालय, ७ (सबै)

प्रस्तुत विषयमा यस कार्यालयमा दर्ता भएको (मुद्दा दर्ता नं. २८३/०७४/०७५) मुलुकी ऐन किर्ते कागजको महल अन्तर्गतको सरकारी कागजात किर्ते मुद्दा अनुसन्धानको सिलसिलामा केही कुरा बुझ्नु पर्ने भएको हुँदा निम्न स्थान वतन भएका निम्न व्यक्तिलाई खोजतलास गरी यस कार्यालयमा अविलम्ब उपस्थित गराईदिन महानगरीय प्रहरी परिसर र सबै जिल्ला प्रहरी कार्यालयहरुलाई आवश्यक लेखापढी गरी दिने व्यवस्था हुन सादर अनुरोध गरिएको छ. भनी महानगरीय प्रहरी परिसर काठमाण्डौको च.नं. ३२५४ मिति २०७४।०९।२३ गतेको पत्रद्वारा लेखी आएको हुँदा माग भई आए अनुसारको सबै जिल्ला प्रहरी कार्यालयहरुलाई लेखापढी गरीदिने व्यवस्था हुन सादर अनुरोध भन्ने व्यहोराको पत्र क्रमश: लेखापढी हुँदै महानगरीय प्रहरी कार्यालय रानिपोखरी, अपराध अनुसन्धान शाखाको च.नं. ५७०० मिति २०७४।०९।२४ गतेको पत्रद्वारा लेखी आएको हुँदा उल्लेखित जिल्ला ललितपुर वडा नं. ४ वतन हुने झपड बहादुर सिलवालका नाती दिल बहादुर सिलवालको छोरा बर्ष ५५ को भु.पु. प्र.ना.म.नि. नवराज सिलवाललाई खोजतलास गरी फेला परेमा महानगरीय प्रहरी परिसर, काठमाण्डौंमा उपस्थितिका लागि जानकारी गराउनु हुन निर्देशानुसार अनुरोध गरिएको छ।

काठमाडौं, (नेस)

नेपाल प्रहरीले पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) तथा नेकपा एमालेका सांसद नवराज सिलवाललाई ७ वटै प्रदेश मातहतका प्रहरीलाई खोजतलास कार्यमा सहयोग गर्न सर्कुलर जारी गरेको छ। ७ वटै प्रदेशमा गरेको सर्कुलरमा ललितपुरका नवराज सिलवाललाई खोजतलास गरी फेला पारेमा काठमाडौंमा बुझाउन निर्देशन दिएको छ।

कार्यसम्पादन मूल्यांकन किर्ते गरेको अभियोगमा सिलवालसँग सोधपुछका लागि प्रहरीले खोजी जारी राखेको छ। तर, सिलवाल मलेसियामा हुने एक कार्यक्रममा भाग लिन भन्दै केही साताअघि त्यसतर्फ प्रस्थान गरेपछि नै नेपाल नफर्किएको बताइएको छ।

अदालतको फैसलापछि काठमाडौं प्रहरीले सिलवालमाथि सोधपुछ र बयान लिनुपर्ने भन्दै महानगरीय प्रहरी परिसर ललितपुरलाई गत १८ गते पत्र काटेको थियो। तर, ललितपुरले सिलवाल नभेटिएको भन्दै जवाफ दिएपछि प्रहरीले सबै प्रहरी कार्यालयमा पत्राचार गरेको हो। प्रहरीले भने घटनाको अनुसन्धान भइरहेकाले केही भन्न नमिल्ने बताएको छ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी प्रमुख एसपी रामदत्त जोशीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सिलवाल घटनाको विषयमा अनुसन्धान भइरहेकाले केही भन्न मिल्दैन। हामी सूक्ष्म अनुसन्धानकै क्रममा छौं। अनुसन्धानको प्रतिवेदन बाहिर आएपछि मात्रै हामी यो विषय बाहिर ल्याउँछौं।'

# नयाँ सरकारले प्रदेश प्रमुख फेर्ने

काठमाडौं, (नेस)

वाम गठबन्धनले सरकारले प्रदेश प्रमुख तोके पनि अब बन्ने नयाँ सरकारले परिवर्तन गर्ने बताएको छ। प्रदेश प्रमुख नतोक्दा अन्यौलता हटेको निष्कर्ष निकाल्दै नयाँ सरकार गठनपछि प्रदेश प्रमुख हटाउने नीति लिने भएको हो। सरकारले प्रदेश प्रमुख र अस्थायी राजधानी तोक्ने निर्णयपछि राष्ट्रियसभा निर्वाचनको प्रक्रिया अघि बढ्ने बाम गठबन्धनले जनाएको छ।

यसअघि एमालेका नेताहरूले सरकार प्रदेश प्रमुख तोकेपछि प्रदेश सभाका सदस्यहरूले सपथ नखाने चेतावनी दिएको थियो। जसको कारण सरकारले प्रदेश प्रमुखको बारेमा निर्णय गर्न सकेको थिए। सरकारले विभिन्न स्थानमा प्रदेशका राजधानीमा गर्दै आन्दोलन शुरु भएपछि अस्थायी राजधानी तोक्नसमेत ढिलासुस्ती गर्दै आएको थियो। तर अस्थायी राजधानी तोक्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएपछि अन्ततः सरकारले प्रदेशको अस्थायी राजधानी र प्रदेश प्रमुखको तोकेको छ।

नेकपा एमालेका सचिव एवं प्रचार विभाग प्रमुख योगेश भट्टराईले आफ्ना प्रदेश सभाका सांसदहरूले प्रदेश प्रमुखबाट सपथ दिने बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो, 'हामी प्रदेश प्रमुखबाट नै सपथ लिन्छौं, प्रक्रियामा भाग लिन्छौं।'

नयाँ सरकार गठन भएपछि प्रदेश प्रमुखको बारेमा के हुन्छ भन्ने जिज्ञासामा भट्टराईले नयाँ सरकार बनेपछि पुनर्विचार गर्ने प्रक्रिया दिनुभयो। भट्टराईले भन्नुभयो, 'यो सरकारलाई प्रदेश प्रमुखको नियुक्ति गर्ने अधिकार छ, नयाँ सरकार बनेपछि हटाउने संवैधानिक व्यवस्था छ, हटाउने/नहटाउने भोलि बन्ने सरकारको सबाल हो।' प्रदेश सभाका प्रमुख तोकिएको बारेमा आफूहरूको कुनै प्रतिक्रिया नरहेको उहाँले बताउनुभयो।

माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले सरकारको निर्णयले राष्ट्रियसभा निर्वाचनमा देखिएको अन्योलता हटेको बताउँदै प्रदेश प्रमुखको विषय नयाँ बन्ने सरकारले पुनर्विचार गर्ने बताउनुभयो। वाम गठबन्धनले प्रदेश प्रमुख वाम गठबन्धनको नेतृत्वमा बन्ने नयाँ सरकारले फेर्ने संकेत गरेको छ।

# जनकपुर राजधानी घोषणापछि वीरगन्जमा विरोध

कृष्णउदास खनाल, वीरगन्ज

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश नम्बर २ को अस्थायी राजधानी जनकपुर तोकेपछि वीरगन्जमा बुधबार साँझबाटै विरोध प्रदर्शन शुरु भएको छ।

वीरगन्जलाई २ नम्बर प्रदेशको राजधानी बनाउनुपर्ने माग गर्दै बिगत १२ दिनदेखि वीरगन्जमा नै जारी रहेको रिले अनसनको समेत वेवस्था गर्दै सरकारले जनकपुर मुकाम तोकेपछि वीरगन्जमा विरोध भएको हो। मधेशवादी गठबन्धनसहित कांग्रेस र एमालेलगायतका राजनीतिक दलहरूले सरकारले गरेको सो निर्णय गलत भएको भन्दै सच्चाउन माग गरेका छन्। वीरगन्जमा बुधबार साँझ फोरम नेपालकै अगुवाइमा मसाल जुलुससमेत निकालिएको छ।

जुलुसमा सहभागीहरूले प्रधानमन्त्री शेरबहादुर देउवाको चर्को विरोध गरेका छन्। उनीहरूले पुत्लासमेत जलाएका छत्लासमेत जलाएका छन्। सरकारी निर्णय गलत भएको भन्दै तत्काल सच्चाउन माग गर्दै फोरम नेपाल पर्साका अध्यक्ष एवम् सांसद प्रदीप यादवले पनि बुधबार नै विज्ञप्ती निकालेर विरोध जनाएका छन्।

उनले सरकारी निर्णय नसच्चाए कडा आन्दोलन गर्ने बताएका छन्। यसैबीच सरकारी निर्णयको विरोधमा बिहीबार वीरगन्ज बन्दको समेत आह्वान गरिएको छ। जनताको भावनाको अनादर भएको भन्दै जनकपुर राजधानीको घोषणाको विरोधमा बिहीबार वीरगन्ज बजार बन्दको आह्वान गरिएको प्रेस चौतारी पर्साका अध्यक्ष अनुप तिवारीले बताए। राजधानीमो माग गर्दै वीरगन्जको घण्टाघरमा जारी राखिएको रिले अनसन भने बुधबार १२ औं दिनपनि जारी रहेको छ।

# वन कार्यालयले टेरेन स्थानीय सरकारलाई

मोतीराम तिमल्सिना, काभ्रे

जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकले आयोजना गरेको वार्षिक कार्यक्रम सार्वजनिकीकरणमा स्थानीय सरकारका प्रमुखहरूले वन कार्यालयले स्थानीय सरकारलाई अटेर गरेको बताएका छन्।

स्थानीय सरकारको मातहत नबस्ने भए राजीनामा गरी राजनीतिमा आउन बन कार्यालयका कर्मचारीहरूलाई चेतावनी दिएका छन्। जिल्ला वन कार्यालयका प्रमुख प्रेम खनालले वार्षिक कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा आफू १३ वर्षको उमेरदेखि विद्यार्थी राजनीति गरेकाले नेता भएको र भाषण गर्ने बताउँदै आफ्नो शैली कसैलाई मन पर्नेपर्छ भन्ने नभएको बताए।

उनको भनाइप्रति सहभागी स्थानीय सरकारका प्रतिनिधिहरूले असहमत राखेका थिए। 'तपाईं राजनीति गर्ने भए जागिर छाडेर आउनुस्' -मण्डन देउपुर नगरपालिका प्रमुख टोकबहादुर वाईबाले भने- 'वन कार्यालयले स्थानीय सरकारलाई अटेर गरिरहेको छ।' जिल्ला वबन अधिकृत खनालले वन कार्यालय स्थानीय सरकारको मातहत नभइ प्रदेश सरकारको मातहत रहने गरी लविङ भएकाले स्थानीय सरकारको मातहत नगएको बताए। सरकारका प्रमुखहरूले सडक खन्न, भुकम्प पीडितहरूलाई समयमै घर पुननिर्माण गर्न दिन बन कार्यालय बाधक रहेको बताएका थिए।

कार्यक्रममा स्थानीय सरकारको अधिकांश जनप्रतिनिधिहरूले वन कार्यालयले इलाका, सेक्टर हुँदै जिल्ला वन कार्यालयमार्फत हुने कामहरू आफूहरूलाई जानकारी नै नभएको बताएका थिए। नमोबुद्ध नगरपालिकाका उपप्रमुख रामदेवी तामाङ, तेमाल गाउँपालिकाकी उपाध्यक्ष दुर्गामाया तामाङ, बेथान्चोक उपाध्यक्ष सरिता लामिछानेलगायतले वन कार्यालयले स्थानीय सरकारका प्रतिनिधिसमेत नसम्झिएको बताएका थिए।

सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष विनोद सापकोटाले जिल्ला वन कार्यालयले आफूलाई राजा र सेवाग्रहीलाई रैती सम्झिएको बताए। सामुदायिक बन उपभोक्ता समूहका पदाधिकारीहरूलाई वन मुद्दा लगाएर कर्मचारी जोगाएको भन्दै जिल्ला वन कार्यालयका प्रमुख खनालसँग सापकोटाले विभेद नगर्न चेतावनी दिएका थिए।

उनको चेतवानी पछि खनालले आक्रोशित हुँदै आवश्यक परे सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष सापकोटालाई समेत वन मुद्दामा फसाइदिने धम्की दिएका थिए।

जिल्ला वन कार्यालयले भूकम्पपीडितहरूको निवेदन संकलन गरी काठ वितरण नगरेको, अतिक्रमण वन हटाउन प्रयास नगरेको, गै्रकानुनी रूपमा कर्मचारी राखेको, व्यसायीहरूको मिलेमतोमा मात्रै काम गर्ने गरेको, उपभोक्ताले आफ्नै पाखोबारीको काठ चिरानीमा ल्याउँदासमेत वन मुद्दा लगाएर दुःख दिने गरेको, वैज्ञानिक वन व्यवस्थापनमा वनको कटानको प्रकृया मिचेर राज्यले प्राप्त गर्ने फाइदा र सामुदायिक वनलाई हुने फाइदाभन्दा व्यक्तिगत फाइदामा ध्यान दिएको, वन कार्यालयमार्फत बजेट विनियोजन हुने गरे पनि सामुदायिक वनसँग समेत रकम असुलेको, निजी क्षेत्रसँग मिलेर वन वृक्षारोपण गरेको भए पनि त्यसलाई निरन्तरता दिन व्यक्तिगत स्वार्थबाट प्रेरित भई कार्यक्रम निरन्तर नराखेको जस्ता विषयहरू उठेका थिए।

जिल्ला वन कार्यालयअर्न्तगका सेक्टर, इलाकाहरूमा पैसा नलिई काम नहुने भन्दै व्यवसायीहरूले समेत पटक-पटक गुनासो गर्दा पनि ध्यान नदिएको भन्दै आक्रोश पोखेका थिए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाले स्थानीय सरकार र जिल्ला वन कार्यालयको समन्वयमा मात्रै सबै कार्यक्रमहरू गर्न सुझाव दिएका थिए। जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले स्थानीय सरकारहरूलाई बलियो बनाउन राज्यका सबै निकायहरूले समन्वय गर्नुपर्ने बताएका थिए।

## एमाले-माओवादीबीच भागवण्डा मिल्यो

काठमाडौं, (नेस)

राष्ट्रियसभा सदस्यको टुंगो लगाउन गठित नेकपा एमाले र माओवादी केन्द्र सम्मिलित संयुक्त कार्यदलबीच भागवण्डामा सहमति जुटेको छ। राष्ट्रियसभाका ४३ सिटमा २ पार्टीबीचको भागवण्डा हो। सहमतिअुनसार एमालेले २९ र माओवादीले १४ सिट लिने सहमति जुटेको छ।

बुधबार सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयमा बसेको कार्यदलको बैठकले सदस्यको संख्यामा सहमति जुटाएर अन्तिम टुंगो लगाउनका लागि एकता संयोजन समितिमा पठाउने निर्णय गरेको छ। कार्यदलका संयोजक सुवासचन्द्र नेम्वाङले राष्ट्रियसभाका ५६ सिटमध्ये १३ वटा सिटमा भने अन्य दलहरूसँग पनि तालमेलपछि निर्णय गरिने जानकारी दिनुभयो।

नेकपा माओवादी केन्द्रका नेता एवं कार्यदलका सदस्य वर्षमान पुनले महिला, दलित, जनजातिलगायतबाट समावेशी क्लस्टर मिलाइने बताउनुभयो। प्रदेशसभामा आएको निर्वाचनको नतिजाको आधार, पार्टी एकता गर्ने सहमतिको मर्मअनुसार राष्ट्रियसभाका सिट बाँडफाँड गरेको उहाँले जानकारी दिनुभयो। वाम गठबन्धनको कार्यदलले प्रदेशमा मुख्यमन्त्री, सभामुखलगायत विषयमा भने टुँगो लगाउन सकेको छैन।

सहमतिअनुसार प्रदेश नम्बर १ मा एमालेले ५, माओवादी केन्द्रले १, प्रदेश नम्बर २ मा एमालेले १, माओवादीले १, प्रदेश नम्बर ३ मा एमालेले ५ र माओवादीले १, प्रदेश नम्बर ४ मा एमालेले ४ र माओवादीले २, प्रदेश नम्बर ५ मा एमालेले ४, माओवादीले २, प्रदेश नम्बर ६ मा एमालेले ५, माओवादीले ३ र प्रदेश नम्बर ७ मा एमालेले ४ र माओवादीले २ सिट लिने सहमति गरेका छन्।

## चोरी गर्ने समूह पक्राउ

राजविराज, (नेस)

सप्तरीमा सुरुङ खनेर पसल र घरमा चोरी गर्ने समुह पक्राउ परेको छ। जिल्ला प्रहरी कार्यालयको टोलीले समूहमै घर र पसलमा सुरुङ खनेर चोरी गर्ने गिरोहलाई पक्राउ गरी बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। पछिल्लोपटक सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ स्थित राजेश्वर साहको अंजनी सुन चाँदी पसलमा सुरुङ खनेर चोरी गर्ने गिरोहका ४ सदस्यलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेहरूमा राजविराज नगरपालिका ४ बस्ने ३ मुरलीकुमार साह, छिन्नमस्ता गाउँपालिका ५ बस्ने सन्तोषकुमार साह, सत्रुधन साह र महेश यादव छन्।

### ग्लोबल...

यस २ दशकअधिका प्रतियोगितामा बनेका रेकर्डहरू अब तोडिने संभावना कम रहेको तथ्य सार्वजनिक भएको हो त्यसैले अहिले विश्वमा बढिरहेको तापमानले गर्दा खेलाडीले सर्वश्रेष्ठ प्रदर्शन गर्न नसक्ने अवस्थामा पुगेका छन्। १२ डिग्री सेल्सियसको तापमानमा सबैभन्दा बढी छिटो दौड्न सक्ने वैज्ञानिकहरूले बताएका छन।

### प्रदेश...

**प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार**

संविधानमा गरेको व्यवस्थाअनुसार ७ वटै प्रदेशले प्रदेश प्रमुख पाएको छ। संविधानको धारा १६७ मा प्रदेश प्रमुखले संघीय कानुनबमोजिम राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने छ। त्यसपछि आफ्नो कार्यभार सम्हाल्ने छ।

संविधानको धारामा १६६ मा प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएको छ। सोही धाराको उपधारा (१) प्रदेश प्रमुखले यो संविधान वा कानुनबमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्ने भनिएको छ।

त्यसै गरी (२) उपधारामा (१) बमोजिम अधिकारको प्रयोग गर्दा वा कर्तव्यको पालन गर्दा यो संविधान वा कानुनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्यबाहेक प्रदेश प्रमुखबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुने भनिएको छ। त्यस्तो सिफारिस र सम्मति मुख्यमन्त्रीमार्फत पेस हुने संवैधानिक प्रावधान रहेको छ।

त्यसै गरी (३) उपधारा (२) बमोजिम प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रदेश कानुनबमोजिम हुनेछ। त्यसै गरी संविधानको धारा १६८ अनुसार प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ। र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन गर्ने पनि प्रदेश प्रमुखको जिम्मेवारी रहने भनिएको छ।

प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३ दिनभित्र मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ।

मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ।

प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कूल सदस्य संख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ।

कर्मचारी भएका कारण प्रदेश प्रमुखलाई नेपाल सरकारले जुनसुकै बेला फिर्ता बोलाउन सक्छ। अन्यथा पूरा कार्यकाल भने पाँच वर्षको हुनेछ। एउटै व्यक्ति एक पटकभन्दा बढी एउटै प्रदेशको प्रदेश प्रमुख हुन नपाउने संवैधानिक व्यवस्था समेत गरिएको छ।

### मनाङ्गेबारे...

२०६१ सालमा चक्रे मिलनलगायत समूहलाई दीपक मनाङ्गे समूहले खुकुरी प्रहार गरेको थियो। मनाङ्गे समूहको आक्रमणबाट चक्रे मिलनको टाउकोमा गम्भीर चोट लागेको थियो भने हात चुँडिएको थियो। उपचारपछि उनको हात जोडिएको थियो। उक्त घटनाको उजुरी दर्ता भएपछि प्रहरीले मनाङ्गेलगायतविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरेको थियो।

मनाङ्गेसहित उक्त समूहका रेवत कार्की, उमेश सुनुवार, गणेश लामा र उमेश लामालगायत १२ जना जोडिएको उक्त मुद्दामा जिल्ला अदालतले कर्तव्य ज्यान नभई कुटपिट ठहर गरी केहीलाई २ वर्ष कैद सजायको फैसला गरेको थियो। जिल्ला अदालतको निर्णयविरुद्ध सरकारी वकिल कार्यालयले २०६९ सालमा पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेको थियो। पुनरावेदन अदालतले सरकारी दाबीअनुसार ज्यान मार्ने उद्योग गरेको ठहरसहित मनाङ्गेलाई ५ वर्षको जेल सजाय सुनायो भने अन्य चार जनालाई सफाइ दियो। अरू ४ जनालाई पनि कारबाहीको माग गर्दै उक्त मुद्दा सर्वोच्चमा आइपुग्यो। मंगलबार मनाङ्गेको हकमा केही नबोलेको सर्वोच्चका सञ्चार विज्ञ पौडेलले बताउनुभयो।

### अरू...

राष्ट्रपति विद्यादेवी भण्डारीले ०७३ माघ २ गते रानीपोखरी पुनर्निर्माण अभियानको उद्घाटन गरेलगत्तै पुरातत्व विभागले उपलब्ध गराएको ड्इङ डिजाइनको निर्माण आरम्भ गरिएको थियो। ११ करोड २० लाख रुपियाँमा रानीपोखरी पुननिर्माणको टेण्डर आब्हान गरिए पनि तीनजना ठेकेदारले रकम घटाएर ७ करोड १० लाखमा जिर्णोद्धार गर्ने गरी सम्झौता भएको थियो।

रानीपोखरी करिब साढे ३ सय वर्षपछि पहिलोपटक पूर्ण रूपमा सफा गर्न थालिएको हो। विगतमा कामपाले पोखरी सफा गर्न खोज्दा पुरातत्व विभाग र स्थानीयबाट अवरोध आएको थियो। अहिले सबैको सहमतिमा पोखरी सफा गरी माछा स्थानान्तरण गर्न थालिएको छ।



# अर्थ

2018, JAN
Thursday
18

वारेन बफेटको सिद्धान्तअनुसार आफ्नो बचतको ५ प्रतिशत मात्र पनि बुझेर लगानी गर्न सकेमा पुँजी बजारको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुन सक्ने बताउँदै सिन्हाले हाल शाख मूल्यांकन संस्थाको सेवासमेत उपलब्ध भएकाले लगानी कार्य धेरै सहज भएको दाबी गर्नुभयो।

# पुँजी बजारका मुद्दा चुनौतीपूर्ण

**नेपाल समाचारपत्र**

काठमाडौं

न्यायाधीश तथा कानुन व्यवसायीहरूले पुँजी बजारका मुद्दा चुनौतीपूर्ण रहेको बताएका छन्। बुधबार धितोपत्र बजार नियमन तथा कानुनी व्यवस्थासम्बन्धी अन्तक्रिया कार्यक्रम बोल्दै सहभागी न्यायाधीश तथा कानुन व्यवसायीले पुँजी बजारका मुद्दामा आवश्यक अध्ययन तथा ज्ञानको अभाव रहेकाले नेपाल धितोपत्र बोर्डलाई जिल्ला अदालतसरह अधिकार दिइएमा धितोपत्र बजारसम्बन्धी धेरै मुद्दाहरू बोर्डबाटै निरुपण हुनसक्ने धारणा राखेका हुन्।

सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश दीपकराज जोशीले कार्यक्रमलाई सम्बोधन गर्दै वाणिज्यसम्बन्धी ऐन नियममा समेत न्यायाधीशहरूलाई स्पष्ट हुन नसकेकाले मुद्दाका दुवै पक्ष उपस्थित भएपछि मात्र मुद्दा अगाडि बढाउने गरिएको जानकारी दिनुभयो। उहँले यससम्बन्धमा कानुन व्यवसायी थप अध्ययनशील हुनुपर्ने हुँदा यसप्रकारका छलफल कार्यक्रम निकै सान्र्दभिक हुने पनि बताउनुभयो।

कार्यक्रमका विशिष्ट अतिथि तथा सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हाले नबुझेर लहैलहैमा लागि शेयर खरिद बिक्री गर्दा जुवा जस्तै नै हुन सक्ने बताउनुभयो। विगत केही वर्षमा पुँजी बजारमा भएका सुधारसम्बन्धी प्रगति हेर्दा पुँजी बजारमा शंका गर्नुपर्ने ठाउँ नदेखिएको उहाँको भनाइ थियो। वारेन बफेटको सिद्धान्तअनुसार आफ्नो बचतको ५ प्रतिशत मात्र पनि बुझेर लगानी गर्न सकेमा पुँजी बजारको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुन सक्ने बताउँदै सिन्हाले हाल शाख मूल्यांकन संस्थाको सेवासमेत उपलब्ध भएकाले लगानी कार्य धेरै सहज भएको दाबी गर्नुभयो।

अन्तर्क्रिया कार्यक्रममा काठमाडौं जिल्ला अदालत बार एसोसिएसनका उपाध्यक्ष मदन रेग्मीले स्वागत मन्तव्य दिँदै धितोपत्र बजारसम्बन्धी धेरै मुद्दाहरू बोर्डबाटै निरुपण हुनसक्ने धारणा राख्नुभएको थियो।

यस्तै विशेष अदालत पाटनका अध्यक्ष बाबुराम रेग्मीले कार्यक्रम निकै समसामयिक रहेको, हाल भएको सुधारले प्राथमिक बजारमा हुने शेयर खरिद बिक्री कार्य स्वच्छ एवं सहज भएको बताउनुभयो। उहाँले मुद्दा चलाउन तथा जरीवानासमेत तोक्न सक्ने बोर्ड सक्षम तथा स्वायत्त दुवै हुनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले बोर्डले हालसालै बजारको सुधार तथा विकास कार्यलाई द्रुतरूपमा अगाडि बढाई पूर्णरूपमा अभौतीकृत कारोबारको व्यवस्था गरेको बताउनुभयो।

## धितोपत्र बजारका मुद्दाहरु बोर्डबाटै निरूपण हुनुपर्ने जानकारहरुको जोड।

बोर्डले धितोपत्रको प्राथमिक बजारमा देशव्यापी पहुँचको व्यवस्था तथा धितोपत्र बजारसम्बन्धी नियमन निकायको अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गर्नुका साथै धितोपत्र बजारमा भएका पछिल्ला सुधार कार्यहरूबाट बजार स्वच्छ एवं पारदर्शी भई बोर्डप्रति सम्बद्ध पक्षको विश्वास बढेको उहाँको दाबी थियो। उहाँले बजारसम्बन्धी भए रहेका गुनासा बोर्डमा नै पेस हुने गरेकाले अदालतमा बजारसम्बन्धी मुद्दामामिलामा कमी हुँदै गएको दाबी पनि गर्नुभयो।

कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक परीष्टनाथ पौड्यालले धितोपत्र बजारको वर्तमान अवस्था र भावी कार्यक्रम र नेप्सेका उप-प्रबन्धक निरञ्जन फुयालले पुँजी बजारसम्बन्धी मुद्दामामिलामा अदालतबाट हुने फैसला तथा फैसलाबाट बजारमा पर्ने व्यावहारिक कठिनाइसहित धितोपत्रको दोस्रो बजारसम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो। त्यस्तै नेप्से तथा सीडीएस तथा बोर्डका निर्देशक मुक्तिनाथ श्रेष्ठले धितोपत्र बोर्डसम्बन्धी कानुनी व्यवस्था तथा समस्याजस्ता विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

छलफल कार्यक्रममा सहभागीले धितोपत्र कारोबारमा हस्ताक्षर प्रमाणित कार्यमा समस्या रहेको, डिम्याट खातालाई दुरुपयोग गरेको, कालो धनलाई सेतो धन बनाउन नदिनमा भइरहेका प्रयास सम्बन्धमा विभिन्न जिज्ञाशा उठाएका थिए।

कार्यक्रममा उठेका जिज्ञाशाहरू सम्बोधन गर्ने क्रममा बोर्ड अध्यक्ष डा. कार्कीले बोर्डले हालसालै अन्य सुधारका अतिरिक्त कानुन प्रबलीकरणमा जोड दिएको, धितोपत्र दलाल व्यवसायीलाई व्यवस्थित रूपमा केवाईसी राख्न लगाएको, बहुडिम्याट खातालाई दुईवटामा झार्न आवश्यक कार्य अगाडि बढाएको बताउनुभयो।

## नेप्से घट्यो

काठमाडौं, (नेस)

साताको तेस्रो कारोबार दिन नेप्से परिसूचक ७ दशमलव १९ अंकले घटेको छ। बुधबार १ हजार ४ सय १३ दशमलव ७१ अंकबाट शुरू भएर नेप्से १ हजार ४ सय ६ दशमलव ५२ अंकमा पुगेर रोकिएको हो।

बुधबार कारोबार शुरू भएसँगै पौन एक घण्टा ओरालो लागेको शेयर बजार त्यसपछि भने सम्हालिएको थियो। दिनकै न्यूनतम बिन्दु १ हजार ३ सय ९९ अंकमा पुगे पनि बजार त्यसपछि सम्हालिएको हो। शेयर बजार मंगलबार पनि १७ दशमलव ३९ अंकले घटेको थियो। नेप्से परिसूचक घट्दा बुधबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १ दशमलव ५५ अंकले घटेर २ सय ९६ दशमलव ८६ को बिन्दुमा पुगेको छ।

नेप्से घट्दा बुधबार कारोबार रकम भने बढेको छ। मंगलबार ३६ करोड २३ लाख रुपियाँको कारोबार भएको बजारमा बुधबार ४० करोड ४८ लाख ६७ हजार ४ सय ६७ रुपियाँको शेयर कारोबार भएको छ। यस दिन १ सय ५८ कम्पनीका ९ लाख ७९ हजार १ सय ९६ कित्ता शेयर किनबेच भएका छन्।

बुधबार कारोबारमा आएका १० मध्ये ९ समूहका परिसूचकहरू घट्दा नेप्से ओरालो लागेको हो। मंगलबारजस्तै यस दिन पनि सबैभन्दा बढी घट्नेमा जलविद्युत् समूह रहेका छन्। जलविद्युत् समूहको परिसूचक १५ दशमलव १७ अंकले घट्दा अन्य समूह पनि १० दशमलव ७४ अंकले घटेको हो। त्यसैगरी बजारमा होट विकास बैंक तथा बैंकिङ समूहका परिसूचक क्रमशः ७ दशमलव ८१, ७ दशमलव २ र ७ दशमलव १७ अंकले घट्दा वित्त र उत्पालनमूलक समूह पनि २ दशमलव ९४ र २ दशमलव ४१ अंकले घटे। त्यस्तै बीमा समूहमा बुधबार शून्य दशमलव ८ अंकको झिनो गिरावट आउँदा लघुवित्त समूह भने ४ दशमलव शून्य १ अंकले बढ्यो।

अघिल्लो दिनझैं यसदिन पनि सबैभन्दा बढी कारोबार सानिमामाई हाइड्रोपावर कम्पनीको भएको छ। यस कम्पनीका १२ करोड २० लाख रुपियाँभन्दा बढीको कारोबार हुँदा आरएसडीसी लघुवित्त वित्तीय संस्था लगानीकर्ताले सबैभन्दा धेरै कमाए। संस्थाको शेयर मूल्य ५ दशमलव २७ प्रतिशतले बढ्दा त्यस्तै सिन्धु विकास बैंक, प्रुडेन्सिएल इन्स्योरेन्सका लागानीकर्ताले ३ प्रतिशतभन्दा बढीले कमाए। यद्यपि अपि पावर कम्पनीलगायत ६ वटा कम्पनीको शेयर मूल्य ३ प्रतिशतभन्दा धेरैले घट्यो।


ज्योति
**हिमाल स्टील आजको भाउ**

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
**बिक्री मूल्य रू. प्रति किलोग्राम**

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ ४, जनवरी १८, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।१६ | १०२।७६ |
| युरो १ को रू. | १२४।७६ | १२५।४९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४०।५२ | १४१।३४ |
| स्विस फ्रन्क १ को रू. | १०५।७७ | १०६।३९ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।२० | ८१।६७ |
| क्यानाडियन डलर १ को रू. | ८२।१० | ८२।५८ |
| सिङ्गापुर डलर १ को रू. | ७७।१५ | ७७।६० |
| जापानी यन १० को रू. | ९।२३ | ९।२८ |
| चिनियाँ युआन १ को रू. | १५।८६ | १५।९५ |
| साउदी अरब रियाल १ को रू. | २७।२४ | २७।४० |
| कतारी रियाल १ को रू. | २८।०६ | २८।२२ |
| थाई भाट १ को रू. | ३।१९ | ३।२१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८१ | २७।९८ |
| मलसियन रिङ्गिट १ को रू. | २५।८२ | २५।९७ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५९ | ९।६५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।७० |
| डेनिस क्रानर १ का रू. | १६।७५ |
| हङकङ डलर १ का रू. | १३।०६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## फेरि बढ्यो इन्धनको मूल्य

काठमाडौं, (नेस)

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेको भन्दै मंगलबार राति १२ बजेबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ।

पेट्रोलमा प्रतिलिटर एक रुपियाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर २ रुपियाँ मूल्य बढेको छ। स्वचालित मूल्य निर्धारण प्रणालीबमोजिम मूल्य बढेको निगमले जनाएको छ।

हरेक १५ दिनमा मूल्य समायोजन गर्ने नीतिअनुसार मूल्य बढेको हो। भारतीय आयल निगम लिमिटेडले नयाँ मूल्य पठाएपछि निगमले पनि बिहीबारदेखि मूल्य बढाएको हो। बिहीबारदेखि एक लिटर पेट्रोललाई १ सय ३ रुपियाँ, डिजेल र मट्टितेल ८१ रुपियाँ पुगेको छ।

## SHARE MARKET

**17 JANAURY WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6401.00 | 417.00 | 409.00 | 413.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 893.00 | 420.00 | 405.00 | 405.00 | -15.00 |
| 3 | Arun Finance Limited | 230.00 | 169.00 | 164.00 | 169.00 | 2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2095.00 | 337.00 | 333.00 | 335.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2453.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 8799.00 | 1353.00 | 1338.00 | 1339.00 | -26.00 |
| 7 | Bank of Kathmandu Ltd. | 9587.00 | 409.00 | 401.00 | 407.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 200.00 | 190.00 | 185.00 | 190.00 | 2.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 10.00 | 7000.00 | 7000.00 | 7000.00 | 50.00 |
| 10 | Butwal Power Company Limited | 13149.00 | 665.00 | 648.00 | 665.00 | 5.00 |
| 11 | Central Finance Co. Ltd. | 259.00 | 136.00 | 136.00 | 136.00 | 2.00 |
| 12 | Century Commercial Bank Ltd. | 11870.00 | 200.00 | 194.00 | 197.00 | 0.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 860.00 | 1010.00 | 995.00 | 1000.00 | -15.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 154.00 | 171.00 | 166.00 | 171.00 | 2.00 |
| 15 | Chilime Hydropower Company Limited | 5438.00 | 890.00 | 875.00 | 878.00 | -5.00 |
| 16 | Citizen Bank International Limited | 36278.00 | 283.00 | 280.00 | 280.00 | -3.00 |
| 17 | Citizen Investment Trust | 1425.00 | 3535.00 | 3500.00 | 3500.00 | -16.00 |
| 18 | Civil Bank Ltd | 14323.00 | 179.00 | 177.00 | 178.00 | -1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 320.00 | 870.00 | 854.00 | 862.00 | -8.00 |
| 20 | Deprosc Development Bank Limited | 935.00 | 855.00 | 841.00 | 841.00 | -9.00 |
| 21 | Deva Bikas Bank Limited | 8536.00 | 175.00 | 167.00 | 173.00 | 1.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 40.00 | 150.00 | 147.00 | 149.00 | 0.00 |
| 23 | Everest Bank Limited | 7133.00 | 890.00 | 872.00 | 883.00 | -10.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 10.00 | 727.00 | 727.00 | 727.00 | -14.00 |
| 25 | Everest Insurance Co. Ltd. | 1900.00 | 1800.00 | 1785.00 | 1793.00 | -42.00 |
| 26 | Excel Development Bank Ltd. | 1466.00 | 359.00 | 356.00 | 356.00 | -4.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 12241.00 | 824.00 | 816.00 | 817.00 | -12.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 286.00 | 3370.00 | 3320.00 | 3370.00 | 15.00 |
| 29 | Gandaki Bikas Bank Limited | 1901.00 | 230.00 | 228.00 | 228.00 | -4.00 |
| 30 | Garima Bikas Bank Limited | 3073.00 | 195.00 | 186.00 | 195.00 | 3.00 |
| 31 | Global IME Bank Limited | 9227.00 | 314.00 | 311.00 | 311.00 | -3.00 |
| 32 | Global IME Samunnat Scheme-1 | 34500.00 | 9.97 | 9.90 | 9.97 | 0.17 |
| 33 | Goodwill Finance Co. Ltd. | 100.00 | 145.00 | 145.00 | 145.00 | -2.00 |
| 34 | Green Development Bank Ltd. | 210.00 | 183.00 | 182.00 | 182.00 | -1.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 150.00 | 162.00 | 162.00 | 162.00 | -3.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 1070.00 | 934.00 | 923.00 | 934.00 | -6.00 |
| 37 | Gurkhas Finance Ltd. | 28.00 | 143.00 | 141.00 | 143.00 | 0.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 1498.00 | 174.00 | 171.00 | 174.00 | 0.00 |
| 39 | Himalayan Bank Limited | 1689.00 | 655.00 | 650.00 | 653.00 | -6.00 |
| 40 | Himalayan Distillery Limited | 10.00 | 1234.00 | 1234.00 | 1234.00 | -25.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 8055.00 | 500.00 | 489.00 | 492.00 | -4.00 |
| 42 | Himalayan Power Partner Ltd. | 6830.00 | 370.00 | 362.00 | 365.00 | -5.00 |
| 43 | IME General Insurance Ltd. | 654.00 | 1020.00 | 1019.00 | 1020.00 | -5.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 1431.00 | 170.00 | 166.00 | 167.00 | -3.00 |
| 45 | Janaki Finance Ltd. | 200.00 | 171.00 | 169.00 | 171.00 | -1.00 |
| 46 | Janata Bank Nepal Ltd. | 42885.00 | 187.00 | 184.00 | 186.00 | -3.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 212.00 | 2990.00 | 2921.00 | 2980.00 | 0.00 |
| 48 | Jebils Finance Ltd. | 1320.00 | 132.00 | 128.00 | 128.00 | -4.00 |
| 49 | Jyoti Bikas Bank Limited | 4954.00 | 157.00 | 155.00 | 155.00 | -4.00 |
| 50 | Kabeli Bikas Bank Limited | 156.00 | 336.00 | 324.00 | 330.00 | 0.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 5250.00 | 230.00 | 226.00 | 226.00 | -4.00 |
| 52 | Kalika Microcredit Dev. Bank Ltd. | 680.00 | 1720.00 | 1690.00 | 1692.00 | -31.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 12215.00 | 168.00 | 156.00 | 161.00 | -4.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 4675.00 | 153.00 | 150.00 | 153.00 | 1.00 |
| 55 | Karnali Development Bank Limited | 30.00 | 131.00 | 131.00 | 131.00 | -2.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 70.00 | 145.00 | 141.00 | 145.00 | -1.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 22.00 | 1791.00 | 1791.00 | 1791.00 | -29.00 |
| 58 | Kuber Merchant Finance Limited | 100.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 59 | Kumari Bank Limited | 32396.00 | 282.00 | 279.00 | 280.00 | -6.00 |
| 60 | Kumari Bank Limited Promotor Share | 9348.00 | 147.00 | 145.00 | 145.00 | -5.00 |
| 61 | Lalitpur Finance Ltd. | 1340.00 | 172.00 | 167.00 | 167.00 | -6.00 |
| 62 | Laxmi Bank Limited | 9072.00 | 270.00 | 263.00 | 268.00 | 3.00 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 991.00 | 1262.00 | 1245.00 | 1260.00 | -10.00 |
| 64 | Laxmi Value Fund-1 | 500.00 | 11.58 | 11.58 | 11.58 | 0.23 |
| 65 | Life Insurance Co. Nepal | 503.00 | 1985.00 | 1930.00 | 1985.00 | 40.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 1966.00 | 164.00 | 161.00 | 163.00 | 2.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 1554.00 | 592.00 | 585.00 | 591.00 | 0.00 |
| 68 | Machhapuchhre Bank Limited | 3345.00 | 272.00 | 268.00 | 270.00 | -1.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 7672.00 | 180.00 | 173.00 | 179.00 | 3.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 72.00 | 810.00 | 793.00 | 810.00 | 3.00 |
| 71 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 243.00 | 3000.00 | 2930.00 | 2942.00 | -58.00 |
| 72 | Manjushree Finance Ltd. | 1600.00 | 142.00 | 141.00 | 141.00 | -3.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 234.00 | 1351.00 | 1318.00 | 1340.00 | 15.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 141.00 | 2900.00 | 2850.00 | 2860.00 | 10.00 |
| 75 | Miteri Development Bank Limited | 1000.00 | 326.00 | 320.00 | 320.00 | -6.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 108.00 | 1070.00 | 1070.00 | 1070.00 | 0.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 6265.00 | 422.00 | 416.00 | 418.00 | 0.00 |
| 78 | Nabil Bank Limited | 20617.00 | 1045.00 | 1010.00 | 1039.00 | 9.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 2673.00 | 854.00 | 849.00 | 852.00 | -2.00 |
| 80 | Nabil Equity Fund | 16897.00 | 10.15 | 10.00 | 10.00 | 0.00 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 199.00 | 2510.00 | 2500.00 | 2510.00 | 20.00 |
| 82 | National Hydro Power Company Limited | 18480.00 | 117.00 | 115.00 | 115.00 | -1.00 |
| 83 | National Life Insurance Co. Ltd. | 3843.00 | 1552.00 | 1510.00 | 1520.00 | -2.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 210.00 | 2243.00 | 2200.00 | 2220.00 | -10.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 52.00 | 2380.00 | 2350.00 | 2366.00 | 14.00 |
| 86 | Neco Insurance Co. Ltd. | 7390.00 | 825.00 | 810.00 | 815.00 | -7.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 7458.00 | 272.00 | 268.00 | 270.00 | -2.00 |
| 88 | Nepal Bank Limited | 22368.00 | 350.00 | 346.00 | 347.00 | -2.00 |
| 89 | Nepal Credit And Com. Bank Limited | 11891.00 | 325.00 | 321.00 | 322.00 | -4.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 607.00 | 780.00 | 772.00 | 772.00 | -12.00 |
| 91 | Nepal Grameen Bikas Bank Ltd. | 3201.00 | 665.00 | 652.00 | 660.00 | 0.00 |
| 92 | Nepal Hydro Developers Ltd. | 423.00 | 219.00 | 213.00 | 216.00 | 1.00 |
| 93 | Nepal Insurance Co. Ltd. | 424.00 | 1350.00 | 1340.00 | 1345.00 | -5.00 |
| 94 | Nepal Investment Bank Limited | 9034.00 | 655.00 | 647.00 | 652.00 | -5.00 |
| 95 | Nepal Investment Bank Ltd. Pro. Share | 1310.00 | 588.00 | 575.00 | 575.00 | -10.00 |
| 96 | Nepal Life Insurance Co. Ltd. | 3523.00 | 1807.00 | 1771.00 | 1790.00 | -9.00 |
| 97 | Nepal SBI Bank Limited | 3443.00 | 596.00 | 589.00 | 591.00 | -3.00 |
| 98 | Nerude Laghubita Bikas Bank Limited | 891.00 | 814.00 | 793.00 | 793.00 | 0.00 |
| 99 | Ngadi Group Power Ltd. | 582.00 | 230.00 | 227.00 | 227.00 | -3.00 |
| 100 | NIBL Pragati Fund | 1112.00 | 10.00 | 10.00 | 10.00 | 0.17 |
| 101 | NIBL Samriddhi Fund 1 | 30000.00 | 11.95 | 11.85 | 11.85 | -0.29 |
| 102 | NIC Asia Bank Ltd. | 8376.00 | 347.00 | 341.00 | 343.00 | -4.00 |
| 103 | Nirdhan Utthan Bank Limited | 632.00 | 1240.00 | 1225.00 | 1238.00 | 14.00 |
| 104 | NLG Insurance Company Ltd. | 180.00 | 1350.00 | 1350.00 | 1350.00 | 0.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 352.00 | 1825.00 | 1764.00 | 1825.00 | 25.00 |
| 106 | NMB Bank Limited | 4694.00 | 453.00 | 447.00 | 450.00 | -4.00 |
| 107 | NMB Sulav Investment Fund-1 | 10666.00 | 12.70 | 12.50 | 12.61 | -0.20 |
| 108 | Om Development Bank Ltd. | 1914.00 | 233.00 | 229.00 | 232.00 | 0.00 |
| 109 | Oriental Hotels Limited | 723.00 | 664.00 | 652.00 | 664.00 | 4.00 |
| 110 | Pokhara Finance Ltd. | 831.00 | 170.00 | 168.00 | 170.00 | 0.00 |
| 111 | Prabhu Bank Limited | 10858.00 | 245.00 | 242.00 | 242.00 | -4.00 |
| 112 | Prabhu Insurance Ltd. | 1485.00 | 816.00 | 780.00 | 805.00 | 15.00 |
| 113 | Premier Insurance Co. Ltd. | 120.00 | 1400.00 | 1372.00 | 1399.00 | 20.00 |
| 114 | Prime Commercial Bank Ltd. | 13059.00 | 304.00 | 299.00 | 303.00 | 2.00 |
| 115 | Prime Life Insurance Company Limited | 4646.00 | 1733.00 | 1692.00 | 1694.00 | -21.00 |
| 116 | ProgressiveFinance Limited | 280.00 | 207.00 | 207.00 | 207.00 | 0.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 400.00 | 805.00 | 790.00 | 800.00 | 25.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 1069.00 | 213.00 | 209.00 | 209.00 | -4.00 |
| 119 | Rastriya Beema Company Limited | 654.00 | 13300.00 | 13000.00 | 13205.00 | 0.00 |
| 120 | Rastriya Beema Co. Limited Pro. Share | 30.00 | 12899.00 | 12899.00 | 12899.00 | 74.00 |
| 121 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 72.00 | 1502.00 | 1471.00 | 1502.00 | 1.00 |
| 122 | Reliance Finance Ltd. | 1451.00 | 142.00 | 138.00 | 142.00 | 0.00 |
| 123 | Ridi Hydropower Dev. Company Ltd. | 527.00 | 150.00 | 145.00 | 150.00 | 2.00 |
| 124 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 338.00 | 1198.00 | 1116.00 | 1198.00 | 60.00 |
| 125 | Rural Microfinance Dev. Centre Ltd. | 2362.00 | 645.00 | 635.00 | 641.00 | 1.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 317.00 | 1415.00 | 1396.00 | 1400.00 | 7.00 |
| 127 | Sahayogi Bikas Bank Limited | 2460.00 | 235.00 | 232.00 | 232.00 | -5.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 371.00 | 1177.00 | 1150.00 | 1168.00 | 14.00 |
| 129 | Sanima Bank Limited | 25651.00 | 340.00 | 334.00 | 337.00 | -3.00 |
| 130 | Sanima Mai Hydropower Ltd. | 290789.00 | 427.00 | 418.00 | 418.00 | -12.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 1690.00 | 137.00 | 134.00 | 135.00 | -1.00 |
| 132 | Shangrila Development Bank Ltd. | 1091.00 | 196.00 | 193.00 | 193.00 | -6.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 170.00 | 1170.00 | 1165.00 | 1165.00 | -5.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 380.00 | 294.00 | 294.00 | 294.00 | 2.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 45.00 | 229.00 | 229.00 | 229.00 | -4.00 |
| 136 | Shrijana Finance (Bittaya Sanstha) | 310.00 | 340.00 | 334.00 | 334.00 | -2.00 |
| 137 | Siddhartha Bank Limited | 4922.00 | 372.00 | 363.00 | 370.00 | 0.00 |
| 138 | Siddhartha Equity Fund | 13200.00 | 10.15 | 10.00 | 10.15 | 0.15 |
| 139 | Siddhartha Equity Orineted Scheme | 1000.00 | 12.50 | 12.50 | 12.50 | 0.00 |
| 140 | Siddhartha Insurance Ltd. | 2292.00 | 1020.00 | 1000.00 | 1000.00 | -1.00 |
| 141 | Sindhu Bikash Bank Ltd | 737.00 | 157.00 | 150.00 | 157.00 | 6.00 |
| 142 | Soaltee Hotel Limited | 2030.00 | 275.00 | 273.00 | 273.00 | -2.00 |

Total Amount Rs. 404,867,467 Total Quantity 979,196 Total No of Transactions 4,460



पोखराको फेवातालमा सजाइएको दृश्यावलोकन स्थल। पहिले निःशुल्क रहेको उक्त स्थल प्रवेश गर्न अहिले नेपाली पर्यटकले प्रतिव्यक्ति २० र विदेशीले ५० रुपियाँ तिर्नुपर्छ। संकलन भएको रकम ताल विकासका लागि प्रयोग हुने बताइएको छ।
तस्वीर : अनिल आङदेम्बे

२०७४, माघ
बिहीबार
४

महालेखा परीक्षकको कार्यालयमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारका कार्यालय, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, नेपाल लेखामान बोर्ड तथा नेपाल लेखापरीक्षण बोर्डलगायत १२ नियामक संस्थाहरुका पदाधिकारीबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।




## PRESS RELEASE

### गुराँस लाइफद्वारा दाबी भुक्तानी

काठमाडौं, (नेस)

गुराँस लाइफ इन्स्योरेन्सले ५ लाख ५० हजार रुपियाँ बराबरको बीमा दाबी भुक्तानी गरेको छ। लम्जुङ जिल्ला राइनस नगरपालिका वडा नं. २ घर भएका शुक्रबहादुर सेनको वैदेशिक रोजगारीका क्रममा हृदयघातको कारण मृत्यु भएको थियो। गुराँस लाइफमा म्यादी जीवन बीमा गराएका सेनको दाबी भुक्तानीमार्फतको रकम उनकी श्रीमती सपना शाही मल्ललाई हस्तान्तरण गरिएको छ।

### सिद्धार्थ बैंकको भाइबर बैंकिङ सेवा

काठमाडौं, (नेस)

सिद्धार्थ बैंकले प्रविधिमैत्री ग्राहकहरूलाई लक्षित गरी भाइबर बैंकिङ सेवा शुरू गरेको छ। यस सेवामार्फत ग्राहकहरूले सहजरूपमा आफ्नो मोबाइल, ल्यापटप, ट्याबलेट, कम्प्युटरलगायत अन्य विद्युतीय उपकरणबाट बैंकिङ सेवाबारे जानकारी लिन सक्नेछन्। भाइबर बैंकिङ सेवा लिन ग्राहकको मोबाइल नम्बर बैंकको सिद्धार्थ बैंक स्मार्ट मोबाइल बैंकिङ सेवामा रजिस्टर गरिएको हुनुपर्नेछ। सिद्धार्थ बैंक स्मार्ट मोबाइल बैंकिङ सेवामा रजिस्टर गरिएको मोबाइलका प्रयोगकर्ता ग्राहकले भाइबर बैंकिङमार्फत खातामा रहेको रकम तथा स्टेटमेन्ट हेर्ने, कर्जा सुविधा, मुद्दती खातालगायत बैंकका अन्य सेवाबारे जानकारी पाउन सक्नेछन्।

उक्त सेवा बैंकका ग्राहकले मात्र नभई बैंकमा खाता नभएका सर्वसाधारणले पनि उपयोग गर्न सक्नेछन्। खाता नभएको व्यक्तिले यस सेवामार्फत बैंकका शाखा, एटीएम तथा अन्य सेवासम्बन्धी जानकारी लिन सकिने बैंकले जनाएको छ।

### सिटी एक्सप्रेस र सिगे मनी ट्रान्सफरबीच सम्झौता

काठमाडौं, (नेस)

बेलायतको रेमिट कम्पनी सिगे मनी ट्रान्सफर र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच रेमिट्यान्स सेवा शुरू भएको छ।

उक्त सेवा शुरू भएसँगै युरोप हुँदै अन्य देशहरूबाट सिगे मनी ट्रान्सफरले सिटी एक्सप्रेस मनी ट्रान्सफरमार्फत नेपालको कुनै पनि बैंकको खातामा रकम प्रवाह गर्न सकिने सिगेका प्रेसिडेन्ट जोसेफ अगिलरले जानकारी दिनुभयो। सम्झौतामा सिटी एक्सप्रेसका तर्फबाट प्रबन्ध निर्देशक चन्द्र टण्डन र सिगे मनी ट्रान्सफरबाट प्रेसिडेन्ट जोसेफ अगिलरले हस्ताक्षर गर्नुभएको थियो। सिगेका सिगे मनी ट्रान्सफरको विश्वभरि सय बढी देशहरूमा सञ्जाल छ भने ९० हजारभन्दा बढी एजेन्ट लोकेसन रहेका छन्। सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा विगत ११ वर्षदेखि विदेशबाट पठाएको रकम आफ्ना ५ हजारभन्दा बढी नेपालका एजेन्टहरूमार्फत भुक्तानी गर्दै आइरहेको छ।

### माघ ६ बाट 'द नेक्स्ट अस्ट्रेलियन एजुकेसन फेयर'

काठमाडौं, (नेस)

उच्च शिक्षाका लागि अस्ट्रेलिया अध्ययन गर्न जाने विद्यार्थीहरूलाई परामर्श प्रदान गर्दै आइरहेको द नेक्स्ट एजुकेसन कन्सलटेन्सीको आयोजनामा माघ ६ गतेदेखि 'द नेक्स्ट अस्ट्रेलियन एजुकेसन फेयर-२०१८' आयोजना हुने भएको छ।

काठमाडौंस्थित होटल अन्नपूर्णमा हुने शैक्षिक मेलामा अस्ट्रेलियाका २५ वटा विश्वविद्यालय तथा कलेजहरूको सहभागिता रहनेछ। नेक्स्टका कार्यकारी निर्देशक शालिकराम भण्डारीका अनुसार फेयरमा सहभागी कलेज तथा युनिभर्सिटीका प्रतिनिधिहरू पनि उपस्थित हुनेछन्। विश्वविद्यालय र कलेजका प्रतिनिधिसँग विद्यार्थी तथा अभिभावकले आफ्ना जिज्ञाशालाई लिएर संवाद गर्न सक्ने भएकाले मेला महत्त्वपूर्ण हुने भण्डारीको भनाइ छ।

फेयरमा अस्ट्रेलियन क्याथोलिक युनिभर्सिटी, वलङ्घन युनिभर्सिटी, ब्लु माउन्टेन होटल स्कुल, मेलबर्न इन्टिच्युट अफ टेक्नोलोजी, युनिभर्सिटी अफ न्यु इंग्ल्यान्डलगायतका कलेज तथा युनिभर्सिटीहरूको उपस्थिति रहनेछ। द नेक्ट एजुकेसन कन्सलटेन्सीका अनुसार मेला माघ ६ गते शनिबार काठमाडौंमा तथा ७ र ८ गते क्रमशः बुटवल र चितवनमा पनि गरिनेछ।

### यस वर्ष पनि मो:मोत्सव

काठमाडौं, (नेस)

कोका-कोला यस वर्ष पनि उपभोक्तासामु मो:मोत्सव ल्याएको छ। उपभोक्ताले यस वर्ष पनि उपभोक्ताले विभिन्न तातो-तातो मो:मोसँग चिसो कोका-कोलाको मज्जा लिन सक्नेछन्। कोका-कोलाले नेपालका प्रमुख रेस्टुरेन्टहरूका चेन तथा भोजनालयसागको सहकार्यमा तेस्रो 'कोका-कोला मो:मोत्सव' आयोजना गरेको छ।

यसको नाम जस्तै, यो म:म अभियानले कोका-कोलाका साथमा म:महरूको विभिन्न प्रकारको स्वाद लिन सकिने र आफ्नो अनुभवलाई अझै उत्कृष्ट बनाउने अवसर प्रदान गर्ने कम्पनीले जनाएको छ। यस महोत्सवमा साहभागी रहेका चर्चित कलाकार तथा खानाका पारखी नायिका प्रियंका कार्कीका साथै स्वस्तिमा खड्का र वर्षा सिवाकोटी विभिन्न आउटलेटको भ्रमण गर्नेछन्। उपत्यकाबाहिर पोखरा र भरतपुरमा समेत उनीहरूको उपस्थिति रहने कम्पनीले जनाएको छ।

यो उत्समा सहभागी हुनका लागि कोका-कोला र म:मसँग आफ्नो सेल्फी खिची हस्ट्याग कोकिन्ड म:म २०१८ साथ यट कोका कोला नेपाल ट्याग गरी आफ्ना पोस्ट पब्लिक गर्नुपर्नेछ।

# खाद्यको मुद्रास्फीति गैरखाद्यको भन्दा कम

नेपाल समाचारपत्र

काठमाडौं

मंसिर महिनामा नेपालको मूल्यवृद्धि भारतको भन्दा कम रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। मंसिरमा नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फ्रीति अन्तर १ प्रतिशत रहेको हो। राष्ट्र बैंकका अनुसार २०७४ मंसिर महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४ दशमलव २ प्रतिशत रहेकोमा भारतको ५ दशमलव २ प्रतिशत रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा नेपालको मूल्यवृद्धि भारतको भन्दा शून्य दशमलव ४ प्रतिशत कम रहेको थियो। सो अवधिमा नेपाल र भारतमा यस्तो मुद्रास्फीति क्रमशः ३ दशमलव ८ प्रतिशत र ३ दशमलव ४ प्रतिशत रहेका थिए।

चालू आर्थिक वर्षको मंसिर महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति केही वृद्धि भई ४ दशमलव २ प्रतिशत पुगेको छ। मंसिरमा खाद्य तथा पेय पदार्थलगायतमा भएको मूल्य वृद्धिले कात्तिकमा ३ दशमलव ९ प्रतिशत रहेको उपभोक्ता मुद्रास्फीति बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

२०७४ भदौ र असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति क्रमशः ३ दशमलव ४ र ३ दशमलव १ प्रतिशत रहेको थियो। अघिल्लो वर्षको सोही अवधिको मुद्रास्फीतिको तुलनामा भने पाँचौं महिनाको मुद्रास्फीति बढी हो। गत वर्षको मंसिरमा मुद्रास्फीति ३ दशमलव ८ प्रतिशत थियो।

नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको चालू आवको पाँचौं महिनाको तथ्यांकअनुसार खाद्य मुद्रास्फीति २ दशमलव ८ प्रतिशत रहेको छ। त्यस्तै गैरखाद्य मुद्रास्फीति ५ दशमलव ३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको मंसिरमा खाद्य तथा गैरखाद्य मुद्रास्फीति क्रमशः शून्य दशमलव ६ र ६ दशमलव ५ प्रतिशत रहेको थियो। गत वर्षको तुलनामा खाद्य समूहअन्तर्गतको तरकारी, दुग्धजन्य पदार्थ तथा अण्डाको मूल्यमा वृद्धि भएका कारण समग्र खाद्य मुद्रास्फीति बढ्न गएको राष्ट्र बैंकले जनाएको छ। त्यसैगरी गैरखाद्य समूहअन्तर्गतको लत्ताकपडा तथा जुत्ता, फर्निसिङ तथा घरायसी उपकरण, स्वास्थ्य, हाउजिङ तथा युटिलिटीलगायतका वस्तुहरूको मूल्य वृद्धिदर गत वर्षको तुलनामा कम रहेकाले गैरखाद्य मुद्रास्फीति कम रहन गएको हो।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति हिमालमा ५ दशमलव ५ प्रतिशत, तराईमा ४ दशमलव ३ प्रतिशत र पहाडमा ४ दशमलव ८ प्रतिशत रहेको छ। समीक्षा अवधिमा हिमाली क्षेत्रअन्तर्गत रहेको चन्दननाथ बजारकेन्द्रमा भएको उच्च मूल्य वृद्धिका कारणले तुलनात्मक रूपमा अन्य क्षेत्रको भन्दा हिमाली क्षेत्रको मूल्यवृद्धि अधिक रहेको हो।

राष्ट्र बैंकको तथ्यांकअनुसार मंसिर महिनामा काठमाडौं उपत्यकाको मूल्यवृद्धि ३ दशमलव ४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर हिमालमा ३ दशमलव ७ प्रतिशत, तराईमा ३ दशमलव ७ प्रतिशत, पहाडमा ५ दशमलव ६ प्रतिशत र काठमाडौं उपत्यकामा २ दशमलव ५ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर १ दशमलव ८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति २ दशमलव ७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुको मूल्य सूचकांक १ दशमलव ६ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुको मूल्य सूचकांक ३ दशमलव ५ प्रतिशत तथा आयातित वस्तुको मूल्य सूचकांक शून्य दशमलव ९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुको मूल्य सूचकांक ३ दशमलव ५ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुको मूल्य सूचकांक ४ दशमलव ७ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुको मूल्य सूचकांक शून्य दशमलव ६ प्रतिशतले घटेको थियो

## मंसिरमा पनि रेमिट्यान्स वृद्धिदर ऋणात्मक

काठमाडौं, (नेस)

नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको रेमिट्यान्स नेपाल भित्रिने क्रम घट्न जारी भएको छ। चालू आर्थिक वर्षको कात्तिकमा पहिलोपटक घटेको रेमिट्यान्स आप्रवाह मंसिरसम्ममा पनि २ अर्बभन्दा बढीले घटेको छ।

कात्तिकमा पौने ५ अर्ब रुपियाँले घटेको रेमिट्यान्स मंसिरमा २ अर्ब १८ करोड घटेको हो। चालू आर्थिक वर्षको ५ महिनामा विप्रेषण आप्रवाह शून्य दशमलव ८ प्रतिशतले घट्दै २ खर्ब ८७ अर्ब ६६ करोड रुपियाँमा पुगेको छ। गत आवको सोही अवधिमा विप्रेषण आप्रवाह २ खर्ब ८५ अर्ब ४८ करोड रुपियाँ रहेको थियो। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स ६ प्रतिशतले बढेको थियो। यद्यपि मंसिरमा प्राप्त भएको रेमिट्यान्स अघिल्लो महिनाको तुलनामा भने बढेको छ। कात्तिकमा कुल ५२ अर्ब ६३ करोड रुपियाँ विप्रेषण आप्रवाह भएकोमा मंसिरमा कुल ५६ अर्ब ५३ करोड रुपियाँ रेमिट्यान्स नेपाल भित्रिएको हो।

वैदेशिक रोजगारीका लागि बाहिरिने नेपालीको संख्या घटेकाले रेमिट्यान्स भित्रिने क्रम घटेको राष्ट्र बैंकले जनाएको छ। श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ५ महिनामा अघिल्लो वर्षको तुलनामा सोही अवधिको तुलनामा २ दशमलव ५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ८ दशमलव ९ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा मलेसिया जाने कामदारको संख्यामा उच्च वृद्धि भएको तर साउदी अरेबिया जानेको संख्यामा उल्लेख्य गिरावट आएको छ। साउदी अरेबियामा पछिल्लो समय देखिएको मन्दीको कारण त्यहाँ रोजगारीका लागि जाने नेपालीको संख्यामा कमी आएको देखिन्छ।

समीक्षा अवधिमा खुद ट्रान्सफर आय शून्य दशमलव २ प्रतिशतले घटी ३ खर्ब ३१ अर्ब रुपियाँमा सीमित भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ५ दशमलव २ प्रतिशतले बढेको थियो। घट्दो रेमिट्यान्स र व्यापार असन्तुलन कायमै रहँदा देशको आय व्यय (शोधानान्तर स्थिति) मा दबाब पुगेको राष्ट्र बैंकले जनाएको छ। यस अवधिमा चालू खाता ४१ अर्ब ९५ करोड रुपियाँ घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधीमा चालू खाता ३ अर्ब ४९ करोड रुपियाँ रहेको थियो। त्यस्तै अघिल्लो वर्षको ५ महिनामा २८ अर्ब ७८ करोड रुपियाँले बचतमा रहेको समग्र शोधानान्तर समीक्षा अवधिमा ९ अर्ब २७ करोड रुपियाँले घाटामा रहेको छ।

समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ८ अर्ब ८६ करोड रुपियाँ र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह ११ अर्ब १२ करोड रुपियाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर ५ अर्ब १५ करोड रुपियाँ र प्रत्यक्ष वैदेशिक लगानी ६ अर्ब ८४ करोड रुपियाँ रहेको थियो।

## बैंकिङ एक्स्पो हुँदै




नेपाल समाचारपत्र

काठमाडौं

माघ १९ र २० गते काठमाडौंमा दोस्रो बैंकिङ एक्स्पो २०१८ सञ्चालन हुने भएको छ। बैंकिङ क्षेत्रले गर्ने कामका बारेमा उपभोक्तालाई जानकारी दिने उद्देश्यले एक्स्पोको आयोजना गर्न लागिएको हो।

पर्याप्त सूचनाको अभावमा बैंकिङ क्षेत्रले गर्ने कामका बारेमा अधिकांशलाई जानकारी छैन। बैंकिङ क्षेत्रबाट हुने लगानीका विधि, कर्जा र ब्याजलगायतका विषयमा थाहा नहुँदा मानिसहरूमा उपभोक्ता अन्योलमा रहेको पाइन्छ। एक्स्पोमार्फत बैंकिङ सूचना प्रवाह गर्ने आम नागरिकको बैंकिङ क्षेत्रमा पहुँच बढाई उद्यमशीलता विकास गर्ने लक्ष्य लिइएको छ। त्यसैगरी बैंकिङ क्षेत्रमा भित्रिएका नयाँ प्रविधिबारे जनचेतना बढाउने एवं बैंक वित्त कम्पनीका नयाँ सेवाहरूबारे जानकारी गराउने कार्यक्रमको उद्देश्य रहेको छ।

बैंक तथा वित्तीय क्षेत्रको सूचना मेलाका रूपमा बैंकिङ एक्स्पो सञ्चालन गर्न लागिएको हो। नेपाल राष्ट्र बैंकको प्रवर्द्धन एवम् नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स संघ, माइक्रोफाइनान्स बैंकर्स संघ, नेपाल वित्तीय संस्था संघ, बीमा समिति, नेपाल धितोपत्र बोर्ड र युवा स्वरोजगार कोषसँगको सहकार्यमा मिडिया इन्टरनेसनलले उक्त सूचना मेलाको आयोजना गर्न लागेको हो।

राष्ट्रिय अभियानअन्तर्गत बैंकिङ एक्स्पो कार्यक्रमबारे जानकारी दिने उद्देश्यले बुधबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेपाल राष्ट्र बैंकका सहायक सूचना अधिकृत शम्भुनाथ ढुंगानाले वित्तीय साक्षरता, वित्तीय पहुँच र बीमा पहुँचमा मुलुक पछाडि परिरहेको बताउनुभयो। एक्स्पोले वित्तीय सूचना प्रवाहमा मद्दत पुऱ्याउने उहाँले बताउनुभयो। नेपाल राष्ट्र बैंकले २०६६/०६७ सालदेखि नै नोटको जतन गर्नुपर्ने, हुण्डीको प्रयोग गर्न नहुने, बचत गर्ने बानी बसाल्नुपर्ने, बचत गरेको रकम बैंकिङ च्यानलमा राख्नुपर्नेलगायतका नाराहरू उठाउँदै आएको छ। ढुंगानाले राष्ट्र बैंकको प्रयासलाई बैंकिङ एक्स्पोले थप सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

बीमा समितिका निर्देशक राजुरमन पौडेलले बीमाको ८ प्रतिशतको दायरालाई फराकिलो बनाउन बीमा चेतनाको आवश्यकता रहेको बताउनुभयो। बीमालाई बिक्री वस्तु नभई खरिद वस्तु बनाउनुपर्ने पौडेलको भनाइ छ।

नेपाल बैंकर्स संघका कार्यसमिति सदस्य अशोक शेरचनले अर्थतन्त्रलाई चलायमान बनाइराख्न कुनै एक संस्थाले मात्र नभएर बैंक, निजी क्षेत्र एवम् सरकारले समेत यस्तो जागरणमूलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुपर्ने धारणा राख्नुभयो। यस्तै, डेभलपमेन्ट बैंकर्स संघका अध्यक्ष भरतराज ढकालले बैंकहरू शहरबजार र धनीहरूका लागि मात्रै हो भन्ने विद्यमान मानसिकतालाई परिवर्तन गर्न बैंकिङ एक्स्पो सहयोगी सावित हुने उनले बताउनुभयो।

एक्स्पोमा विशेष गरी बैंकिङ प्रविधि र सेयर बजारसम्बन्धी सूचनालाई केन्द्रमा राखिने बताइएको छ। बैंक तथा वित्तीय संस्थाका साथमा रेमिटचान्स कम्पनीहरू, बीमा कम्पनीहरू, धितोपत्र बोर्ड, युवा स्वरोजगार कोषलगायतको सूचनामूलक स्टल रहने जनाइएको छ।

## वित्तीय प्रतिवेदनमान लागू गर्न निर्देशन

काठमाडौं, (नेस)

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक निकाय तथा सरकारी निकायलाई आफ्नो काम कारबाहीलाई जवाफदेही र पारदर्शी बनाउन वित्तीय प्रतिवेदनमानको प्रभावकारी रूपमा लागू गर्न निर्देशन दिएको छ।

बुधबार महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)ले नेपाल वित्तीय प्रतिवेदन मान तथा नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गर्ने सम्बन्धमा सबै नियामक निकायहरूले जिम्मेवारीपूर्वक भूमिका खेल्न निर्देशन दिनुभयो। नेपालमा संगठित संस्थाहरूले 'नेपाल वित्तीय प्रतिवेदनमान' र सरकारी कार्यालय, विभाग तथा मन्त्रालयले 'नेपाल सार्वजनिक लेखामान' लागू गर्ने निर्णय भइसकेको भए पनि हालसम्म पूर्णरूपमा लागू नभएको महालेखा परीक्षक शर्माको भनाइ छ। सार्वजनिक निकाय तथा सरकारी निकायहरूको काम कारबाही पारदर्शी र जवाफदेही बनाई उक्त प्रतिवेदनमान एवं लेखामानलाई प्रभावकारीरूपमा लागू गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो।

सो कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमान तथा नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गर्ने सन्दर्भमा देखापरेका समस्या र आगामी दिनमा सुधार गर्नुपर्ने जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।


## Amendment Notice

**In connection to the vacancy announcement published on Samacharpatra ; dated 2 Magh 2074 by Kathmandu University School of Medical Sciences, Dhulikhel Hospital, Kathmandu University Hospital, Dhulikhel following faculty position is amended as follows:**

| Position | Qualification/ Department | Requirement |
|---|---|---|
| Associate Professor | MD Radiology | a. Should have postgraduate degree or equivalent qualification in the respective subject together with teaching/research experience of three years as Assistant Professor, and<br>b. Publications as per Norms at the level of Assistant Professor. |

## हामा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड
### त्रिपुरेश्वर, काठमाडौंको कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित कर्जावालाले यस संस्थाबाट लिनु भएको कर्जाको सावा, व्याज तथा हर्जाना समेतको रकम समयमा नबुझाई कर्जा लिंदा गरेको शर्त बमोजिम कर्जा चुक्ता गर्न पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशीत गरीएको छ। अतः यो सूचना प्रकाशीत भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने बांकी सर्म्पूण सांवा, व्याज र लाग्ने अन्य दै(दस्तुर समेत बुझाउन यस संस्थाको कार्यालयमा उपस्थित भई कर्जा चुक्ता गर्नुहोला र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नुहोला। अन्यथा लेखिदिएको धितो लिलाम विक्री गरी असुल उपर गरिनेछ। सो बाट पनि अपुग भएमा ऋणी, धनजमानी दिने व्यक्ति समेतको घर घरानाबाट असुल उपर गरिने व्यहोरा अवगत गरांउदै सहकारी ऐन,२०४८ को दफा ३९ तथा सहकारी नियमावली २०४९ को नियम २५ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | कर्जावालाको नाम र तिनपुस्ते | ठेगाना | धितो विवरण | व्यक्तिगत धनजमा नीदिनेको नाम, ठेगाना र तिनपुस्ते | कर्जावालाको फोटो |
|---|---|---|---|---|---|
| १. | दिपेन्द्र के.सी<br>बाजे:आनन्द बहादुर के.सी.<br>बाबु:गोपाल बहादुर के.सी. | का.जि. बुढानिलकण्ठ न.पा.वडा नं.८ | ऋणीको नाममा मालपोतकार्यालय चावहिलमा दर्ता श्रेष्ता कायम रहेको साविक खड्काभद्रकालि गा.वि.स.वडा नं.६ हाल बुढानिलकण्ठ न.पा. वडा नं.८ स्थित कि.नं.६५ को क्षे.फ.११९३ व.मी.को जग्गा र सो जग्गामा बने को २ तल्ले पक्की घर र लिगलगाापात समेत | निवेदिता पण्डित<br>का.म.न.पा.वडा नं.३०,बांसबारी<br>ससुरा: नर बहादुर पण्डित<br>पति : कृष्ण बहादुर पण्डित<br><br>विजय लम्साल<br>का.म.न.पा.वडा नं.३४, पुरानो वानेश्वर<br>बाजे : कृष्ण प्रसाद लम्साल<br>बाबु: केशव कुमार लम्साल |  |

**नोट :** यस हामा बहुउदेश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई समयमा सांवा ब्याज किस्ता नियमित नबुझाउने अन्य ऋणीहरुले समेत संस्थामा तुरुन्त सम्पर्क राखि किस्ता बुझाउनु होला अन्यथा क्रमश अन्य ऋणीहरुको समेत सुचना प्रकाशित गरी रकम असुल उपरको कारवाहि गरिने ब्यहोरा जानकारी गराइन्छ।




**हामा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं.४२१९९३५, ४२२८८७५

# दक्षिण अफ्रिकालाई भारतविरुद्ध टेस्ट सिरिज

नयाँ दिल्ली, (एजेन्सी)

लुंगी नगिडी र कागिसो रबाडाको घातक बलिङ र उत्कृष्ट फिल्डिङको सहयोगमा दक्षिण अफ्रिकाले बुधबार दोस्रो टेस्ट जित्दै फ्रिडम ट्रफीमाथि पुनः कब्जा गरेको छ।

सेन्च्युरियनमा टेस्टको अन्तिम दिन दक्षिण अफ्रिकाले भारतलाई १ सय ३५ रनले हराएको हो। भारत १ सय ५१ रनमा अलआउट भएको थियो। योसँगै ३ टेस्टको सिरिजमा २-० ले अग्रता बनाउँदै दक्षिण अफ्रिकाले फ्रिडम ट्रफी फेरि हासिल गरेको हो। यसअघि केपटाउनमा भएको पहिलो टेस्टमा दक्षिण अफ्रिका ७२ रनले जितेको थियो।

दक्षिण अफ्रिकाले २ सय ८७ रनको लक्ष्य दिएकोमा भारतले पाँचौ दिन ३ विकेटको क्षतिमा ३५ रनबाट खेल शुरू गरेको थियो। तर नगिडी र रबाडाले भारतीय ब्याटसम्यानलाई अंकुश लगाएपछि टोलीले हिजो बाँकी ७ विकेट १ सय १६ रन खर्चेर हात पार्‍यो। डेब्यु गरेका नगिडीले ३९ रन दिएर भारतका शीर्ष ६ ब्याटसम्यानलाई पबेलियनको बाटो देखाए। त्यस्तै रबाडाले ३ विकेट हासिल गरेका थिए।

भारतको तर्फबाट रोहित शर्माले सर्वाधिक ४७ रन बनाएका थिए। ८७ रनमा सात विकेट आउट भएपछि रोहित र मोहम्मद सामीले आठौं विकेटका लागि ५४ रनको साझेदारी गरे। तर रोहित अर्धसतकको निकट पुग्दा आठौं विकेटको रूपमा रबाडाले लिए। चौकाका लागि बल पुल गर्दा बाउन्ड्रीमा एबी डिभिलियर्सले डाइभ गरेर उत्कृष्ट क्याच लिएका थिए।



यसै टेस्टमा भारतीय क्रिकेट टोलीका पर्खाल नामले उपनाम पाएका चेतेश्वर पुजाराले दुर्लभ कीर्तिमान दर्ता गरेका छन्। उनी एकै टेस्टमा पहिलो र दोस्रो इनिङमा रनआउट हुने पहिलो भारतीय क्रिकेटर बनेका छन्। तर यसरी रनआउट हुनेमा उनी पहिलो खेलाडी भने होइनन्। यसअघि सन् २००० मा न्युजिल्यान्डका पूर्वकप्तान स्टेफेन फ्लेमिङ जिम्बावेविरुद्ध दुवै इनिङमा रनआउट भएका थिए।

## महेश्वरी र वैद्यनाथको जित

काठमाडौं, (नेस)

हल्चोकमा जारी सशस्त्र प्रहरी महानिरीक्षक रनिङ सिल्ड प्रतियोगिताअन्तर्गत बुधबार भलिबलतर्फ महेश्वरी बाहिनीको टिम र वैद्यनाथ बाहिनीको टिम विजयी भएका छन्।

महेश्वरी बाहिनीले महानगरीय सशस्त्र प्रहरी कार्यालयको टिमलाई २५-२१, २५-२३ र २५-२३ ले र वैद्यनाथ बाहिनीले रुद्र बाहिनीको टिमलाई २५-२०, २३-२५, २३-२५, २५-२२ र १५-१२ ले पराजित गरेका हुन्। यसै गरी फुटबलतर्फ वैद्यनाथ बाहिनीको टिमले महानगरीय सशस्त्र प्रहरी कार्यालयको टिमलाई २-० ले र रुद्र बाहिनीको टिमले महेश्वरी बाहिनीको टिमलाई १-० ले हराएका थिए।

## महिला भलिबललाई सेबको सहयोग

काठमाडौं, (नेस)

ढोरपाटन महिला डबल लिग भलिबल प्रतियोगितालाई सामाखुसी बोर्डिङ स्कुल (सेब) ले सहप्रायोजन गरेको छ। बुधबार आयोजित कार्यक्रममा सेब स्कुलका प्रिन्सिपल युवराज थापा, स्कुलकी संस्थाक निर्देशक मधुमाया थापाले आयोजक ढोरपाटन स्पोर्टस् क्लका अध्यक्ष मनवीर छन्त्याललाई संयुक्त रूपमा २ लाखको चेक हस्तान्तरण गरे। सेबले १ लाख नगद र १ लाखबराबरको खेलकुद पोसाक, ब्यानरमा खर्च गर्नेछ। सोही अवसरमा बिजी मलकी बजार प्रमुख पुजालअधिकारीले पनि छन्त्याललाई सह-प्रायोजन बापतको १ लाख १० हजार रूपियाँको चेक हस्तान्तरण गरिन्।

रेडबुलले मुख्य प्रायोजन रहेको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अध्यक्ष छन्त्यालले पत्रकार सम्मेलनमा जानकारी दिए। नयाँ बसपार्कस्थित ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रमा माघ १९ गतेसम्म हुने प्रतियोगितामा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ, त्रिभुवन आर्मी, नेपाल पुलिस, न्यु डायमन्ड एकेडेमी, न्यु डायमन्ड स्पोर्ट्स क्लब, पोखराको टप्स हाई स्कुल, पूर्वाञ्चल क्षेत्रीय महिला भलिबल टोली, पारामाउन्ट हाइस्कुल, स्प्रिङडेल इङ्लिस स्कुल, श्री गाउँ स्पोर्ट्स विकास समिति, मेघौली स्पोर्ट्स फाउन्डेसन र थ्रीस्टार एकेडमीको सहभागिता रहनेछ।

प्रतियोगिताको विजेताले ३ लाख २५ हजार, उपबिजेताले १ लाख ७० हजार र तेस्रो हुनेले ८० हजार नगद पुरस्कार पाउनेछन्। यस्तै चौथो हुनेले ५० हजार, पाचौंले ४० हजार, छैठौंले ३० हजार र सातौं हुने टोलीले २० हजार नगद प्राप्त गर्नेछन्।



## धरहरा

### छोड्नुस शंका



चुनावको समयमा खर्च नगर्ने नेता त के नेता ? खर्च नगर्नेहरु त नेताको परिभाषाभित्रै अटाउँदैनन्। त्यसैले त अस्ति मंसिरको प्रदेश र प्रतिनिधिसभाको चुनावमा खर्च गर्ने नेताहरूको ठूलै प्रतिस्पर्धा थियो। 'पैसाको खोलो बगाए पनि फलानाले हार्‍यो, हार्न हुन्नथ्यो, विचरा !' -यस्तै कृतिम सान्त्वनाका स्वर पनि पर्याप्त सुनियो।

अनि चुनावमा हार्ने निश्चित भएकाहरूले पनि आफ्नो गच्छेअनुसार खर्च गरेको धरहराले देखेकै हो। त्यही प्रसंग सम्झाउने गरी अहिले उम्मेवारहरूको खर्च सार्वजनिक भएको छ। निर्वाचन आयोगले प्रदेशतर्फका उम्मेदवारलाई अधिकतम १५ लाख र प्रतिनिधिसभाका उम्मेदवारलाई २५ लाख रूपियाँ चुनावी खर्च गर्न पाइने व्यवस्था तोकेको थियो।

तर धेरैले अनुमान गरेभन्दा उम्मेदवारहरु यसपटक धेरै मितव्ययी बनेको विवरण सार्वजनिक भएको छ। केही थोरै नेताको खर्च १५ र २५ लाखका हाराहारीमा भएको देखिए पनि धेरै नेताको त तोकिएको हदभन्दा आधा कम देखिन्छ। अनि भएनन् त मितव्ययी ? त्यसैले चुनाव पैसाले मात्रै जितिने होइन रहेछ, निर्वाचनको जित हार न त नेताको प्रोफाइलमा भर पर्ने रहेछ भन्ने कुरा विवरणले पुष्टि गरेको छ।

त्यसैले अब आइन्दा 'फलानाले लाखौं खर्च गर्‍या हो, फलनाले त झन् करोडौं खर्च गर्‍या थियो, उसले पैसाको खोलो बगाएर मात्र जित्या हो', भन्न छोड्नुस्, छोड्नुस अनेका शंका। हैन भने नेताले गरेको खर्चको बिलप्याडसहित आयोगमा उजुरी गर्नुस्।

## डिमित्रोभले हार टारे

मेलबर्न, (एजेन्सी)

तेस्रो वरियताका ग्रिगोर डिमित्रोभले अमेरिकाका मेकेन्जी मेकडोनाल्डलाई पन्छाएर अस्ट्रेलियन ओपनको तेस्रो चरणमा स्थान सुरक्षित गरेका छन्।

झण्डै ३ घण्टा २५ मिनेट चलेको खेलमा बुल्गेरियाका डिमित्रोभले अमेरिकी क्वालिफायर खेलाडीलाई ४-६, ६-२, ६-४, ०-६, ८-६ ले हराएर सम्भावित हारलाई टारेका हुन्। बुधबार सम्पन्न खेलमा शीर्ष वरियताका राफाल नाडालले भने अर्जेन्टिनाका लियोनार्दो मायरलाई सीधा सेटमा हराएर अन्तिम ३२ मा पुगे। उनले २ घण्टा ३८ मिनेटको समयमा विश्व नम्बर ५२ मायरलाई ६-३, ६-४, ७-६ ले पन्छाएका थिए। नाडालले आगामी खेल बोस्निया र हर्जगोभिनाका डामीर जुमहरसँग खेल्नेछन्।



गत राखेप च्याम्पियनसिपअन्तर्गत १५औं राष्ट्रिय जुडो प्रतियोगिताको आ-आफ्नो तौलसमूहमा पहिलो र दोस्रो हुने खेलाडीलाई प्रशिक्षण दिने क्रममा अन्तर्राष्ट्रिय जुडो महासंघ (आईजेएफ) का जुडो प्रशिक्षक डान तेलर्का। आगामी दक्षिण एसियाली, एसियाली र ओलम्पिक खेलकुदको तयारीलाई ध्यानमा राखी नेपाल जुडो संघले अन्तर्राष्ट्रिय प्रशिक्षकका लागि आईजेएफमा पहल गरेको थियो। सोहीअनुरूप आईजेएफले रोमानियाका छैटौं डान तेलर्कालाई नेपाल पठाएको हो।

## क्रिकेट कार्निभल दुई दिन हुने

काठमाडौं, (नेस)

नेपालमा पहिलोपटक आयोजना हुन लागेको क्रिकेट कार्निभलको सम्पूर्ण तयारी पुरा भएको आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीले बुधबार पत्रकार सम्मेलन गरी जानकारी गराएका छन्।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा माघ ५ र ६ गते हुने क्रिकेट कार्निभलमा राष्ट्रिय खेलाडी, राजनीतिज्ञ, कलाकार, पत्रकार र व्यवसायीबीच प्रदर्शनी खेलसमेत हुनेछ। यस्तै क्रिकेट सम्मान, ट्यालेन्ट हन्ट, क्रिकेट सामग्री बिक्री, क्रिकेटसम्बन्धी फोटो प्रदर्शनी, वृत्तचित्र प्रदर्शनी, सेमिनार, सांगीतिक कन्सर्टलगायतका कार्यक्रमहरू सञ्चालन हुनेछन्। देशभरिबाट अहिलेसम्म ३ सय जनाभन्दा बढीले ट्यालेन्ट हन्टका लागि नामवली दर्ता गराएका छन्। ट्यालेन्ट हन्टमा करिब ५ सय जना खेलाडीको सहभागिता हुने एकेडेमीले जनाएको छ।

ट्यालेन्ट हन्टबाट उत्कृष्ट १० जना खेलाडीलाई छनोट गरी एक वर्षका लागि निशुल्क प्रशिक्षण तथा विभिन्न प्रतियोगितामा सामेल गराउने उद्देश्य रहेको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने कार्निभलमा ५० हजारले अवलोकन गर्ने अपेक्षा आयोजकले लिएको छ।

## बाइल्स पनि यौन शोषणमा

वासिंगटन, (एजेन्सी)

ओलम्पिक गेम्समा ४ स्वर्ण जितेकी स्टार जिमनास्ट सिमोन बाइल्सले पन अमेरिकी टिमका पूर्वडाक्टरविरुद्ध मुख खोलेकी छन्। २० वर्षीया बाइल्सले लेरी नासरले विशेष उपचार दिने बहानामा उनको यौन दुर्व्यवहार गरेको बताइन्। बाइल्स २०१६ रियो ओलम्पिकमा स्वर्ण जित्ने अमेरिकी टोलीका सदस्य हुन्। उनीभन्दा अगाडि गेबी डगलस, एली रेसमेन र मेककायला मारोनीसमेत कयौं महिला खेलाडीले नासरमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएका थिए।

लामो समयसम्म अमेरिकाको महिला जिमनास्ट टोलीका डाक्टर रहेका नासरमाथि उपचार गर्ने बहानामा १ सयभन्दा बढी महिला खेलाडीको यौन शोषण गरेको आरोप लागेको छ। अमेरिकाको अदालतले गत महिना नासरलाई बालिकाहरूलाई यौन शोषण गरेको मामिलामा ६० वर्षको जेल सजायँ सुनाएको थियो।








कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ